# कुरआन र सुन्नतमा आधारित सरल आस्था

लेखक
डा. अहमद बिन अब्दुर्रहमान अल काजी

العقيدة الميسرة
من الكتاب العزيز والسنة المطهرة

أ. د. أحمد بن عبدالرحمن القاضي

الجمعية العلمية السعودية للدراسات الإسلامية
Saudi Association for Islamic Studies

लेखक
डा. अहमद बिन अब्दुर्रहमान अल काजी

# कुरआन र सुन्नतमा आधारित सरल आस्था

अनुवादक
उस्मान गनी मियाँ

संशोधक
अहमद हुसेन

بسم الله الرحمن الرحيم

अत्यन्तै करुणमयी,
परम दयालु
अल्लाहको नामबाट
सुरु गर्दछु ।

ⓗ المكتب التعاوني للدعوة والإرشاد و توعية الجاليات بالربوة، ١٤٣٩هـ
فهرسة مكتبة الملك فهد الوطنية أثناء النشر
مركز أصول العالمي
العقيدة الميسرة من الكتاب والسنة - نيبالي. / مركز أصول العالمي .-
الرياض، ١٤٣٩هـ
١٩٢ ص، ١٦ x ٢٣ سم
ردمك: ٩٧٨-٦٠٣-٨٢٢٩-٧١-٢
١ - العقيدة الإسلامية أ. العنوان
ديوي ٢٤٠ ١٤٣٩/ ٥٧٣٣
رقم الايداع : ١٤٣٩/٥٧٣٣
ردمك: ٩٧٨-٦٠٣-٨٢٢٩-٧١-٢

# विषय सूची


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| 1 | भूमिका | 7 |
| 2 | कुरआन र सुन्नतमा आधारित सरल आस्था | 11 |
| 3 | अल्लाहमाथि आस्था | 13 |
| 4 | फरिश्तामाथि आस्था | 49 |
| 5 | ग्रन्थमाथि आस्था | 57 |
| 6 | ईशदूतमाथि आस्था | 63 |
| 7 | आखिरत अर्थात परलोकमाथि आस्था | 67 |
| 8 | भाग्यमा आस्था | 73 |
| 9 | ईशग्रन्थ कुरआन | 77 |
| 10 | ईमानको वास्तविकता | 81 |
| 11 | इमामत तथा जमाअत | 87 |
| 12 | सहाबा | 89 |
| 13 | औलिया | 93 |
| 14 | इस्लामी नीतिनियमको मूल आधार | 95 |
| 15 | अकीदालाई पूर्णता दिने केही कुराहरु | 97 |
| 16 | धर्म र मार्ग | 99 |

# भूमिका

सम्पूर्ण प्रशंसाका मालिक उनै अल्लाह हुन् । उनैको हामी प्रशंसा गर्छौं, उनैसँग मदत माग्छौं, उनैसँग क्षमायाचना गर्छौं, हाम्रो कुचेष्टा तथा हाम्रा कुकर्महरुबाट उनैको शरण लिन्छौं । जसलाई अल्लाहले मार्गदर्शन गर्छन् उसलाई कसैले पथभ्रष्ट गर्न सक्दैन । जसलाई उनले पथभ्रष्ट गरिदिन्छन् कसैले उसलाई मार्गदर्शन गर्न सक्दैन ।

म गवाही दिन्छु कि एक अल्लाह बाहेक कोही सत्य पूज्य छैन । कोही पनि उनको साभ्की छैन । अल्लाहको भनाइ छ : उनै हुन् जसले उम्मीहरूबीच एक रसूल स्वयं उनीहरूमध्येबाट नै पठाए जसले उनीहरूलाई आयतहरू पाठ गरेर सुनाउँछन्; उनीहरूलाई शुद्धिकरण गर्छन् र उनीहरूलाई किताब तथा तत्वदर्शिताको शिक्षा दिन्छन् । जबकि यसअघि उनीहरू प्रस्ट पथभ्रष्टतामा थिए । (सूरह जुमुअह : २)

म गवाही दिन्छु कि मोहम्मद स. अल्लाहका उपासक एवं ईश्दूत हुनुहुन्छ । अल्लाहको भनाइ छ : निस्सन्देह अल्लाहले आस्थावानहरूमाथि ठूलो उपकार गरे; जब उनीहरूमाभ्क उनीहरूमध्येबाटै एउटा यस्तो रसूल (ईशदूत) पठाए जो उनीहरूलाई अल्लाहका आयत (श्लोक) हरू पढ़ेर सुनाउँछन; उनीहरूलाई शुद्ध पार्छन् र उनीहरूलाई ईश-ग्रन्थ एवं तत्वदर्शिताको शिक्षा दिन्छन् । यथार्थमा तिनीहरू यसअघि स्पष्ट पथभ्रष्टतामा थिए । (सूरह आले इमरान : १६४)

अल्लाहले मानवलाई अंधकारबाट उज्यालोतर्फ ल्याउन र कुमार्गबाट सुमार्गतर्फ मार्गदर्शित गर्न आफ्नो ईश्दूत मोहम्मद स.लाई मार्गदर्शन तथा सत्य मार्ग दिएर पठाए । किनभने अल्लाहको मार्गदर्शनबाट नै मानवको मनलाई शान्ति मिल्ने गर्छ, मानव मन प्रफुल्ल हुन्छ । अल्लाहको मार्गदर्शन भनेको लाभकारी ज्ञान हो, त्यो नै सत्यमार्ग हो र सत्य कर्म पनि त्यही हो । यी दुईटा आधारमा नै मानवको स्वच्छ जीवन स्थापित हुन सक्छ ।

अल्लाहले आफ्नो ग्रन्थ कुरआनलाई मानवका निम्ति आवश्यक पर्ने कुराहरु जस्तै आस्था, उपासना, मानवका आपसी मामिलाहरु, आचरण लगायत सबै कुराहरुका लागि पूर्णरुपमा जमानी बनाइदिएका छन् ।

अल्लाहका संदेष्टाले त्यसको राम्रो व्याख्या पनि गरिदिनु भएको छ । ईश्दूतले भन्नुभयो : सुन, मलाई किताब दिइएको छ र त्यसको साथमा त्यति नै अरु कुराहरु पनि दिइएको छ । (अबू दाऊद)

इस्लामी आस्था इस्लाम धर्मको आधार हो । इस्लामी शक्तिको रहस्य पनि यही हो । पूर्ण धर्ममा आस्थाको प्रदर्शन पनि हुन्छ । यसका केही विशेषताहरु यस प्रकार छन् :

१, एकेश्वरवाद : उपासनाको हकदार एक अल्लाहलाई मात्र मान्नु र अनुशरणको पात्र ईश्दूतलाई मात्र मान्नु ।

२, इस्लामी आस्था अटल छ ।

३, इस्लामी आस्था प्रकृति अनुरुप छ ।

४, इस्लामी आस्था मानव विवेक अनुरुप छ ।

५, इस्लामी आस्थाको आपसमा अन्तरसम्बन्ध छ ।

६, इस्लामी आस्था मध्यमार्गी आस्था हो ।

इस्लामी आस्थाको फाइदाहरु यस प्रकार छन् :

१, एक पालनहारको मात्र भक्ति र मानव तथा सृष्टिपूजाबाट मुक्ति ।

२, एक ईशदूतको अनुशरण र अन्य बिदअत तथा खुराफाती कुराहरुबाट मुक्ति ।

३, अल्लाहसँग सम्बन्ध बनाएर आत्मशान्तिको प्राप्ति ।

४, खुराफात तथा दोधारपनबाट मुक्ति ।

५, आध्यात्मिक तथा शारीरिक आवश्यकताको पूर्ति ।

मुस्लिम विद्धानहरुले इस्लामी आस्थाको महत्वलाई बुझे, यसको तालिममा आफ्नो मेहनत खर्च गरे । यस विषयमा कलम पनि चलाए र यसको विस्तृत व्याख्या पनि गरे । साथै यस विषयमा पथभ्रष्ट बिदअतीहरुको मनगढन्ते कुराहरुको जवाफ पनि दिए ।

इस्लामी आस्था न त धेरै लामो छ न धेरै छोटो । इस्लामी आस्था प्रष्ट हुनुका साथै सरल पनि छ । त्यसकारण हरेक मुस्लिम यसबाट लाभान्वित हुन सक्छन् र सलफको

आस्थाको निचोडमा पनि पुग्न सक्छन् । त्यसैले मैले यस पुस्तकको नाम कुरआन र सुन्नतमा आधारित सरल अकीदा नामाकरण गरेको छु ।

अल्लाहले यस शुभकार्यलाई केवल आफ्नो प्रसन्नता प्राप्तिको माध्यम बनाउन् र पाठकवर्गका लागि लाभदायक बनाउन् ।

डा. अहमद बिन अब्दुर्रहमान अल् काजी

कुल्लियतु अश्शरीअत वल् दिरासात अल इस्लामीया

अकीदा शास्त्र विभाग

अल् कसिम युनिभर्सिटी

# कुरआन र सुन्नतमा आधारित सरल आस्था

इस्लामी आस्थाको आधार भनेको अल्लाहमाथि आस्था राख्नु, उनका फरिश्ताहरुमाथि आस्था राख्नु, उनका ग्रन्थहरुमाथि आस्था राख्नु, उनका दूतहरुमाथि आस्था राख्नु, प्रलोकमाथि आस्था राख्नु र राम्रो तथा नराम्रो भाग्यमाथि आस्था राख्नु हो । तसर्थ अल्लाहको भनाई छः बरु सत्कर्म यो हो कि मानिसहरू अल्लाह, आख़िरतको दिन, फ़रिश्ताहरू, ईश-ग्रन्थ तथा नबी (सन्देष्टा) हरूमाथि आस्थावान होऊन् । (सूरह बकरह : १७७)

एक अर्को ठाउँमा भनिएको छ : यिनीहरू सबै अल्लाह, उनका फ़रिश्ताहरू, उनका ग्रन्थहरू एवं उनका रसूल (ईशदूत) हरूमाथि आस्थावान भए । (सूरह बकराह : २८५)

एक अर्को ठाउँमा भनिएको छ : हे ईमानवालाहरू हो ! अल्लाहमाथि, उनका रसूलमाथि, उनले आफ्ना रसूल (मुहम्मद स.) माथि अवतरण गरेको ग्रन्थमाथि र यसभन्दा पूर्व अवतरण गरेको ग्रन्थमाथि ईमान ल्याऊ र जसले अल्लाह, उनका फ़रिश्ता, उनका किताब, उनका रसूलहरू र आखिरतको दिनको इन्कार गऱ्यो ऊ पथभ्रष्टतामा धेरै पर पुग्यो । (सूरह निसा : १३६)

एक अर्को ठाँउमा भनिएको छ : हामीले प्रत्येक वस्तु एउटा निर्धारित रूपमा सृष्टि गरेका छौं । (सूरह कमर : ४९)

ईशदूत मोहम्मद स.सँग फरिश्ता जिब्रइलले ईमान अर्थात आस्थाको बारेमा प्रश्न गर्दा उहाँले जवाफमा भन्नुभएको थियो : तिमीले अल्लाह, उनका फरिश्ताहरु, उनका ग्रन्थहरु, उनका दूतहरु, प्रलोक र राम्रो तथा नराम्रो भाग्यमाथि आस्था राख । (हदीस संग्रह : मुस्लिम)

# अल्लाहमाथि आस्था

## अल्लाहको अस्तित्वमा आस्था :

अल्लाहमाथि आस्था भनेको अल्लाहको अस्तित्व छ भनी दृढ विश्वास गर्नु हो । अल्लाह नै सम्पूर्ण वस्तुको पालनकर्ता हुन् । उपासनाको असल हकदार पनि उनी मात्र छन् । उनी हरेक किसिमका गुणहरुबाट पूर्ण र दोषबाट पवित्र छन् ।

अल्लाहमाथि आस्थामा राख्दा चार वटा कुराहरु हुनु पर्छ ।

पहिलो : अल्लाहको अस्तित्व सर्वसत्य हो । ईशग्रन्थ कुरआनमा भनिएको छ : यो यस कारणले कि अल्लाह नै नितान्त सत्य हुन् र उनलाई छोडी तिनीहरूले जुन चिजलाई पुकार्छन् त्यो असत्य हो । र, निश्चय नै अल्लाह सर्वोच्च तथा महान् छन् । (सूरह हज :६२)

अल्लाहको अस्तित्वमा शंका गर्नु पनि मिथ्या एवं इन्कार हो । ईश्ग्रन्थ कुरआनमा भनिएको छ : तिनीहरूका रसूलहरूले भने- "के तिमीहरूलाई आकाशहरू तथा धर्तीका सृष्टिकर्ता अल्लाहको बारेमा सन्देह छ ? उनी त तिमीहरूलाई तिम्रा पापहरूलाई क्षमा गर्न र एउटा निर्धारित समयसम्म अवसर प्रदान गर्न बोलाउँदैछन् ।" (सूरह इब्राहीम : १०)

अल्लाहको अस्तित्वलाई नकार्नु अंहकारीपन, अत्याचार र कुफ्र हो । ईश्ग्रन्थ कुरआनमा भनिएको छ : मूसाले भने- "तिमीलाई थाहा छ कि यी स्पष्ट निशानीहरू केवल आकाशहरू तथा धर्तीका रबले (तिम्रो) चमत्कारकारूपमा अवतरण गरेका छन् र मेरो विचारमा, हे फिरऔन ! तिमी विनाश भएका व्यक्ति हौ ।" (सूरह इस्रा :१०२)

एक अर्को ठाउँमा भनिएको छ : फ़िरऔ़नले भन्यो- "सम्पूर्ण जगत्का रब को हुन् त ?" मूसाले भने- "जुन आकाशहरू, पृथ्वी र दुबैबीच रहेका सम्पूर्ण चिजहरूका रब (पालनकर्ता) हुन्, यदि तिमीहरू विश्वास गर्छौ भने ।" फ़िरऔ़नले आफ्ना भारदारहरूलाई भन्यो- "के तिमीहरू सुनिरहेका छैनौ ?" मूसाले भने- "तिमीहरूका पालनकर्ता र तिम्रा पूर्वजहरूका पालनकर्ता !" फ़िरऔ़नले भन्यो- "तिमीहरूका रसूल (इशदूत) जो तिमीहरूतर्फ पठाइएको छ त्यो त वास्तवमा उन्मादी रहेछ ।" मूसाले भने- "जो पूर्व,

पश्चिम र ती दुबैबीच रहेका सम्पूर्ण चिजका मालिक हुन्, यदि तिमीहरूको बुद्धि छ भने ।" फ़िरऔ़नले भन्यो- "यदि तिमीले मबाहेक अन्य कसैलाई उपास्य बनायौ भने म तिमीलाई निश्चय नै बन्दी बनाउनेछु ।" (सूरह शुअरा २३–२९)

अल्लाहको अस्तित्वलाई दर्शाउने केही प्रमाणहरु यसप्रकार छन् :

आदमको सन्तान मानवको जन्म नैसर्गिक स्वभावमा हुनु । ईशग्रन्थ कुरआनमा भनिएको छ : अतः (हे नबी !) एकाग्र भई यस धर्मतर्फ उन्मुख होऊ; त्यस प्रकृतिमाथि कायम होऊ जसमा अल्लाहले मानिसहरूको सृष्टि गरेका छन् । अल्लाहले बनाएको संरचनामा कुनै फेर बदल हुन सक्दैन । यो बिल्कुल सीधा र ठीक धर्म हो । तर अधिकांश मानिसहरू जान्दैनन् । (सूरह रुम : ३०)

ईश्दूत मोहम्मद स.ले भन्नुभएको छ : कुनै पनि बच्चा आफ्नो स्वभावमा जन्मन्छ तर उसको बाउले उसलाई यहूदी बनाउछ कसैले उसलाई इसाई बनाउछ भने कसैले उसलाई अग्नीपूजक बनाउछ । (हदीस संग्रह बुखारी)

एक अर्को हदीसमा भनिएको छ : कुनै पनि बच्चा जो जन्मन्छ ऊ आफ्नो स्वभावमा अनुसार जन्मन्छ ।

एक अर्को हदीसमा भनिएको छ : कुनै पनि बच्चा जसको जन्म हुन्छ ऊ आफ्नो समुदाय बमोजिम जन्मन्छ । यहाँसम्म कि उसले उसको समुदायको बारेमा बोल्छ । एक अर्को हदीसमा भनिएको छ : कुनै पनि बच्चा प्रकृतिमा जन्मन्छ यहाँसम्म कि उसले त्यसको बारेमा बोल्छ ।

हरेक प्राणी आफ्नो असली स्वभावमा जीवित रहन्छ जसले आफूभित्र अल्लाहको अस्तित्वलाई स्वीकारेको हुन्छ । तर स्वभावलाई खराब गर्ने कुराहरुले त्यसमा प्रभाव पार्दछन् । ईशदूत मोहम्मद स.ले भन्नुभएको छ : अल्लाहको भनाइ छ : मैले मेरा सम्पूर्ण भक्तजनहरुलाई एकाग्रही बनाएर पैदा गरे । तर शैतान उनीहरुमा आउँछ र उनीहरुलाई धर्मबाट पथभ्रष्ट गरिदिन्छ । (हदीस संग्रह मुस्लिम)

कहिलेकाहीं स्वभावमा शंका तथा यौन चाहनाको पर्दा पर्दछ तर त्यो पनि दुख र संकटको घडीमा आफ्नो असली रुपमा देखा पर्छ । अल्लाहको भनाइ छ :

अनि जब यिनीहरू डुङ्गामा सवार हुन्छन् तब आस्थालाई अल्लाहकैलागि विशिष्ट गरी उनलाई नै पुकार्दछन् । जब उनले तिनीहरूलाई बचाएर जमीनसम्म पुऱ्याइदिन्छन् तब तत्कालै तिनीहरू शिर्क गर्न थाल्छन्. । (सूरह अन्कबुत : ६५)

स्वभाव शंका तथा यौनजन्य कुराबाट स्वच्छ तथा पवित्र हुन्छ । यसले के कुरा प्रष्ट पार्छ भने सृष्टिको लागि श्रष्टाको हुनु आवश्यक हुन्छ । श्रष्टा बिना संयोगले कुनै कुरा उत्पन्न हुनु असम्भव कुरा हो । अनस्तित्वले कुनै अस्तित्वलाई जन्म दिन पनि सक्दैन । त्यसकारण कुनै श्रष्टा हुनु जरुरी छ र त्यो श्रष्टा अल्लाह हो ।

एक जना सहाबी जुबैर बिन मुतइम ईशदूत मोहम्मद स.कहाँ बदरको युद्धमा कैद गरिएका कैदीहरुलाई जरिमाना तिरेर छुटाउन भनी आउँदा त्यति बेला उनी काफिर नै थिए । उनले ईशदूत मोहम्मद स.लाई कुरआनको सूरह तूर पाठ गरेको सुने । जब ईशदूतले त्यो सूरह पाठ गर्दै जानुभयो र निम्न श्लोकमा पुग्नु भयो : के त्यसलाई अदृश्य वास्तविकताको ज्ञान छ कि ऊ (त्यसलाई) देख्दैछ । के त्यसलाई अवगत गराइएको छैन जुन मूसाको ग्रन्थमा छ र इब्राहीमको ग्रन्थमा पनि जसले पूर्णरूपमा आदेशको पालना गरे । (सूरह तूर :३५–३७)

सहाबीले भन्छन् : त्यो श्लोक सुनेर मेरो दिल उड्छ कि जस्तो भयो । (हदीस संग्रह बुखारी) उनको मनमा ईमान प्रवेश गरेको त्यो नै पहिलो घडी थियो ।

मानव बुद्धिले पनि यो कुरा स्पष्ट रुपमा प्रमाणित गरेको छ । एक जना अज्ञान कालका अरबी प्रवचक कैस बिन सायदा इयादले भन्यो : उँटको पाइलाले उँट गएको कुरा जनाउँछ, कुनै कुराको पाइलाहरुले कुनै वस्तु हिँडेको कुरा बताउँछ । उच्च आकाश तथा विशाल धर्तीले के यसको श्रष्टा छ भन्ने कुरा प्रष्ट पार्दैन र ? अल्लाहको भनाइ छ : हामी चाँडै नै तिनीहरूलाई (जगत्का) क्षितिजमा र तिनीहरू स्वयंभित्र पनि आफ्ना निशानीहरू देखाउनेछौं यहाँसम्म कि यो कुरआन नितान्त सत्य हो भन्ने कुरा तिनीहरूसमक्ष स्पष्ट हुनेछ । (सूरह फुस्सेलत : ५३)

यसका प्रमाण स्वरुप विभिन्न कुराहरु छन् जस्तैः ईश्दूतहरुको निशानीहरु, धार्मिक व्यक्ति अथवा वलीहरुको चमत्कार तथा दुआ गर्नेहरुको दुआको स्वीकारोक्ति आदि । अल्लाहको भनाइ छ : अनि उनले आफ्ना पालनकर्तालाई पुकारे- “म दबाइएँ; अतः

यिनीहरूसित बदला लेऊ।" अनि हामीले मुसलधारे वर्षाकोनिम्ति आकाशका द्वार खोलिदियौं र, पृथ्वीमा मूलहरू फुटायौं। अनि त्यो काम पुरा गर्न पानी जम्मा भयो जसको फैसला भइसकेको थियो। र, नूहलाई हामीले तख्ता तथा काँटीद्वारा निर्मित (डुँगा) मा सवार गरायौं। जुन (डुङ्गा) हाम्रो आँखासामुन्ने चलिरहेको थियो। यो बदला थियो त्यसको लागि जसलाई इन्कार गरिएको थियो। (सूरह अल् कमर : १०–१४)

एक अर्को ठाउँमा भनिएको छ : अनि हामीले मूसालाई वह्य (आदेश) गर्‍यौं- "आफ्नो लट्ठी नदीमा हिर्काऊ।" अनि नदी फाट्यो र त्यसको प्रत्येक अंश ठूलो पहाड जस्तो हुन पुग्यो। र, हामीले दोस्रो समूहलाई त्यहाँ पुर्‍याइ दियौं। अनि हामीले मूसा र उनीसँग रहेका सबैलाई बचायौं। र, अरू सबैलाई नदीमा चुर्लुम्म डुबायौं। निस्सन्देह यसमा ठूलो निशानी रहेको छ। तर तिनीहरूमध्ये अधिकांश ईमान ल्याउने वाला छैनन्। (सूरह शुअरा :६३–६७)

एक अर्को ठाउँमा भनिएको छ : उनी इसराईलका सन्तानहरूका निम्ति ईशदूत हुनेछन्। (ईशदूत भएर इसराईलका सन्तानहरूकहाँ आएपछि उनले भने) - "म तिमीहरूसमक्ष तिम्रा पालनकर्ताको तर्फबाट एउटा चमत्कार लिएर आएको छु। म तिमीहरूसमक्ष माटोबाट चरा जस्तो एउटा आकृति बनाएर त्यसमा फुक्नेछु अनि त्यो अल्लाहको आज्ञाले चरा भइहाल्नेछ। र, म अल्लाहको आज्ञाले अन्धा एवं कुष्ठ रोगीहरूलाई निरोगी तुल्याउनेछु अनि अल्लाहकै अनुज्ञाले मृतहरूलाई जीवित पार्नेछु र, म तिमीहरूलाई बताउनेछु जुन तिमीहरू खान्छौ अनि जुन तिमीहरू आफ्ना घरहरूमा जोगाएर राख्छौ। यदि तिमीहरू आस्थावान हौ भने निश्चय नै यसमा तिमीहरूका निम्ति निशानी छ। (सूरह आले इमरान : ४९)

त्यो उदाहरण हाम्रा ईशदूत मोहम्मद स.को लागि पनि बयान गरियो। अनस बिन मालिक द्वारा वर्णन गरिएको छ, उनी भन्छन् : शुक्रबारको दिन एक जना व्यक्ति मस्जिदे नबवीको न्याय गर्ने ठाउँको ढोकाबाट प्रवेश गर्‍यो ईशदूत जुमाको खुत्बा दिइरहनु भएको थियो। उसले खडा भएर ईशदूतसँग भन्यो , हे ईशदूत : जनावरहरु मरिरहेका छन्, बाटोघाटो बन्द भएका छन्। अल्लाहसँग वर्षाको लागि प्रार्थना गरिदिनु। ईशदूतले आफ्नो दुवै हात उठाएर दुआ गर्दै भन्नुभयो : हे अल्लाह वर्षा वर्षाऊ हामीलाई वर्षा देऊ, हाम्रो लागि वर्षा वर्षाऊ। अनस भन्छन् : अल्लाहको कसम, आकाशमा कतै पनि

बादल थिएन, सुलअ पहाडबीच कुनै घर पनि थिएन । त्यति बेलै पहाडको पछाडिबाट बादल आयो अनि चारैतिर फैलिएर र वर्षन थाल्यो । अनस भन्छन् : अल्लाहको कसम त्यसपछि हामीले एक हप्तासम्म घाम पनि देखेनौं । दोस्रो शुक्रबार एक अर्को व्यक्ति मस्जिदमा त्यसै ढोकाबाट प्रवेश गऱ्यो । ईशदूतले खुत्बा दिइरहनु भएको थियो । उसले खडा भएर भन्यो : हे ईशदूत, बढी वर्षाका कारण जनावर मर्दै छन् । बाटाहरु पनि बन्द छन् । अल्लाहसँग वर्षा रोकिनको लागि दुआ गरिदिनु । ईशदूतले दुवै हात उठाएर दुआ गर्नुभयो : हे अल्लाह हाम्रो क्षेत्रमा जहाँ पानीको आवश्यकता छ त्यहाँ वर्षा वर्षाऊ र हामीमाथि न वर्षाऊ । हे अल्लाह, पहाड तथा खोलानाला र खेतमा पानी वर्षाऊ । त्यो दुआपछि वर्षा रोकियो । हामी मस्जिदबाट बाहिर निस्कदा वर्षा बन्द भइसकेको थियो र घाम पनि लागिसकेको थियो । (हदीस संग्रह बुखारी र मुस्लिम)

अल्लाहको भनाइ छ : (के ती साझेदारहरू उत्तम छन्) वा उनी (उत्तम छन्) जसले व्याकुलको सुन्दछन् जब उसले उनलाई पुकार्दछ ? र, जसले उसको सङ्कट निवारण गर्छन् अनि जसले तिमीहरूलाई धर्तीमा उत्तराधिकारी बनाउँछन् ? (सोच) के अल्लाहकासाथ कोही अन्य पूज्य पनि छन् त ? बरु तिमीहरू कमै विचार गर्छौ । (सूरह नमल : ६२)

ईशदूतहरुको निशानी, प्रार्थना गर्नेहरुको पुकारको सुन्वाइ, दुखिहरुको मदत लगायत महसुस गर्न सकिने विभिन्न प्रमाणहरुले प्रार्थना सुन्नेवाला, ईश्दूतलाई निशानी पठाउने वाला, दुखिको मदत गर्नेवाला कोही छ भन्ने कुरा प्रष्ट बुझिन्छ । ईशग्रन्थमा यसका प्रमाणहरु ।

अल्लाहको भनाइ छ : के तिनीहरू कुरआनमाथि सोचविचार गर्दैनन् ? यदि यो अल्लाहबाहेक अन्य कसैको तर्फबाट आएको भए तिनीहरूले यसमा धेरै विरोधाभासहरू पाउने थिए । (सूरह निसा : ८२)

एक अर्को ठाउँमा अल्लाहको भनाइ छ : हे मानवजाति ! तिमीहरूसमक्ष तिम्रा पालनकर्ताको तर्फबाट स्पष्ट प्रमाण आइसकेको छ र हामीले तिमीहरूतर्फ स्पष्ट प्रकाश अवतरित गरिसकेका छौं । (सूरह निसा : १७४)

एक अर्को ठाउँमा अल्लाहको भनाइ छ : हे मानव हो ! तिमीहरूसमक्ष तिम्रा पालनकर्ताकोतर्फबाट उपदेश, हृदयमा भएका रोगको उपचार र मान्नेहरूकालागि मार्गदर्शन तथा दया आइपुगेको छ। (सूरह यूनुस : ५७)

एक अर्को ठाउँमा अल्लाहको भनाइ छ : के उनीहरूका लागि यो पर्याप्त छैन कि हामीले तिमीमाथि यस्तो ग्रन्थ अवतरित गरेका छौं जुन तिनीहरूसमक्ष पढेर सुनाइन्छ ? निश्चय नै त्यसमा आस्था राख्नेहरूकालागि दया र उपदेश छन्। (सूरह अन्कबुत : ५१)

ईश्ग्रन्थ कुरआन, सही आस्था, स्वच्छ नियम, उच्च आचरणले यी सम्पूर्ण कुराहरु अल्लाहबाट संचालित भइरहेको कुरा जनाउँदछ। यी कुराहरु अल्लाहको सिवाय अरु कुनै प्राणीबाट संचालित हुन सक्दैन। त्यसै कारणले आदमका सन्तानले अल्लाहको अस्तित्वलाई नकार्न सक्दैनन्। केही नास्तिकहरुले मात्र यसलाई नकारेका छन्। अल्लाहको अस्तित्वलाई नकार्ने केही नास्तिक जमाअत निम्न लिखित छन् :

दहरिया : दहरियाहरुले संसारको अस्तित्व र यो अविनाशी छ भन्ने कुरा मान्दछन्। यिनीहरु अहिलेका नास्तिक हुन्। दहरियाको धारणालाई अल्लाहले यसरी बयान गरेका छन् : र, यिनीहरू भन्छन्- "जीवन केवल यही सांसारिक जीवन हो जहाँ हामी जीउने र मर्ने गर्छौं। र, समयचक्रले मात्र हामीलाई मार्दछ। यिनीहरूलाई यसको ज्ञान छैन। यिनीहरू केवल अड्कल गर्छन्। (सूरह जासिया : २४)

उनीहरुको धारणा छ : संसार आफै चलिरहेको छ, सदाबाट छ र सदा रहने छ। उनीहरु भन्छन् : मानिसले जीवनमा आफ्नो पेट भर्ने हो अनि उसलाई धर्तीले खान्छ। यसरी हामी मानवलाई जमानाले नै नाश गर्नेछ। उनीहरुले प्राणीलाई श्रष्टा विनाको सृष्टि बनाए। अल्लाहले उनीहरुको धारणालाई नकार्दै भनेका छन् : उनीहरुलाई त्यस बारे केही ज्ञान छैन। न त उनीहरुसँग बुद्धि छ, न त कुनै प्रमाण छ, न त कुनै चेतना छ, न त कुनै स्वभाव छ। उनीहरुको कुरा त केवल एउटा भ्रम एवं असत्य कुरा हो।

प्रकृतिवादी : उनीहरु भन्छन्, संसार त केवल प्राकृतिक घटना हो। अर्थात बोट बिरुवा, जनावर एवं भुगर्व र त्यसका विविध विशेषताहरुले भरिएको स्वरुप हो। त्यसमा हुने हलचल एंव प्रक्रिया आफैमा निहित छ। कुरआनमा उनीहरुको धारणालाई खण्डन गर्दै भनिएको छ : के यिनीहरूको सृष्टि विना आधार नै भएको ? वा यिनीहरू आफैं स्रष्टा हुन् ? (सूरह तूर :३५)

प्रकृतिमा नै अविष्कार आधारित हुन्छ जुन पूर्णतया अचेतन हुन्छ। त्यो त बहिरो, लाटो र अन्धो हुन्छ। त्यसमा कुनै पनि चेतना हुँदैन। त्यस कारण त्यसले कसरी प्राणीलाई जीवित गर्न सक्छ ? कसरी सुन्न सक्छ , कसरी देख्न सक्छ ? कसरी बोल्न सक्छ ? कसरी चेतनशील बन्न सक्छ ? कसरी दुख र आशाको अनुभूति गर्न सक्छ ? अचेतन वस्तुले उसलाई केही दिन सक्दैन।

प्सोरिअटिकः उनीहरु भन्छन्, संसार त केवल संयोगबाट बनेको हो। अर्थात कण तथा तत्वहरु जम्मा भएर बनेको हो। संसार संयोगले जाहिरी जीवनमा देखिएको हो। विभिन्न किसिमका प्राणीहरु कुनै योजना विना नै बनेका हुन्। यस किसिमको दावी नै यसको धारणालाई तुहान पर्याप्त छ। तसर्थ सृष्टिको यथार्थता एवं यसको शान्दार व्यवस्थापन र नियमित रुपमा संचालित हुने कुरा र सन्तुलित वायुले संयोगको दावीलाई काट गर्दछ। अल्लाहले यस्तो धारणाको खण्डन गर्दै भनेका छन् : यो अल्लाहको सृष्टि हो जसले प्रत्येक चिजलाई सुदृढ तुल्याएका छन्। (सूरह नमल :८८)

एक अर्को ठाउँमा भनेका छन् : अल्लाह नै हुन् जसले सृष्टिगरे सातवटा आकाशहरू र त्यति नै पृथ्वी पनि। यिनीहरूबीच आदेश अवतरण हुन्छन् ताकि तिमीहरू जान कि अल्लाह हरेक कुराको सामर्थ्य राख्दछन् अल्लाहले प्रत्येक चिजलाई आफ्नो ज्ञानको परिधिमा लिएका छन्। (सूरह तलाक :१२)

कम्युनिष्ट : उनीहरु कार्ल माक्सका अनुयायीहरु हुन्। उनीहरु भन्छन् : ईश्वर छैन। जीवन एउटा भौतिक वस्तु हो। उनीहरुले आफ्नो राष्ट्रहरुलाई यस्तो गलत धारणाको आधारमा सोवियत संघको नामले स्थापित गरेका थिए। तर छोटो समयमा नै उनीहरुको यस्तो धारणा गलत सिद्ध भयो र उनीहरु विभिन्न राज्यमा विघटित भए।

इतिहासका चर्चित व्यक्तिहरु :

फिरऔन : उसले ईश्वरको नै इन्कार गरेको थियो। उसको धारणालाई इंकित गर्दै कुरआनले भनेको छ : जगतको कुनै पालनहार छैन। (सूरह शुअरा :२३)

त्यसपछि उसले आफूलाई नै ईश्वरको दावी गऱ्यो। त्यसलाई पनि कुरआनले यसरी बयान गरेको छ : म नै सर्वश्रेष्ठ पालनहार हुँ। (सूरह नाजियात :२४)

त्यसपछि पूर्ण दृढताका साथ  आफूलाई नै पूज्य ठान्यो । त्यसको पनि कुरआनले यसरी चित्ररण गरेको छ : म बाहेक तिमीहरुको कोही अन्य ईश्वर छ भन्ने मलाई लाग्दैन । (सूरह कसस : ३८) फिरऔनले ईशदूत मूसालाई पनि धम्की दिदै भन्यो । त्यसको चित्रण अल्लाहले यसरी गरेका छन् : मलाई बाहेक अरु कसैलाई ईश्वर मान्यौ भने म तिमीलाई जेल हाल्छु । (सूरह शुअरा :२९)

नमरुदः ऊ पनि एकजना चर्चित व्यक्ति थियो । उसले अल्लाहको बारेमा ईशदूतसँग झगडा गऱ्यो । अल्लाहले त्यसको चित्रण पनि यसरी गरेका छन् : जब इब्राहीमले भने- “मेरा पालनकर्ता ती हुन् जसले जीवन तथा मृत्यु दिन्छन् ।” तब उसले भन्यो- “म पनि जीवन तथा मृत्यु दिन्छु ।” इब्राहीमले भने- “अल्लाहले सूर्यलाई पूर्वबाट उदय गराउँछन्; तिमीले पश्चिमबाट उदय गराएर देखाऊ ।” अनि त्यो काफ़िर आश्चर्य चकित भयो । र, अल्लाहले अत्याचारी समुदायलाई मार्गदर्शन दिंदैनन् ।  (सूरह बकराह :२५८)

उनीहरु सबै आफ्नो असल स्वभाव विपरीत गए । आफ्नै स्वभावलाई इन्कार गरे । अल्लाहले उनीहरुको यस कुविचारलाई यसरी बयान गरेका छन् : र, तिनीहरूले अत्याचार तथा अहङ्कारले गर्दा ती चमत्कारहरूलाई अस्वीकार गरे जबकि तिनीहरूका आत्मा तिनीहरूप्रति विश्वस्त थिए । अतः हेर, कस्तो भयो  विध्वंसकारीहरूको परिणाम । (सूरह नमल :१४)

उनीहरुको यस संसारमा न त कुनै स्थान रहयो न उनीहरु अविनाशी बन्न सके ।

## अल्लाहको रुबूवियतमा आस्था

रुबूवियतमाथि आस्था भनेको यो विश्वास गर्नु कि एक अल्लाह नै प्रभू हुन् उनी नै श्रष्टा हुन्, मालिक पनि उनी नै हुन् र निर्देशक पनि उनी नै हुन् । रब को अर्थ नै सरदार, मालिक, संचालक भन्ने हुन्छ । तसर्थ उनैले पुरा जगतको संचालन गरिरहेका छन् । अल्लाहको भनाइ छ : फ़िरऔ़नले सोध्यो “हे मूसा ! तिमी दुबैका पालनकर्ता को हुन् ? उनले भने- “जसले प्रत्येक चिजलाई त्यसको आकृति प्रदान गरे र त्यसलाई मार्ग देखाए तिनी नै हाम्रा पालनकर्ता हुन् । (सूरह ताहा :४९–५०)

सृष्टि : अल्लाह नै सम्पूर्ण वस्तुका श्रष्टा हुन् । उनी बाहेक हरेक वस्तु सृष्टि हो । अल्लाहको भनाइ छ : अल्लाह सम्पूर्ण चिजहरूका सृष्टिकर्ता हुन् र उनी हरेक वस्तुका संरक्षक हुन् । (सूरह जुमर :६२)

एक अर्को ठाउँमा भनिएको छ र, उनले प्रत्येक चिज सृष्टि गरे र त्यसलाई राम्रोसँग निर्धारित गरे । (सूरह फुरकान :२)

कुनै पनि सृष्टि भएको वस्तुलाई उनी बाहेक अरुसँग जोडियो भने त्यो केवल सापेक्षी सृष्टि हुन्छ । सापेक्षी सृष्टि भनेको कुनै वस्तुको गठन गर्नु , जोडनु सम्पादन गर्नु तथा अनुमान गर्नु आदि हो । यसको अर्थ अनस्तित्वबाट अस्तित्वमा ल्याउनु भन्ने हुँदैन ।

स्वामित्व : अल्लाह नै स्वामी हुन्, उनी बाहेक सबै उनका भक्त हुन् । अल्लाहको भनाइ छ : आकाशहरू एवं पृथ्वीमा अल्लाहकै शासन रहेकोछ र अल्लाह सम्पूर्ण कार्यको सामर्थ्य राख्दछन् । (सूरह आले इमरान :१८९)

एक अर्को ठाउँमा भनिएको छ : प्रार्थना गर- “हे अल्लाह ! राज्यका स्वामी ! तिमी जसलाई चाहन्छौ राज्य प्रदान गर्दछौ एवम् जसबाट चाहन्छौ राज्य खोस्दछौ (सूरह आले इमरान :२६)

एक अर्को ठाउँमा भनिएको छ : न उनको सत्तामा कोही साझेदार नै छ र न दुर्बलताका कारण उनका कोही सहयोगी छ । (सूरह इस्रा :१११)

एक अर्को ठाउँमा भनिएको छ : अल्लाह नै तिमीहरूका पालनकर्ता हुन् र साम्राज्य उनकै हो । र, अल्लाह बाहेक तिमीहरूले जसलाई पुकार्छौ तिनीहरू एउटा खजूरको बीऊको बोक्रासमेतको मालिक होइनन् । (सूरह फातिर :१३)

उनी बाहेक कसैलाई मालिक भनियो भने त्यो केवल सापेक्षी हुन्छ अर्थात केही समयको लागि वा केही क्षणको लागि मात्र हुन्छ । जस्तै अल्लाहले मूसा अलै. को नातेदारमध्येको एउटा मोमिन (आस्थावान) को भनाइलाई उद्घृत गर्दै भनेका छन् : हे मेरा जातिबन्धुहरू हो ! आज तिमीहरूको शासन छ, र पो तिमीहरू धर्तीमा रवाफ देखाइरहेका छौ । यदि हामीमाथि अल्लाहको यातना आयोभने त्यसलाई पन्छाउन

हाम्रो मदत कसले गर्नेछ ? (सूरह गाफिर :२९ ) पूर्ण स्वामी केवल एक अल्लाह छन् । अल्लाहको भनाइ छ : अन्ततः धर्ती तथा धर्तीबासीहरूका उत्तराधिकारी हामी नै हुनेछौं र सबै हामीतर्फ नै फर्काइनेछन् । (सूरह मर्यम : ४०)

निर्देशक : अल्लाह नै निर्देशक हून् । उनी बाहेक सबै निर्देशन पालना गर्नेहरु हुन् । अल्लाहको भनाइ छ : भनिदेऊ सम्पूर्ण आदेश अल्लाह कै छ । (सूरह आले इमरान :१५४)

एक अर्को ठाउँमा भनिएको छ : सुन उनैको सृष्टि छ र उनैको आदेश चल्छ । सारा जगतका पालनहार बरकतवाला छन् । (सूरह आराफ : ५४)

एक अर्को ठाउँमा भनिएको छ : मामिलाहरुको फैसला भइसकेको छ र मामिलाहरु अल्लाहतर्फ नै लगिने छ । (सूरह बकराह : २१०)

एक अर्को ठाउँमा भनिएको छ : तिमीलाई यस मामिलामा कुनै अख्तियार छैन ।(सूरह आले इमरान : १२८)

उनी मात्र निर्देशक हुन् । उनी बाहेक कसैलाई निर्देशक मानियो भने त्यो केवल एउटा सापेक्षी निर्देशक हुन्छ । अल्लाहको भनाइ छ : अनि, भारदारहरूले फ़िरऔ़नकै आदेशको पालना गरे जबकि फ़िरऔ़नको आदेश सत्यतामा आधारित थिएन । (सूरह हूद :९७) त्यो एउटा सापेक्षी निर्देशन मात्र हो उसले चाहे त लागु गर्न सक्छ न चाहे त्यसलाई बदर गर्न सक्छ ।

अल्लाहको निर्देशन दुई किसिमको हुन्छ, एउटा कौनी र अर्को शरई । कौनी निर्देशन भनेको अनिवार्य रुपमा लागु हुने निर्देशन हो । त्यो अल्लाहको चाहना जस्तो हो । अल्लाहले मोहम्मद सल. लाई आफ्नो बारेमा भन्न लगाएका छन् : उनको आदेश यस्तो छ, जब उनले कुनै कुरा गर्न चाहन्छन् अनि भन्छन्, होऊ त्यो भइहाल्छ । (सूरह यूनुस :८२)

शरई निर्देशन भनेको परिक्षणको लागि वा ऐच्छिक निर्देशन हो । त्यो लागु पनि हुन सक्छ नहुन पनि सक्छ । तर सम्पूर्ण निर्देशन अल्लाहको चाहनामा आधारित छन् ।

अल्लाहको भनाइ छ : तिमीहरूमध्ये सीधा मार्गमा हिंड्न चाहनेहरूकालागि । तिमीले चाहेर केही हुने छैन जबसम्म सम्पूर्ण संसारका पालनकर्ता अल्लाहको चाहना नहोस् । (सूरह तक्वीर : २८,२९)

रुबूवियतमा सृष्टिकर्ता, स्वामी र निर्देशक जस्ता तीन वटा कुरा समिलित छन् । जीविकोपार्जनको व्यवस्था मिलाउनु, जीवित गर्नु , मार्नु, पानी वर्षाउनु, बोट विरुवा उमार्नु, हावा चलाउनु, डुंगा चलाउनु, रातलाई दिनमा र दिनलाई रातमा बदल्नु, गर्भवती बनाउनु, गर्भ स्खलन बनाउनु, रोग दिनु , रोग निको पार्नु, इज्जत दिनु र अपमान गर्नु आदि उनैको निर्देशन बाट हुन्छ । अल्लाहको रुबूवियतमाथि यस्तो आस्था हुनु मानव स्वभावमा आधारित छ । मानव विवेकले स्वीकार्दछ । ब्रम्हाण्डमा यसको अनुभुति गर्न सकिन्छ । यो कुरा ईशग्रन्थमा पनि उल्लेख छ । अल्लाहको भनाइ छ : आकाश तथा धर्तीको सृष्टिमा, रात एवं दिनको एकपछि अर्कोको आवत-जावतमा, मानिसहरूकालागि लाभदायक सामग्रीहरू लिएर समुद्रमा हिँड्ने डुङ्गाहरूमा, आकाशबाट अल्लाहले बर्साएका पानीमा जसबाट उनले मुर्दा भूमिलाई जीवित पार्छन् अनि धर्तीमा धेरै प्रकारका जीव-जन्तु फैलाउँछन् तथा हावाको बहनक्रियामा र आकाश एवं पृथ्वीबीच नियन्त्रणमा राखिएका बादलमा निश्चय नै बुद्धिमानहरूका लागि निशानीहरू छन् । (सूरह बकराह :१६४)

एक अर्को ठाउँमा भनिएको छ : तिमीले नै रातलाई दिनमा तथा दिनलाई रातमा प्रविष्ट गर्दछौ । र, तिमी निर्जीवहबाट सजीव एवं सजीवबाट निर्जीव निकाल्दछौ अनि तिमी जसलाई चाहन्छौ अनगिन्ती धन-सम्पत्ती प्रदान गर्दछौ । (सूरह आले इमरान :२७)

एक अर्को ठाउँमा भनिएको छ : अल्लाहले नै अन्नका दाना तथा खजुरको गेडालाई अंकुरित पार्छन् । उनैले निर्जीवबाट सजीवलाई तथा सजीवबाट निर्जीवलाई निकाल्छन् । यी सम्पूर्ण कार्यहरू गर्ने अल्लाह हुँदा हुँदै कता बहकिंदैछौ ? उनी बिहानी ल्याउँछन् । उनले नै रातलाई विश्रामको समय बनाए र उनले नै सूर्य तथा चन्द्रमालाई गन्तीको माध्यम बनाए । यी सबै उनै शक्तिशाली तथा सर्वज्ञले निर्धारित गरेका विधीहरू हुन् । र, उनै हुन् जसले तिमीहरूका लागि ताराहरूलाई थल तथा जलका अन्धकारहरूमा मार्ग पत्ता लगाउने साधन बनाए । र, ज्ञानीहरूका लागि हामीले निशानीहरूबारे प्रस्टसँग

बयान गरिदिएका छौं । र, उनै हुन् जसले तिमीहरूलाई एउटै ज्यानबाट सृष्टि गरे अनि सबैकालागि एउटा बस्ने ठाउँ र एउटा सुम्पिने ठाउँ छ । र, हामीले विवेकशीलका लागि निशानीहरूबारे प्रस्टसँग बयान गरेका छौं । र, उनै हुन् जसले आकाशबाट पानी बर्साए । त्यसपछि हामीले त्यसबाट धेरै किसिमका बनस्पति उब्जायौं । अनि, हामीले त्यसबाट हरिया घाँसपात तथा रुख-बिरुवाहरू उब्जायौं जसबाट झुप्पाका झुप्पा दानाहरू पैदा भए; त्यस्तै खजुरका गाभाहरूबाट झुण्डिएका झुप्पाका झुप्पा खजुर । अनि अंगुर, जैतून तथा अनारको बगैंचा बनायौं जसका फलहरू केही एक अर्कासँग मिल्दाजुल्दा र केही भिन्न भिन्न पनि छन् । सबैका फल हेर जब ती फल्छन् र जब ती पाक्छन् । निस्सन्देह यसमा आस्थावानहरूकालागि निशानीहरू छन् । (सूरह अन्आमः ९५–९९)

एक अर्को ठाउँमा भनिएको छ : अल्लाह ती हुन् जसले बिना कुनै स्तम्भ आकाशहरूलाई जस्तो तिमी देख्दैछौ, माथि उठाए र फेरि आफ्नो राजसिंहासनमा बिराजमान भए । र, उनले सूर्य तथा चन्द्रमालाई एउटा नियमित सेवामा खटाए । प्रत्येक चिज एक निर्धारित समयकोलागि कार्यरत छ । अल्लाहले सम्पूर्ण कार्य सञ्चालन गरिरहेका छन् । उनले आयतहरूलाई स्पष्ट पारेर बताउने गर्छन् ताकि तिमीहरू आफ्ना पालनकर्तासँगको भेटमा विश्वास गर । र, उनै हुन् जसले धर्तीलाई विस्तृत पारे र त्यसमा पहाड एवं नदीहरू सृजना गरे । उनैले सबै किसिमका फलका जोडा बनाए । उनले नै दिनलाई रातले छोप्दछन् । निस्सन्देह चिन्तन मनन गर्नेहरूकालागि यी सबैमा निशानीहरू छन् । र, धर्तीमा एक अर्कासित मिलेका विभिन्न प्रकारका भू-भागहरू छन्; अंगुरका बगैंचा, खेतीबाली र खजुरका बृक्षहरू छन् जसमध्ये कसैको एउटा मात्र हांगा छ र कसैका धेरै हाँगाहरू छन् । यी सबैलाई समान पानीले सिंचाइ गरिन्छ तर हामी केही फललाई धेरै स्वादिष्ट बनाइदिन्छौं र केहीलाई कम स्वादिष्ट । निस्सन्देह यसमा विवेकले काम लिने व्यक्तिहरूकालागि निशानीहरू छन् । (सूरह रअद :२–४)

एक अर्को ठाउँमा भनिएको छ : उनले नै आकाशहरू तथा धर्तीलाई सत्यको आधारमा सृष्टि गरे । उनी यिनीहरूले गर्ने शिर्कभन्दा उच्च (पवित्र) छन् । उनले मानवलाई वीर्यद्वारा सृजना गरे तर ऊ खुल्लम खुल्ला झगडालु बन्न पुग्यो । र, जनावरहरूलाई पनि उनले नै सृष्टि गरे जसबाट तिमीहरू न्यानो वस्त्र तथा अन्य फाइदा उठाउँछौ र तीमध्ये केहीलाई

खाने पनि गर्छौ । र, तिनमा तिमीहरूकोलागि सौन्दर्य रहेको छ, जब बिहान त्यसलाई चराउन लैजान्छौ र जब त्यसलाई साँझ परेपछि लिएर आउँछौ । र, तिनीहरूले तिमीहरूका भारी बोकेर यस्तो स्थानहरूसम्म पुऱ्याउँछन् जहाँसम्म तिमीहरू कठिन परिश्रम बिना पुऱ्याउन सक्ने थिएनौ । निस्सन्देह तिमीहरूका पालनकर्ता अति स्नेहशील एवं परम दयालु छन् । अनि, उनले नै घोडा, खच्चर तथा गधाहरू सृष्टि गरे ताकि तिमीहरू त्यसमा सवारी गर र यी तिम्रो जीवनको शोभा पनि बनून् । र, अल्लाह यस्ता वस्तुहरूको सृष्टि गर्छन् जसबारे तिमीहरूलाई थाहा नै छैन । सिधा मार्ग त अल्लाहसँग छ जबकि कतिपय टेढा मार्गहरू पनि छन् र अल्लाहले चाहेको भए तिमीहरू सबै लाई सत्मार्ग देखाउने थिए । उनै हुन् जसले तिम्रालागि आकाशबाट पानी बर्साए जुन तिमीहरू पिउने गर्छौ र त्यसले गर्दा उम्रेका बनस्पतिहरूमा आफ्ना पशुहरू चराउँछौ । त्यसै पानीद्वारा उनले तिमीहरूकालागि खेती, जैतून, खजूर, अंगूर र धेरै प्रकारका फलहरू उत्पन्न गर्छन् । निस्सन्देह यसमा सोचविचार गर्ने व्यक्तिहरूकालागि निशानी रहेको छ । र, उनले नै रात र दिन, सूर्य र चन्द्रमालाई तिमीहरूको सेवामा खटाएका छन् । उनकै आदेशबाट ताराहरू पनि सेवामा खटिएका छन् । निस्सन्देह यसमा विवेकशिलहरूका लागि निशानीहरू छन् । र, उनले जमीनमा नाना थरिका जे जति सृष्टि गरेकाछन्, निस्सन्देह त्यसमा पनि शिक्षा ग्रहण गर्नेहरूका लागि ठूलो निशानी छ । अनि, उनैले समुद्रलाई तिमीहरूको अधीनमा गरे ताकि तिमीहरू त्यसबाट ताजा मासु खाऊ र त्यसबाट गहना निकाल जसलाई तिमीहरू लगाउने गर्छौ । र, डुङ्गाहरूलाई पानी चिर्दै त्यसबाट अघि बढेको तिमी देख्छौ । यी सबैको उद्देश्य यो हो कि तिमीहरू आफ्ना पालनकर्ताको अनुग्रह खोजीकोलागि प्रयत्न गर र उनीप्रति कृतज्ञ बन । अनि, उनले पृथ्वीमा पहाडहरूलाई गाडे ताकि तिमीहरूसमेत नलड र नदी तथा मार्गहरू बनाए ताकि तिमीहरू बाटो पाउन सक । अनि, उनले (मार्ग बताउने) अरू चिन्हहरू राखे । र, मानिसहरू ताराहरूद्वारा पनि मार्ग पत्ता लगाउने गर्छन् । अनि के जसले सृष्टि गर्छन् उनी सृष्टि गर्न नसक्नेजस्ता हुन सक्छन् ? के तिमीहरू उपदेश ग्रहण गर्दैनौ ?

अनि, तिमीहरूले अल्लाहका वरदानहरूलाई गणना गर्न चाहे पनि गर्न सक्दैनौ । निस्सन्देह अल्लाह अति क्षमाशील एवं परम दयालु छन् । (सूरह नहल :३–१८)

एक अर्को ठाउँमा भनिएको छ : जो फिर्दौषका उत्तराधिकारी हुनेछन् जहाँ उनीहरू सदा रहनेछन् । निस्सन्देह हामीले मनुष्यलाई माटोको सार (निचोड) बाट सृष्टि गऱ्यौं ।

फेरि त्यसलाई वीर्यको थोपास्वरूप एउटा सुरक्षित स्थानमा राख्यौं । अनि वीर्यलाई ढिक्को रगत बनायौं र त्यस ढिक्को रगतलाई मासुको डल्लो बनायौं अनि मासुको डल्लो लाई हड्डी बनायौं । र, हामीले त्यस हड्डीमा मासु चढायौं । फेरि नयाँ ढाँचामा मानवको सृष्टि गऱ्यौं । अतः बरकतयुक्त छन् अल्लाह जो सर्वोत्तम सृष्टिकर्ता हुन् । त्यसपछि तिमीहरू अवश्य मर्नु पर्नेछ । पुनः महाप्रलयको दिन तिमीहरू उठाइनेछौ । हामीले तिमीहरूमाथि सातवटा आकाशहरू सृजना गरेका छौं र हामी सृष्टिबाट अनभिज्ञ छैनौं । र, आकाशबाट हामीले ठीक परिमाणमा पानी वर्सायौं र त्यसलाई धर्तीमा अड्यायौं । र, हामी त्यसलाई समाप्त पार्न पनि सक्षम छौं । फेरि त्यसबाट हामीले खजूर तथा अंगुर का बगैंचाहरू उमाऱ्यौं । त्यसमा तिमीहरूकानिम्ति धेरै स्वादिष्ट फल सृजना गऱ्यौं अनि त्यसैबाट तिमीहरू खान्छौ । र, तूरे सैना (नामक पहाड) मा उम्रने त्यो (जैतुन) वृक्षलाई पनि (हामीले नै उमाऱ्यौं) जसले खानेहरूकालागि तेल र तरकारी दिन्छन् । र, जनावरहरूमा पनि तिमीहरूकालागि ठूलो शिक्षा रहेको छ । तिनका पेटमा रहेका पदार्थबाट पिउने दूध प्रदान गर्छौं र तिनमा तिमीहरूकालागि अन्य धेरै फाइदाहरू छन् । र, तिनीहरूमध्ये केहीलाई (तिमी) खान्छौ पनि । र, तिनमाथि तथा डुँगाहरूमाथि सवार गराइन्छौ । (सूरह मुमेनून:११–२२)

एक अर्को ठाउँमा भनिएको छ : के तिमीलाई थाहा छैन कि अल्लाहले नै बादललाई चलाउँछन्, अनि तिनीहरूलाई आपसमा जोड्छन तथा तिनीहरूलाई तहमाथि तह गरी राख्छन् र त्यसकै बीचबाट तिमीले पानी परेको देख्छौ ? र, उनी आकाशमा रहेको (असिनाको) पहाडबाट असिना बर्साउँछन् । (अल्लाहले) जसलाई चाहन्छन् त्यसद्वारा हानि पुऱ्याउँछन् र जसलाई चाहन्छन् बचाउँछन् । त्यसको बिजुलीको चमकले देख्ने शक्ति नै लैजालाजस्तो हुन्छ । रात तथा दिनलाई अल्लाह नै परिवर्तन गरिरहन्छन् । दृष्टिवान व्यक्तिहरूकालागि यसमा निश्चय नै ठूलो शिक्षा रहेको छ । र, हरेक हिंडडुल गर्ने प्राणीलाई अल्लाहले पानीबाट सृष्टि गरेका हुन् । तिनीहरूमध्ये कुनै आफ्नो पेटले घिस्रन्छन्, कुनै दुई खुट्टाले हिँड्छन् र कुनै चाहिँ चार खुट्टाले । अल्लाह जे चाहन्छन् त्यही सृष्टि गर्छन् । निस्सन्देह अल्लाह प्रत्येक कार्यको सामर्थ्य राख्दछन् । (सूरह नूर:४३–४५)

एक अर्को ठाउँमा भनिएको छ : के तिमीले देखेनौं तिम्रा पालनकर्ताले कसरी छायाँ फैलाउँछन् ? यदि उनले चाहेको भए त्यस छायाँलाई स्थिर नै राख्ने थिए । फेरि हामीले सूर्यलाई त्यस छायाँको लागि निर्देशक बनायौं । फेरि हामीले त्यस

छायाँलाई विस्तारै आफूतिर समेट्छौं। र, उनै हुन् जसले तिमीहरूकालागि र ातलाई पर्दा, निद्रालाई विश्राम र दिनलाई जाग्ने समय बनाए। र, उनै हुन् जसले आफ्नो कृपा (वर्षा) भन्दा अघि हावालाई शुभ-सुचनास्वरूप पठाउँछन्। र, हामी नै आकाशबाट पवित्र पानी बर्साउँछौं। ताकि त्यसद्वारा मृत भूमिलाई जीवित पारौं र हामीले सृष्टि गरेका धेरैजसो चौपाया तथा मानिसहरूलाई त्यही पानी पिलाउँछौं। र, हामीले यसलाई विभिन्न तरिकाले बयान गर्‍यौं ताकि तिनीहरूले उपदेश ग्रहण गरून् तर अधिकांश मानिसहरू कृतघ्नतामा नै अडिग रहे। यदि हामीले चाहेको भए प्रत्येक नगरमा एक जना सचेतक पठाउने थियौं। अतः काफ़िरहरूको कुरा नमान र यस कुरआनद्वारा तिनीहरूविरुद्ध ठूलो संघर्ष गर। र, तिनै हुन् जसले दुईवटा समुद्रलाई मिलाए; एउटा मिठो-स्वादिलो छ र अर्को चाहिँ नुनिलो तथा टर्रो । अनि, उनले दुवैका बीचमा एउटा अदृश्य पर्दा र एउटा पृथक पार्ने अवरोध खडा गरिदिए। र, उनै हुन् जसले पानीबाट मानिसलाई सृष्टि गरे तथा त्यस मानवलाई वंशावली एवं ससुराली नातेदारवाला बनाए। र, तिम्रा पालनकर्ता सामर्थ्यवान छन्। (सूरह फुरकानः ४५-५४)

एक अर्को ठाउँमा भनिएको छ : अतः साँझ र बिहान अल्लाहको महिमागान गर र आकाशहरू र धर्तीमा सारा प्रशंसा उनैको लागि छ। तेस्रो पहर र जुहर (अपरान्ह) मा पनि। उनी मृतबाट जीवितलाई निकाल्दछन् र जीवितबाट मृतलाई। अनि, उनी भूमिलाई त्यसको मृत्युपश्चात् पुनः जीवित पार्दछन्। र, यसरी नै तिमीहरू पनि निकालिनेछौ। र, अल्लाहका निशानीहरूमध्ये यो पनि रहेको छ कि उनले तिमीहरूलाई माटोबाट सृष्टि गरे अनि तिमी मानव भएर फैलिंदैछौ। र, उनका निशानीहरूमध्ये यो पनि रहेको छ कि उनले तिमीहरूकालागि तिमीहरूकै सहजातिबाट तिमीहरूका जोडी बनाए ताकि तिमीहरू तिनीहरूबाट सन्तुष्टि प्राप्त गर। र तिमीहरूबीच उनले प्रेम तथा दया उत्पन्न गरे। निस्सन्देह यसमा सोचविचार गर्ने मानिसहरूकालागि निशानीहरू छन्। र, अल्लाहकै निशानीहरूमध्येको आकाशहरू तथा धर्तीको सृष्टि हो र तिमीहरूका भाषाहरू एवं वर्णहरूको भिन्नता। निश्चय नै यसमा ज्ञानीहरूकालागि धेरै निशानीहरू छन्। उनका निशानीहरूमध्ये हो तिमीहरूको रात र दिनको सुताइ र जीविका खोज्ने कार्य पनि। निश्चय नै यसमा ध्यानपूर्वक सुन्ने हरूकालागि निशानीहरू छन्। अनि, उनले तिमीहरूलाई बिजुली देखाउँछन् जसले

भय एवं आशा दुवै उत्पन्न गर्छ र आकाशबाट पानी वर्साउँछन् अनि त्यसद्वारा मूर्दा भूमिलाई जीवित पार्दछन् । निस्सन्देह यसमा बुद्धिजीविहरूकालागि निशानीहरू छन् । र, उनका निशानीहरूमध्ये आकाश तथा धर्ती उनकै आदेशमा कायम रहनु पनि हो । फेरि जब उनले तिमीहरूलाई धर्तीबाट निस्कन एउटा आवाज दिनेछन् तब तिमीहरू अकस्मात् निस्कनेछौ । र, आकाशहरू तथा धर्तीका सम्पूर्ण चिजहरू अल्लाहकैलागि हुन् । र, यी सबै उनका आज्ञाकारी हुन् । उनै हुन् जसले सृष्टिको आरम्भ गर्छन् अनि उनैले त्यसको पुनरावृत्ति गर्नेछन् । र, यो उनकोलागि झन् सरल छ । आकाशहरू तथा धर्तीमा उनैको गुण सर्वोच्च रहेको छ र उनी प्रभुत्वशाली एवं तत्वदर्शी छन् । (सूरह रुम:१७–२७)

एक अर्को ठाउँमा भनिएको छ :रह्मान् (अल्लाह) ले, कुरआनको शिक्षा दिए; मानिसलाई सृष्टि गरे । उसलाई बोल्न सिकाए । सूर्य तथा चन्द्रमा एउटा निर्धारित हिसाबले चलिरहेका छन् । र, तारा तथा रुख दुवै सज्दामा छन् । र, उनैले आकाशलाई माथि उठाए र तराजु स्थापित गरिदिए । ताकि तौलमा तिमीहरू सीमोल्लंघन नगर । र न्यायका साथ ठीक-ठीक तौलने गर अनि तौलमा कमी नगर । र, उनले प्राणीहरूकालागि पृथ्वी बनाए.। जसमा हरेक प्रकारका स्वादिला फल छन्; खजूरका रुख छन् जसका फल आवरणहरूमा बेरिएका छन् । भूस युक्त अन्नहरू र सुगन्धित फूल । हे जिन्न र मनुष्य! तिमी दुवै आफ्ना पालनकर्ताका कुन कुन वरदानलाई झूठ्लाउँछौ ? मनुष्यलाई उनले सुकेको र सडेको माटोबाट सृष्टि गरे र जिन्नलाई आगोको ज्वालाबाट सृष्टि गरे । हे जिन्न र मनुष्य ! तिमी दुवै आफ्ना पालनकर्ताका कुन कुन वरदानलाई झूठ्लाउँछौ? दुवै पूर्व र दुवै पश्चिमका मालिक उनै हुन् । हे जिन्न र मनुष्य ! तिमी दुवै आफ्ना पालनकर्ताका कुन कुन वरदानलाई झूठ्लाउँछौ ? उनले दुईवटा समुद्र बगाए जुन परस्पर मिल्छन् । ती दुवैबीच एउटा पर्खाल रहेको छ जसले गर्दा ती दुई एक आपसमा प्रवेश गर्न सक्दैनन् । हे जिन्न र मनुष्य ! तिमी दुवै आफ्ना पालनकर्ताका कुन कुन वरदानलाई झूठ्लाउँछौ ? तिनीहरू दुवैबाट मोती तथा मुगाहरू निस्कने गर्छन् । हे जिन्न र मनुष्य ! तिमी दुवै आफ्ना पालनकर्ताका कुन कुन वरदानलाई झूठ्लाउँछौ? र, अल्लाहकै (नियन्त्रणमा) छन् समुद्रमा पहाडझैं उभिएका अग्ला जहाजहरू । हे जिन्न र मनुष्य ! तिमी दुवै आफ्ना पालनकर्ताका कुन कुन वरदानलाई झूठ्लाउँछौ ? (सूरह रहमान : १–२५)

एक अर्को ठाउँमा भनिएको छ : के हामीले नै बनाएनौं धर्तीलाई बिछ्यौना र पर्वतहरूलाई (पृथ्वीको लागि) चुकुल ? र हामीले तिमीहरूलाई जोडा-जोडा सृष्टि गऱ्यौं । र, तिमीहरूको निद्रालाई आरामदायी बनायौं । र, रातलाई हामीले पर्दा बनायौं । र, दिनलाई हामीले जीविकोपार्जनको समय बनायौं । र, तिमीहरूमाथि सातवटा सुदृढ़ आकाशहरू बनायौं । र, हामीले अत्यन्तै ज्योतिर्मय र उष्ण दीपक सृष्टि गऱ्यौं । र, सघन बादलहरूबाट हामीले अविरल पानी वर्सायौं । ताकि उमारौं त्यसद्वारा अन्न एवं वनस्पति..र सघन बगैंचाहरू । (सूरह नबा :६–१६)

एक अर्को ठाउँमा भनिएको छ : तिमीहरूलाई सृष्टि गर्न कठिन छ कि आकाशलाई? अल्लाहले नै त्यसलाई बनाए । उनले त्यसको छानालाई माथि उठाए र त्यसलाई समतल बनाए । उनैले त्यसको रातलाई अन्धकारमय बनाए र त्यसको दिनलाई प्रकाशमय बनाए । र, त्यसपछि धर्तीलाई ओछ्याए । उनैले यसबाट पानी र बालीनाली उमारे । र, यसमाथि पर्वतहरूलाई स्थापित गरे । तिमी र तिम्रा पशुहरूको जीविकाको लागि (गरे) । (सूरह नाजियात :२७–३३)

एक अर्को ठाउँमा भनिएको छ : मानिसले आफ्नो खाद्य पदार्थतर्फ हेरोस् । निस्सन्देह हामीले नै प्रशस्त पानी वर्सायौं र भूमिलाई राम्ररी चिऱ्यौं । अनि त्यसमा उब्जायौं अन्न-बाली र अंगुर एवं सागपात र जैतुन एवं खजूर र घना बगैंचाहरू र फलहरू एवं घाँसपात । तिमी र तिम्रा पशुहरूको जीविकाका लागि । (सूरह अबस: २४–३२)

आदमका सारा सन्तानले अल्लाहको रुबूवियतलाई स्वीकारेका छन् । जस्तै अल्लाह नै सृष्टि गर्नेवाला हुन्, अल्लाहले नै स्वामी हुन् र अल्लाह नै संचालक हुन् भन्ने कुरा मानेका छन् । अरबका वहुदेववादीहरुले पनि यो कुरा स्वीकारेका थिए । जस्तै उनीहरुको स्वीकारोक्तिलाई अल्लाहले यसरी बयान गरेका छन् । भन- “यदि तिमीहरू जानकारी राख्छौ भने, पृथ्वी तथा त्यसमा रहेका चिजहरू कसका हुन् ?” तिनीहरूले भन्नेछन्- “अल्लाहका ।” भन- “अनि तिमीहरू उपदेश किन ग्रहण गर्दैनौ त ?” भन- “सात आकाश तथा महान् सिंहासनका स्वामी को हुन् त ?” तुरुन्तै भन्नेछन्- “अल्लाह !” भन- “अनि तिमीहरू किन डराउँदैनौ त ?” भन- “यदि तिमीहरू जानकारी राख्छौ भने, सम्पूर्ण चिजहरूको अख्तियार कसको हातमा छ र उनी को हुन् जसले शरण

दिन्छन् तर उनको दाँजोमा कसैले शरण दिन सक्दैन ?"तिनीहरूले भन्नेछन्- "अल्लाह !" भनिदेऊ- "फेरि तिमीहरू कहाँबाट जादूपीडित हुन्छौ त ?"(सूरह मुमेनून :८४–८९)

एक अर्को ठाउँमा भनिएको छ : र, तिमीले तिनीहरूलाई आकाशहरू तथा पृथ्वी कसले सृष्टि गऱ्यो भनेर सोध्यौ भने तिनीहरूले अवश्य नै भन्नेछन्- "यिनीहरूलाई प्रभुत्वशाली, सर्वज्ञ (अल्लाह) ले सृष्टि गरे । (सूरह जुख्रुफ :९)

अल्लाहको यस विशेषतामा पनि विभिन्न जमाअतहरु पथभ्रष्टताका शिकार बनेका छन् ।

अग्नीपूजकहरु : उनीहरु भन्छन् : यस संसारका ईश्वर दुइटा छन् । एउटा प्रकाशको ईश्वर छ जसले राम्रो कुरा सृष्टि गर्छ भने अर्को अन्धकारको ईश्वर छ जसले नराम्रो कुरा सृष्टि गर्छ । उनीहरुले प्रकाशलाई अन्धकारभन्दा राम्रो मान्दछन् ।

इसाई : उनीहरुको विचारमा एक अल्लाह तीन तत्वले बनेको छ बाबु, छोरा र पवित्र आत्मा । तर उनीहरुले जगतका तीन वटा पालनकर्ता छन् भनी प्रमाणित गर्न भने सकेका छैनन् र जगतका पालनकर्ता एक अल्लाहलाई नै मानेका छन् ।

अरबका वहुदेववादी : उनीहरुले आफ्नो मूर्तिहरुलाई नाफा तथा नोक्सानका कारक ठान्दथे साथै आफ्नो भाग्य तीरको माध्यमबाट जान्ने कोसिस गर्थे ।

कदरीया : उनीहरुको भनाइ अनुसार मानव आफैले काम सृजना गर्दछ त्यसमा अल्लाहको कुनै इच्छा रहँदैन । यी सबै खाले पथभ्रष्टताहरुको प्राकृतिक तर्कहरुबाट काट भएको छ । मानव विवेक, चेतना तथा अल्लाहको कानुनले अल्लाह आफ्नो सृष्टि, राज र निर्देशनमा एक्लै छन् भन्ने कुरा प्रष्ट पारेको छ ।

अल्लाहको भनाइ छ : अल्लाहले न कसैलाई पुत्र बनाएका छन् न उनकासाथ अन्य कोही पूज्य नै रहेको छ । यस्तो भएको भए, प्रत्येक पूज्य आफ्नो सृष्टिलाई लिएर अलग्गिने थिए र तिनीहरू एक अर्कामाथि जाइलाग्ने थिए । अल्लाह ती कुराहरूबाट पवित्र छन् जुन तिनीहरू वर्णन गर्ने गर्छन् । (सूरह मुमेनून :९१)

ईश्वरको अस्तित्व छ भन्ने कुरा सत्य छ। तसर्थ श्रष्टा पनि ऊ नै हुनु जरुरी छ। उसले जे चाहन्छ त्यो उसले गर्छ। यदि उसको कोही साझेदार हुन्थ्यो भने उसले पनि त केही सृष्टि गर्थ्यो होला। यदि यस्तै हो भने त्यहाँ दुईवटा कुरा हुनु जरुरी छ। ईश्वर एकबाहेक अनेक भएको भए किन त हरेक ईश्वर आफ्नो सृष्टिलाई लिएर जान्थे वा आफ्नो शासनलाई निरन्तरता दिन्थे। तर संसारको नियमले यी कुरालाई अस्वीकार गर्छ। कि उनीहरु दुबैबीच प्रतिस्पर्धा एवं मुकाबला चल्थ्यो। उनीहरुमध्ये एकले शरीर लाई हरकत गर्ने आदेश दिन्थ्यो भने अर्कोले स्थिर हरने आदेश दिन्थ्यो। एउटाले कुनै वस्तुलाई जीवन प्रदान गर्न चाहन्थ्यो भने अर्कोले मृत्यु चाहन्थ्यो। यसरी दुबैले एक साथ आफ्नो चाहना पुरा गर्ने अवस्था रहँदैन र आफ्नो उद्देश्यमा सफल हुन सक्दैनन्।

## अल्लाह एकमात्र पूज्य छन् भनी आस्था राख्नु

पूज्य भनेको त्यो हस्ती हो जसको पूजा गरिन्छ। पूजा पूर्ण आदर तथा मायाले प्रेरित भई गरिनु पर्छ। यस्तो आदर एक सत्य ईश्वरलाई बाहेक कसैलाई दिनु हुँदैन। यसै विश्वासका साथ शुद्ध ईमान प्राप्त हुन्छ। जसमाथि आस्था राखिएको हुन्छ उसलाई पनि महान मान्न सकिन्छ। अल्लाहको भनाइ छ : "अल्लाहबाहेक कोही पूज्य छैनन्" भन्ने कुराको साक्षी स्वयं अल्लाह, फ़रिश्ताहरू एवं ज्ञानीहरू दिन्छन्। उनी निसाफ कायमकर्ता हुन्। उनीबाहेक कोही पूज्य छैन। उनी प्रभुत्वशाली एवं तत्वदर्शी छन्। (सूरह आले इमरान : १८)

एक अर्को ठाउँमा भनिएको छ : तिमीहरूका ईश्वर एउटै छन्। उनीबाहेक कोही उपास्य छैन। उनी अत्यन्त करुणामय र परम दयालु छन्। (सूरह बकराह : १६३)

अल्लाहले सम्पूर्ण प्राणी चाहे त्यो मानव होस् वा दानव आफ्नो भक्तिको लागि सृष्टि गरेका हुन्। ज्ञात रहोस् उनलाई कसैको उपासनाको आवश्यकता पर्दैन। अल्लाहको भनाइ छ : र, मैले जिन्न तथा मानवलाई केवल आफ्नो उपासनाकोलागि सृष्टि गरेको हुँ। म तिनीहरूबाट कुनै जीविका चाहँदिन; न यो चाहन्छु कि तिनीहरूले मलाई खुवाऊन्। (सूरह जारियात : ५६,५७)

अल्लाहले आफ्नो सम्पूर्ण दूतहरुलाई यसै आस्था बारे मानवलाई बताउन र मानवले अल्लाहको उपासना गरुन् र कसैलाई ईश्वरको साझेदार नबनाउन् भनी

आहवान गर्न संसारमा पठाए । अल्लाहको भनाइ छ : हामीले प्रत्येक समुदायमा रसूल पठायौं । केवल अल्लाहको उपासना गर र 'तागूत' (हरेक किसिमको अवज्ञाकारी) देखि टाढा रहने गर । (सूरह नहल : ३६)

ती दूतहरुले मानव समुदायलाई जे कुरा भने अल्लाहले उनीहरुको भनाइलाई यसरी चित्रण गरेका छन् : "हे मेरो समुदाय ! अल्लाहको भक्ति गर । उनीबाहेक तिमीहरूको अन्य कोही उपास्य छैन । (सूरह आराफ : ५९)

यस्तो दृढ विश्वासको सार के हो भने सम्पूर्ण खालको उपासना केवल अल्लाहको लागि मात्र हुनु पर्छ र कसैलाई उनको साझेदार बनाउनु हुँदैन । जसले साझेदार बनाउँछ ऊ मुश्रिक तथा काफिर हुन्छ ।

आध्यात्मिक उपासना : मायाँ हुनु : अल्लाहले भनेका छन् : र, केही मानिसहरू यस्ता छन् जो अल्लाहका बाहेक अरूलाई उनको समकक्षी ठहऱ्याउँछन् र तिनीहरूसित यसरी प्रेम गर्छन् जसरी अल्लाहसित मात्र गर्नु पर्ने हो जबकि आस्थावानहरू अल्लाहसितको प्रेममा अति दृढ हुन्छन् । (सूरह बकराह :१६५)

भय हुनु : अल्लाहले भनेका छन् : त्यो शैतान हो जसले आफ्ना मित्रहरूलाई तर्साउँछ । अतः यदि तिमीहरू आस्थावान हौ भने तिनीहरूसँग नडराऊ; केवल मसँग डराऊ । (सूरह आले इमरान : १७५)

आशा गर्नु : अल्लाहले मुहम्मद सल्ल. लाई भन्नु भएको छ: भनिदेऊ- "म तिमीहरूजस्तै एक मनुष्य मात्र हुँ । मतर्फ प्रकाशना आउँछ कि तिमीहरू सबैका पूज्य एक मात्र छन् । अतः जो कोही आफ्ना रबसित भेटको आशा राख्दछ उसले सत्कर्म गर्नुपर्छ र आफ्ना रबको उपासनामा कसैलाई साझेदार बनाउनु हुँदैन । (सूरह कहफ :११०)

यी तीन वटा कुराहरु आध्यात्मिक उपासनाको सार हो । अल्लाहको भनाइ छ : तिनीहरू जसलाई पुकार्छन् उनीहरू स्वयं आफ्ना पालनकर्ताको निकटता प्राप्तिकालागि माध्यम खोज्दैछन् कि उनीहरूमध्ये कसले अधिक निकटता प्राप्त गर्न सक्छ । अनि, उनीहरू आफ्ना पालनकर्ताको दयाको आशामा रहन्छन् र उनको यातनासँग डराउँछन् । (सूरह इस्रा : ५७)

उपासनामा उपरोक्त तीनवटा कुरामध्ये कुनैलाई पनि छुटाउनु हुँदैन । जसले केवल डरका कारण उपासना गऱ्यो ऊ डरपोक हो । जसले केवल आशाका कारण उपासना गऱ्यो ऊ केवल आशावादी हो । जसले केवल मायाका कारण उपासना गऱ्यो ऊ केवल व्यविचारी हो । जसले उपरोक्त तीन वटै कुराको आधारमा उपासना गऱ्यो त्यो नै वास्तविक ऐकेश्वरवादी हो ।

आत्माको शुद्धता नै असल शुद्धता हो । हदीसमा भनिएको छ : सुन, शरीरमा एउटा मासुको टुक्रा छ । त्यो ठीक छ भने पुरा शरीर ठीक रहन्छ यदि त्यो विग्रियो भने पुरा शरीर विग्रन्छ । त्यो हो हृदय ।

मौखिक उपासनाहरु :दुआ : अल्लाहले भनेका छन् : मस्जिदहरू अल्लाहका हुन् । अतः अल्लाहकोसाथ अरू कसैलाई नपुकार । (सूरह जिन :१८)

शरण माग्नु : अल्लाहले सबैलाई भन्ने आदेश दिएका छन् : म मानवका अल्लाहको शरण लिन्छु (सूरह नास : १)

मदत माग्नु : अल्लाहले भनेका छन् : जब तिमीले आफ्नो पालनकर्तासँग मदत माग्छौ उसले तिमीलाई मदत गर्ने छ । (सूरह अन्फाल : ९)

जिकिर गर्नु : अल्लाहले भनेका छन् : हे आस्थावान हो अल्लाहलाई अत्याधिक याद गर । (सूरह अहजाब :४१)

कुरआन पाठ गर्नु : अल्लाहले भनेका छन् : तिमीतिर वही (प्रकाशना) गरिएको पुस्तकको पाठ गर । (सूरह अन्कबुत :४५)

राम्रो कुरा गर्नु : अल्लाहले भनेका छन् :  पवित्र शब्दहरू उनैतर्फ चढ्छन् (सूरह फातिर :१०)

शारीरिक उपासना : यस अर्न्तगत निम्न उपासनाहरु पर्दछन् ।

नमाज पढ्नु र बलि दिनु : अल्लाहले भनेका छन् : भनिदेऊ , मेरो नमाज, मेरो वलिदान, मेरो जिन्दगी, मेरो मृत्यु सबै जगतका पालनहार अल्लाहका लागि हुन् । (सूरह अन्आम : १६२)

अर्को ठाउँमा अल्लाहले भनेका छन् : आफ्नो पालनहारको लागि नमाज पढ र बलि देऊ । (सूरह कौसर :२)

बाटोबाट कुनै दुखदायि कुरा हटाउनु : हदीसमा भनिएको छ ईमान को सबैभन्दा तल्लो दर्जा भनेको बाटोको काँडा हटाउनु हो ।

आर्थिक उपासना : यस अन्तर्गत जकात, सदका , दान आदि पर्दछन् । अल्लाहले भनेका छन् : सद्क़ा (दानकोष) त केवल दरिद्रहरू, अभाव ग्रस्तहरू र सद्क़ाको व्यवस्थापनमा नियुक्त व्यक्तिहरूकालागि हो र ती व्यक्तिहरूकालागि जसका हृदयहरूलाई जोड्नु अभिष्ट होस्; (साथै यो दानकोष) दासहरूको मुक्ति, ऋणीहरू (को ऋण भुक्तानी) का लागि, अल्लाहको मार्ग (मा खर्च गर्न) मा र पथिकहरूकानिम्ति हो । यो अल्लाहको तर्फबाट अनिवार्य आदेश हो । र, अल्लाह सर्वज्ञ एवं तत्वज्ञ छन् । (सूरह तौबा :६०)

अर्को ठाउँमा अल्लाहले भनेका छन् : र, केही गाउँलेहरू यस्ता पनि छन् जो अल्लाह तथा आख़िरत (परलोक) माथि आस्था राख्छन् र आफ्नो खर्चलाई अल्लाहको निकटता प्राप्ति तथा रसूलको आशीर्वाद प्राप्तिको साधन बनाउँछन् । हेर, त्यो निश्चय नै उनीहरूकालागि निकटता प्राप्तिको साधन हो । अल्लाहले उनीहरूलाई अवश्य नै आफ्नो अनुकम्पा अन्तर्गत लिनेछन् । निस्सन्देह अल्लाह अति क्षमाशील तथा परम दयालु छन् । (सूरह तौबा :९९)

खाना खुवाउनु : अल्लाहले भनेका छन् : र, आफूले मन पराएको खाना अभावग्रस्त, अनाथ र बन्दीहरूलाई खुवाउँछन् ।

र, (तिनीहरूलाई भन्छन्) “हामी तिमीहरूलाई केवल अल्लाहकोलागि खुवाउँदैछौं । हामी तिमीहरूबाट न कुनै बदला चाहन्छौं न प्रशंसा नै । (सूरह इन्सान :८,९)

अल्लाह नै पूज्य हुन् भनी आस्था राख्नुका साथ साथै अल्लाह नै मालिक तथा यो

जनाकार हुन् भनी आस्था राख्नु पनि जरुरी छ। उनलाई उपासनामा एक मान्नु जरुरी छ। अल्लाहले कुरआनमा बहुदेववादीहरुलाई यही कुरा सम्झाएका छन्।

हे मानव ! आफ्नो त्यस 'रब' को उपासना गर जसले तिमी र तिमीभन्दा अघिका मानिसहरूको सृष्टि गरे आशा छ कि तिमीहरू (नरकबाट) बच्न सक्नेछौ। (उनै हुन्) जसले तिम्रोलागि धर्तीलाई बिछ्यौना र आकाशलाई छाना बनाए र आकाशबाट पानी बर्साए अनि त्यसबाट तिमीहरूको भरण- पोषणका लागि फलफूलहरू उत्पन्न गरे। अतः जानी-जानी (कसैलाई) अल्लाहको समकक्षी नबनाऊ। (सूरह बकराह :२१,२२)

भनिदेऊ- "तिमीहरूलाई आकाश तथा पृथ्वीबाट कसले जीविका प्रदान गर्छ ? कान तथा आँखाहरूमाथि कसको अधिकार रहेको छ ? कसले निर्जीवबाट सजीव तथा सजीवबाट निर्जीवलाई सृजना गर्छ र कसले संसारका कार्यहरू सञ्चालन गर्छ ?" तिनीहरूले तुरून्तै भन्नेछन्- "अल्लाह !" अनि सोध- "त्यसो भए तिमीहरू किन डराउँदैनौ ?" उनै अल्लाह तिमीहरूका वास्तविक पालनकर्ता हुन्। अनि सत्यपछि पथभ्रष्टताबाहेक अरू के नै बाँकी रहन्छ र ? अनि ! तिमीहरूलाई कता लगिँदैछ। (सूरह यूनुस : ३१,३२)

(हे सन्देष्टा !) भनिदेऊ- "सम्पूर्ण प्रशंसाहरू अल्लाहकैलागि हुन् र उनका ती भक्तहरूमाथि सलाम तथा शान्ति होस् जसलाई उनले चयन गरेका छन्।" (तिनीहरूलाई सोध !) के अल्लाह उत्तम छन् वा ती उपास्यहरू जसलाई तिनीहरू उनका साझेदार बनाउँछन् ? (भन त), आकाशहरू र धरतीलाई कसले सृष्टि गर्यो अनि कसले आकाशबाट पानी वर्षायो, फेरी त्यसबाट हराभरा बगैचा सृष्टि गर्यो ? बगैचाका यी वृक्षहरु उमार्नु तिम्रो लागि सम्भव थिएन। के अल्लाहको साथमा कोही अरु प्रभु (पूज्य) छ ? होइन बरु तिनीहरु नै सत्य मार्गबाट टाढिँदैछन्। कसले धरतीलाई स्थिर गरेर बस्ने ठाउँ बनायो र त्यसको बीचमा नहरहरु बगायो अनि तिनको लागि पहाडहरु सृष्टि गर्यो र कसले दुई समुन्द्रहरुको बीचमा तगारो (अवरोधक) बनायो ? के अल्लाहको साथमा अरु कोही पूज्य पनि छ ? बरु तिनीहरुमध्ये धेरैले बुझ्दैनन्। कसले व्याकूलको गुहार (पुकार) सुन्दछ, जब त्यसले उसलाई गुहार्छ र व्यथा हटाइदिन्छ र तिमीलाई धरतीमा शासक बनाउँछ ? के अल्लाहको साथमा अरु कोही पूज्यनीय छ ? (होइन) बरु तिनीहरुले अत्यन्तै कम शिक्षा र

उपदेश हासिल गर्छन् । कसले तिमीलाई जंगल र समुन्द्रको अँध्यारोमा बाटो देखाउँछ र आफ्नो कृपा (वर्षा) अवतरण गराउनुभन्दा पहिले शुभ-सूचना स्वरुप पठाउँछ ? अनि के अल्लाहको साथमा अरु कोही पूजनीय पनि छ, जसलाई यिनीहरुले साझेदार बनाउँछन् ? अल्लाह त अत्यन्तै उच्च र महान छन् । को हो जसले पहिलो पटक प्राणीहरुलाई सृष्टि गर्दछ, अनि उसलाई पुनः फर्काउने छ र को हो जसले तिमीलाई आकाश र धरतीबाट जीविका प्रदान गर्दैछ ? त के अल्लाहको साथमा अरु कोही पनि पूज्य छ ? भनिदेऊ, यदि तिमीहरु साँचो छौ भने प्रमाण प्रस्तुत गर । (सूरह नमल : ५९–६४)

त्यसैगरी वहुदेववादीहरुले अल्लाहको स्वामित्व तथा गुणमा जुन साझेदार बनाएका छन् त्यसलाई पनि अल्लाहले नजायज भनेका छन् । अल्लाहको भनाइ छ : के तिनीहरूले यस्तालाई साझेदार बनाउँछन् जो कुनै पनि वस्तु सृष्टि गर्दैनन् बरु तिनीहरू स्वयं सृष्टि गरिएका छन् ? र, न तिनीहरूको मद्दत गर्ने सामर्थ्य राख्दछन् न स्वयंलाई नै सहयोग गर्न सक्छन् । र, यदि तिमीले तिनीहरूलाई सीधा मार्गतर्फ बोलायौ भने तिनीहरूले तिम्रो कुरा मान्ने छैनन् । तिनीहरूलाई (सत्मार्गतर्फ) बोलाउनु वा चुप लागेर बस्नु (दुवै) तिम्रोलागि समान छ । तिमीहरू अल्लाहबाहेक जुन चिजहरूलाई पुकार्छौ तिनीहरू पनि तिमीहरू जस्तै दासहरू हुन् । तिमीहरूले तिनीहरूलाई बोलाऊ, यदि तिमीहरू सच्चा हौ भने तिनीहरूले तिमीहरूको पुकार सुन्नु पर्छ । के तिनीहरूका त्यस्ता खुट्टा छन् जसद्वारा तिनीहरू हिँडडुल गर्न सकून् वा हातहरू छन् जसद्वारा तिनीहरू समात्न सकून् वा आँखाहरू छन् जसद्वारा तिनीहरू देख्न सकून् वा कानहरू छन् जसद्वारा तिनीहरूले सुन्न सकून् ? भनिदेऊ- (यदि छन् भने) “बोलाऊ आफ्ना साझेदारहरूलाई; अनि मेरो विरुद्ध उपाय गर; अनि मलाई अलिकति पनि अवसर नदेऊ ।” मेरा संरक्षक-मित्र त अल्लाह हुन् जसले ग्रन्थ अवतरित गरे र उनी नै सत्कर्मीहरूलाई संरक्षण प्रदान गर्दछन् । र, अल्लाहबाहेक जसलाई तिमीहरू बोलाउने गर्छौ तिनीहरूले न त तिमीहरूलाई मदत गर्न सक्दछन् न स्वयंलाई सहायता । र, यदि तिमीले तिनीहरूलाई सत्मार्गतर्फ बोलाउँछौ भने तिनीहरूले सुन्ने छैनन् । र, तिमीले तिनीहरूलाई आफूतर्फ हेरिरहेका देख्छौ तर तिनीहरूको दृष्टि नै हुँदैन । (हे मुहम्मद) माफ गर्ने नीति अपनाऊ; पुण्य कर्म गर्ने आदेश देऊ र अज्ञानीहरूसित नअल्झ । (सूरह आराफ १९१–१९८)

एक अर्को ठाउँमा भनिएको छ : तर, तिनीहरूले अल्लाहबाहेक अन्य यस्ता उपास्यहरू बनाएका छन् जो केही पनि सृष्टि गर्न सक्दैनन् बरु सृष्टि गरिन्छन् र

जसले स्वयंकैलागि न घाटाको न लाभकै सामर्थ्य राख्दछन् अनि जसलाई न मृत्युको न जीवनको र न पूनर्जन्मको सामर्थ्य छ। (सूरह फुरकान :३)

एक अर्को ठाउँमा भनिएको छ : भनिदेऊ- "अल्लाहबाहेक तिमीले ठानेका उपास्यहरूलाई बोलाऊ। उनीहरू आकाशहरू तथा धर्तीमा एउटा कण बराबरको चिजमाथि पनि कुनै अधिकार राख्दैनन्; र न यी दुवैमा उनको कुनै साझेदारी रहेको छ र न तिनीहरूमध्ये कोही अल्लाहको सहयोगी नै छन्। अल्लाहकहाँ सिफारिश उसैको लागि लाभदायक हुनेछ जसको लागि उनले अनुमति दिनेछन्। यहाँसम्म कि जब तिनीहरूका हृदयबाट डर निकालिनेछ तब तिनीहरूले सोध्नेछन्- "तिमीहरूका पालनकर्ताले के भने ?" उनीहरू भन्नेछन्- "नितान्त सत्य"। र उनी सर्वोच्च एवं महान छन्। (सूरह सबा :२२,२३)

अल्लाहको उपासनामा कसैलाई शरिक अर्थात साझेदार बनाउने कुराले निम्न कुराहरुलाई इंकित गर्दछ।

शिर्क सबैभन्दा ठूलो अत्याचार : अल्लाहको भनाइ छ : निसन्देह साझेदार ठहराउनु ठूलो अत्याचार हो।" (सूरह लुकमान :१३)

शिर्क महापाप : ईश्दूतले तीन पटक भन्नुभयो : के म तिमीहरुलाई सबैभन्दा ठूलो अभियोगको बारेमा नबताउँ ? साथीहरुले भने, बिलकुल भन्नुस् ईश्दूत। उहाँले भन्नुभयो : सबैभन्दा ठूलो अभियोग भनेको अल्लाहको साझेदारी बनाउनु हो। (सही बुखारी र मुस्लिम) ईश्दूतसँग सोधियो सबैभन्दा ठूलो पाप के हो ? उहाँले जवाफमा भन्नुभयो : कसैलाई अल्लाहको साझेदार बनाउनु जबकि तिमीलाई अल्लाहले सृष्टि गरेको हुन्।

शिर्क प्रकृतिको विरोध तथा पथभ्रष्टतामा लिप्त : अल्लाहको भनाइ छ : जसले अल्लाहको साझेदार बनाउँछ मानौं ऊ आकाशबाट खस्यो। अब उसलाई कि त पंक्षीले उठाएर लैजानेछ कि त हावाले उडाएर कुनै दुर्गम स्थानमा फ्याँकिदिनेछ। (सूरह हज :३१)

अल्लाहले शिर्क एउटा महा पाप भएको कारण त्यसको दण्डका लागि संसारिक दण्ड र परलोकीय दण्डको नियम पनि बनाएका छन्।

शिर्क अक्षम्य पाप : अल्लाहले आफूसित कसैलाई साझेदार बनाउने पाप (शिर्क) लाई कदापि क्षमा गर्ने छैनन् तर यसबाहेकका अन्य पाप जसको लागि चाहनेछन् क्षमा गर्नेछन् । (सूरह निसा :४८)

शिर्क सबै पुण्यको नाशक : (हे नबी !) तिमीतर्फ र तिमीभन्दा पहिलेका (नबीहरू) तर्फ यही वह्य गरिएको थियो कि यदि तिमीले साझेदार ठहर गऱ्यौ भने तिम्रो कर्म खेर जानेछ र तिमी अवश्य नै घाटा बेहोर्नेहरूमध्ये हुनेछौ । (सूरह जुमरः६५)

शिर्क स्वर्ग प्रवेशमा बाधक : जसले कसैलाई अल्लाहको साझेदार ठहरायो उसको लागि अल्लाहले स्वर्ग निषेध गरे । उसको निवास नरक हुनेछ र यस्ता अत्याचारीहरूका कोही सहयोगी हुने छैनन् । (सूरह मायदा :७२)

शिर्क जन धनको अपहेलनाको कारक : अनि प्रतिष्ठित महिनाहरू समाप्त भएपछि मुशिरकहरूलाई जहाँकहीँ पाउँछौ हत्या गर; गिरफ्तार गर; घेर र हरेक छापा मार्ने ठाउँमा तिनीहरूको ताकमा बस । तर यदि तिनीहरूले प्रायश्चित गर्छन्; नमाज़ कायम गर्छन्; ज़कात चुक्ता गर्छन् भने तिनीहरूको बाटो छोडिदेऊ । निश्चय नै अल्लाह अति क्षमाशील एवं परम दयालु छन् । (सूरह तौबा :५)

ईश्दूतले भन्नुभयो : मलाई हुकुम भएको छ म ती मान्छेहरुसँग लडिरहुँ जसले एक अल्लाहको गवाही दिदैन । जसले यो कुरालाई स्वीकार्छ उसको जन धनको रक्षा हुन्छ र बाकी हिसाब अल्लाहको हातमा हुनेछ । (बुखारी र मुस्लिम)

यस विषय बारे धेरै गिरोहहरु पथभ्रष्ट भएका छन् ।

मूर्तिपूजक :उनीहरु मूर्तिहरुका पूजारी हुन् । उनीहरुले मानव, दानव, फरिश्ता, जनावर, तारा, रुख लगायत विभिन्न वस्तुहरुलाई आफ्नो पूज्य बनाएका छन् ।

कबर पूजारी : उनीहरुले कबरलाई पूजा गर्छन्, भेटि चढाउँछन्, कबरमा रहेकाहरुसँग मनकामनाको पुरा गर्ने आस्थाका साथ प्रार्थना गर्दछन् ।

जादुगर : उनीहरुले दानवको पूजा गर्दछन् ।

अल्लाहको उपासनामा शिर्क गराउने ठूला कारण र त्यसबाट बच्ने कुराहरु बारे ईश्दूतले सचेत गर्नुभएको छ ।

असल व्यक्तिहरुको अत्यधिक सम्मानबाट सचेत : इश्दूतको भनाइ छ : अत्यधिक सम्मानबाट होशियार होऊ, तिमीहरुभन्दा पहिलाका मानिसहरुलाई अत्यधिक सम्मान गर्ने प्रचलनले नाश गरेको थियो । इसाईहरुले मरयमको छोरा इसालाई अत्यधिक मान्यता दिएर जुन ठाउँमा राखेका छन् त्यो ठाउँमा मलाई नराख । म अल्लाहको उपासक हुँ तसर्थ मलाई केवल अल्लाहको उपासक तथा उनको दूत मान । (बुखारी)

असल व्यक्तिहरुको अत्याधिक सम्मान गर्नुमा उनीहरुलाई वसिला (माध्यम) बनाउनु पनि हो । वसिला धेरै किसिमका हुन्छन् :

शिर्की वसिला : यसले इस्लामबाट निष्कासित गर्दछ। जस्तै अल्लाहबाहेक अरुसँग नाफा र नोक्सान बारे प्रार्थना गर्नु ।

बिदअती वसिला : यो शिर्कसम्म त पुग्दैन तर अल्लाहले यस्तो वसिला बनाउने आदेश दिएको छैन । जस्तै असल व्यक्तिलाई वसिला बनाएर अल्लाहसँग माग्नु ।

जायज वसिला : जायज वसिला भनेको अल्लाहमाथि आस्था उसको आज्ञापालनालाई वसिला बनाउनु वा अल्लाहको नाम लिएर प्रार्थना गर्नु वा अल्लाहको गुणात्मक नामबाट दुआ गर्नु वा आफूले गरेको राम्रो कामलाई दर्शाएर प्रार्थना गर्नु वा कुनै कामको लागि कुनै जिउँदो असल व्यक्तिसंग दुआ गर्न भन्नु आदि हो ।

उमर रजि.को कथन छ : हे अल्लाह हामी हाम्रो संदेष्टालाई वसिला बनाउँछौं हामीलाई पानी वर्षाऊ। हे अल्लाह हामी हाम्रा संदेष्टाका काकालाई वसिला बनाउँछौं हामीलाई पानी वर्षाऊ । (बुखारी)

यसमा अब्बास रजि.को दुआलाई वसिला बनाइएको छ। त्यो पनि ईश्दूतको नाता भएकोले स्वयंलाई होइन । मृत्यु भएको कुनै असल व्यक्तिलाई वसिला बनाउनु जायज भएको भए, उनीहरुले ईश्दूतको मृत्युपछि पनि उहाँलाई वसिला बनाउँथे ।

## कबरबाट हुने विकारबाट सचेतना :

कबरलाई मस्जिद बनाउनु : आइशा रजि.मार्फत वर्णन गरिएको छ, उनी भन्छिन्: जब ईश्दूतलाई मृत्युको घिडघिडा लाग्यो वहाँले आफ्नो अनुहारमा पटक पटक लुगा हाल्नु हुन्थ्यो । केही आराम हुँदा बर्को अनुहारबट हटाउनु हुन्थ्यो । यसै छटपटिको अवस्थामा वहाँले भन्नुभयो : यहूदी र इसाईमाथि अल्लाहको निन्दा होस् । किनभने उनीहरुले आफ्नो नबीको कबरलाई मस्जिद बनाएका छन् । यस्तो काम नगर्न भनी आफ्नो समुदायलाई सचेत गर्नु हुन्थ्यो ।  यदि यसको डर नभएको भए वहाँको कबरलाई पनि खुल्ला राखिन्थ्यो । मान्छेले वहाँको कबरलाई पनि मस्जिद बनाउछन् कि भन्ने डर छ ।

सुन, तिमीहरुभन्दा पहिलाका मानिसहरुले आफ्नो नबी तथा असल मानिसका कबरलाई मस्जिद बनाएका थिए । तिमीहरुले कबरलाई मस्जिद नबनाऊ । म तिमीहरुलाई त्यसबाट निषेध गर्दछु । (मुस्लिम)

कबरमा मस्जिद बनाउनु भनेको त्यो ठाउँलाई ढोग्ने ठाउँ बनाउनु हो । मस्जिद भनेको नै सज्दा गरिने ठाउँ हो ।

कबरमा भवन बनाउनु : त्यसलाई ठूलो बनाउनु वा त्यसलाई पलास्टर गर्नु । हजरत हैयाज असदी मार्फत वर्णन गरिएको छ उनी भन्छन् मलाई अली रजि.ले भने, सुन म तिमीलाई त्यो कुराबाट सचेत गर्न चाहन्छु जुन कुराबाट ईश्दूतले मलाई सचेत गर्नु भएको थियो । तिमीले हरेक मुर्तिलाई मेटाऊ र हरेक कबरलाई बराबर गर ।

जाबिर रजि.मार्फत वर्णन गरिएको छ : ईश्दूतले कबरमा पलास्टर गर्न, त्यसमा बस्न र यहाँ भवन बनाउन निषेध गर्नु भएको छ । (मुस्लिम)

नीयत गरी त्यसतर्फ यात्रा गर्नु : ईश्दूतको भनाइ छ : तीन वटा मस्जिद बाहेक अरु कुनै ठाउँमा नीयत गरेर यात्रा नगर । मस्जिदे हरम, मस्जिदे नबवी र मस्जिदे अक्सा । (बुखारी, मुस्लिम)

बहुदेववादी र अहले किताब जस्तो नबन्न सचेतना : यस अर्न्तगत उनीहरुको आस्था, पूजा र उनीहरुको चाडपर्व आदि कुराहरुमा उनीहरुले जस्तो गर्नु हुँदैन ।

ईश्दूतले भन्नुभयो : बहुदेववादीहरुको विपरीत काम गर । उहाले भन्नुभयो : अग्नीपूजकहरुको विपरीत काम गर । उहाले भन्नुभयो : यहूदीहरुको विपरीत काम गर । (अबूदाऊद)

फोटो खिच्नुबाट सचेतना : आईशा रजि. मार्फत वर्णन गरिएको छ उम्मे सलमाले ईश्दूतसंग उनले हब्शामा देखेको कनिसाको बारेमा जिकिर गरिन् । त्यसमा बनेका फोटोहरुको बारेमा पनि भनिन् । उहाले भन्नुभयो : तिनीहरु यस्तो समुदाय हुन् यदि उनीहरुमा कुनै असल गुरुको मृत्य भयो भने उनीहरुले उसको चिहानमा मस्जिद बनाउने गर्छन् अनि त्यसमा उसको फोटो पनि बनाउँछन् । उनीहरु अल्लाहको नजरमा अति नराम्रा प्राणी हुन् ।

शिर्क झल्कने शब्दहरु नबोल्न सचेतना : जस्तै अल्लाहबाहेक अरुको कमस खानु । हदीसमा वर्णन गरिएको छ : जसले अल्लाह बाहेक अरुको कसम खान्छ उसले कुफ्र गर्‍यो वा शिर्क गर्‍यो ।

अल्लाहको चाहनामा अरुलाई पनि साझी नमान्न सचेतना : जस्तै- जो अल्लाहले र तपाइँले चाहनुभयो भने भन्नु । ईश्दूतले भन्नुभएको छ : के तिमीहरुले मलाई अल्लाहको बराबर ठानेका छौ ? तिमीहरुले भन : एक अल्लाहले जे चाहे । (नेसाई)

हामीमा यो यो ताराले गर्दा वर्षा भयो भनेर नभन्न सचेतना : हदीसमा भनिएको छ : जसले यो यो ताराले गर्दा हामीमा वर्षा भयो भन्छ उसले मेरो इन्कार गर्‍यो र ताराहरुमाथि आस्था राख्यो । यसैमा अन्य कुराहरुलाई पनि दाँजिने छ ।

शिर्कसम्म पुर्‍याउने काम नगर्न सचेतना : कुनै कुरामा लाभ हुन्छ भनी हात तथा घाँटीमा धागा लगाउनु वा बाध्नु । यस सिलसिलामा उमर बिन हुसैन मार्फत एउटा हदीस वर्णन गरिएको छ : ईश्दूतले भन्नुभयो : ईश्दूतले एक जनालाई उसको हातमा पहेलो बाला लगाएको देख्नुभयो र वहाँले भन्नुभयो : धिक्कार छ तिमीलाई,

यो के हो? यो त रुढिवादीका कुराहरु हो । यसलाई निकाल, यसले तिमीलाई शंका बाहेक अरु केही दिन सक्दैन । यदि मर्न लाग्दा तिमीले यो लगायौ भने यसले तिमीलाई कहिल्यै लाभ गर्न सक्दैन । (अहमद, इब्ने माजा)

जन्त्र तथा ताविज नलगाउन सचेतना : हदीस छ, जसले ताविज लगाउँछ अल्लाहले त्यो पुरा गरिदिदैनन् । (हाकिम)

ताविज तथा जन्त्रमन्त्र र मोहनी मन्त्र गर्नु शिर्क हो : हदीस छ, निसंदेह जन्त्र मन्त्र तथा ताविज र मोहनी मन्त्र शिर्क हो । (अबू दाऊद )

शिर्क गरिने ठाउँमा जनावर वध गर्नु : हदीस छ, : एक जना ले बुवानाह भन्ने ठाउँमा भाकल चढाउँन भनी एउटा ऊँट बलि गर्ने बारे ईश्दूतसँग सोध्यो । वहाँले भन्नुभयो : के त्यहाँ अज्ञानकालमा मूर्तिहरु थिए ? उनले भने थिएनन्, के त्यहाँ उनीहरुले कुनै पर्व मनाउँथे ? उनीहरुले भने मनाउथेनन् । त्यसो भए आफ्नो नजर (भाकल) पुरा गर । (अबू दाऊद)

चराबाट लच्छिन (शुभ) वा अलच्छिन (अशुभ) को संकेत गर्नु : चराबाट लच्छिन र अलच्छिनको संकेत गर्नु शिर्क हो । (अबू दाऊद, इब्ने माजा)

उपरोक्त सम्पूर्ण कुराको सार के हो भने जुन कुरालाई कुनै कुराको कारक बनाइएको छैन त्यसलाई कारण बनाएर नाफा वा नोक्सानको कारण ठान्नु वा मान्नु शिर्क हो ।

## अल्लाहको नाम तथा गुणात्मक नाममाथि आस्था

यो विश्वास गर्नु कि अल्लाहका सर्वोत्तम नाम तथा उच्च विशेषताहरु छन् । अल्लाहले आफ्नो ग्रन्थमा जसरी आफ्नो बारेमा जानकारी दिएका छन् त्यसरी नै उनलाई मान्नु वा ईश्दूतले आफ्नो उपदेशमा अल्लाह बारे जे कुरा भन्नुभएको छ त्यसरी नै अल्लाहलाई मान्नु पर्दछ । साथै अल्लाहलाई कसैसँग नदाँजी वा अल्लाहको नाम तथा विशेषताको कुनै कैफियत नबताइ मान्नु पर्दछ । अल्लाहले आफ्नो बारेमा जुन कुरा नकारेका छन् वा अल्लाहका दूतले नकार्नु भएको छ त्यसलाई नकार्नु । जस्तै अल्लाहको विशेषतामा दोष लगाउनु वा प्राणीहरुसँग दाज्नु आदि । अल्लाहको विशेषतामा कुनै हेरफेर गर्नु पनि हुँदैन ।

अल्लाहको भनाइ छ : अल्लाहका राम्रा नामहरू छन् र उनलाई उनकै नामबाट पुकार्ने गर अनि ती व्यक्तिहरूलाई छोडिदेऊ जो उनका नामहरूप्रति दुष्टता देखाउँछन् । तिनीहरूले गर्ने गरेका कार्यको सजाय तिनीहरूले चाँडै नै पाउनेछन् । (सूरह आराफ : १८०)

अल्लाहको नाम तथा गुणात्मक नामलाई साबित गर्न मानव विवेकले मात्र पुग्दैन । अल्लाहले आफूलाई जुन विशेषताबाट विशिष्ट गरेका छन् वा इश्दूतले विशिष्ट गरेका छन् त्यो बाहेक अरु कुराबाट अल्लाहलाई विशिष्ट गर्नु जायज छैन । कुरआन र हदीसभन्दा अगाडि जान जायज छैन । अल्लाह र अल्लाहका रसूलले जुन विशेषता बारे बताएका छैनन् ती कुराहरुबाट मौन बस्नु नै वेश छ । अर्थात त्यस बारे चुप बस्नु पर्दछ । अल्लाहको भनाइ छ : अनि, ज्ञान नभएको कुराको पछि नलाग किनभने कान, आँखा र हृदयसित सोधिनेछ । (सूरह इस्रा : ३६)

अल्लाहका नामहरु आफ्नो शब्द तथा अर्थमा सुन्दरम एवं शुभम छन् । अल्लाहका विशेषताहरु पूर्ण छन् । त्यसमा कुनै किसिमको कमी छैन । अल्लाहको भनाइ छ : आकाशहरू तथा धर्तीमा उनैको गुण सर्वोच्च रहेको छ र उनी प्रभुत्वशाली एवं तत्वदर्शी छन् । (सूरह रुम : २७)

अल्लाहका नाम तथा विशेषताहरु सत्य हुन् । त्यसलाई इन्कार गर्नु वा त्यसलाई कसैसँग दाँज्नु वा जुन अल्लाहले आफ्नो लागि भनेको छैन त्यस्ता नामहरुले अल्लाहलाई पुकार्नु जायज छैन । जस्तैः लात, उज्जा, मनात आदि ।

त्यसै नामलाई पुकारेर दुआ गर्नु पर्दछ । दुआ नै उपासना हो । अल्लाहको गुणात्मक नाम जप्नु र त्यसको अर्थलाई जान्नु उचित हुन्छ । ती नामको प्रभावबारे सोच विचार गर्नु पनि पर्छ । ती नामहरुको उद्देश्यलाई हामीले आफ्नो व्यवहारमा उतार्नु पनि जरुरी हुन्छ ।

## अल्लाहका गुणात्मक नामको किसिमहरु :

अस्तित्वलाई जनाउँने विशेषता : यो विशेषता भनेको अल्लाहको अस्तित्वलाई दर्शाउने विशेषता हो । जस्तैः जीवन, कान, आँखा, ज्ञान, शक्ति, इरादा, तत्वदर्शीता आदि ।

कार्यपरक विशेषता : यी विशेषताहरुले अल्लाहको चाहना तथा तत्वदर्शीतालाई दर्शाउँछ । जस्तैः अल्लाहले जे चाहे, जस्तो चाहे आफ्नो तत्वदर्शीताका आधारमा गर्छन् । जस्तैः विराजमान हुनु, अवतरण हुनु, दया गर्नु, क्रोध हुनु, प्रसन्न हुनु, हाँस्नु, आउनु, आदि ।

अल्लाहका केही विशेषताहरुलाई अस्तित्वपरक र कार्यपरक दुवै शामील भएको विशेषता भनिएको छ, जस्तै कुरा गर्नु ।

अल्लाहको महानतालाई दर्शाउने विशेषता : यसका तीन वटा किसिम छन् ।

उलुउल् कदर : अल्लाह तआला आफ्नो हरेक विशेषतामा उच्च एवं उत्तम छन् । अल्लाहको भनाइ छ : अल्लाहका लागि सर्वोच्च गुण छन् । (सूरह नहल :६०)

उलुउल् कहर : अर्थात अल्लाह तआलाका लागि इज्जत, शक्ति र सम्पूर्ण प्राणीमा प्रभूत्वशाली जस्ता विशेषता छन् । अल्लाहको भनाइ छ : उनी (अल्लाह) आफ्ना भक्तहरुमाथि प्रभुत्वशाली छन् एवं तत्वदर्शी र सर्वज्ञानी छन् । (सूरह अन्आम : १८)

उलुउल् अज्जात : अर्थात अल्लाह तआला स्वयम् आफै आकाशमाथि विराजमान छन् अथवा अर्शमा विराजमान छन् । त्यहा आफ्नो प्राणीमध्ये कोही छैन । न त आफ्नो प्राणीमा आफ्नो कुनै अंश छ । अल्लाह पवित्र छ ।

त्यसैगरी हदीसमा भनिएको छ : ईश्दूतले एक जना महिलासँग सोध्नुभयो अल्लाह कहा छ ? उनले जवाफमा भनिन् आकाशमा, फेरि ईश्दूतले सोध्नुभयो, म को हुँ ? उनले भनिन्, अल्लाहको दूत । त्यसपछि ईशदूतले भन्नुभयो, मलाई विश्वास भयो तिमी मोमिन महिला हौ । कुरआन, सुन्नत तथा मानव विवेक र प्रकृतिले पनि यी विशेषताहरुलाई प्रमाणित गर्न सहयोग गर्दछन् । यसका तर्कहरु त अगन्य छन् ।

विराजमान हुनु : अल्लाहको भनाइ : अनि आफ्नो सिंहासनमा विराजमान भए (सूरह आराफ : ५४) कुरआनमा यही कुरा ७ ठाउँमा उल्लेख भएको छ ।

अल्लाह धर्ती र आकाश सृष्टि गरेपछि आफ्नो शान तथा मान मर्यादा र स्वाभिमानका साथ अर्शमा विराजमान भए। विराजमान हुनुको हालत प्राणीको जस्तो छैन। विराजमान हुनु व्यवहारिक विशेषता हो।

कुरा गर्नु : अल्लाहको भनाइ छ : हे सन्देष्टा ! भनिदेऊ- "यदि मेरा रबका वाणीहरू लेख्न समुद्र नै मसी बने पनि मेरा रबका वाणीहरू सकिनुभन्दा अघि नै त्यो समाप्त हुनेछ। यद्यपि हामी त्यसको सहयोगकालागि अरू समुद्र किन नल्याउँ। (सूरह कहफ : १०९)

एक अर्को ठाउँमा भनिएको छ : मूसासँग अल्लाहले स्पष्टरूपमा कुरा गरेका थिए। (सूरह निसा : १६४)

अनि, जब मूसा हाम्रो निश्चित समयमा उपस्थित भए र उनका पालनकर्ताले उनीसँग कुराकानी गरे (सूरह आराफ :१४३)।

अल्लाहले कुरा सुनिने गरी हरफ तथा स्वरका साथ कुरा गर्छन् तर त्यो कुरा प्राणीहरुको जस्तो हुँदैन। उनले जब चाहन्छन् तब कुरा गर्छन् जे चाहन्छन् त्यो कुरा गर्छन् ,जस्तो चाहन्छन् त्यस्तै कुरा गर्छन्।

अल्लाहका यी सम्पूर्ण विशेषताहरु सत्य हुन् भनी मान्नु जरुरी हुन्छ। त्यसमा हेरफेर नगरी वा कसैसँग नदाँजि ती विशेषताहरुलाई मान्नु पर्दछ। जसले यी विशेषताहरुमा फरक मत राख्छ ऊ अल्लाहको विशेषता बारे पथभ्रष्ट भएको मानिने छ।

## अल्लाहको विशेषता बारे पथभ्रष्ट भएका समूहहरु यस प्रकार छन् :

अहलु तम्सिल : त्यो समूह हो जसले अल्लाहको विशेषता साबित गर्न सीमाभन्दा अगाडि बढेर अल्लाहको विशेषतालाई मानवसँग जोडे। उनीहरुले यो त ईश्ग्रन्थबाट प्रमाणित छ भनी तर्क पनि गरेका छन्। किनभने अल्लाहले मानवसँग बाचा लिने बेलामा मानवसँग कुरा गरेको थियो। त्यसको जवाफ यसरी दिइएको छ : पहिलो कुरा त अल्लाहलाई कसैसँग दाज्नु वा अरु जस्तो छ भनी मान्नु निषेध गरिइएको छ। अल्लाहको भनाइ छ : अल्लाह जस्तो कुने वस्तु छैन। (सूरह शुरा :११)

एक अर्को ठाउँमा भनिएको छ : । अतः जानी-जानी (कसैलाई) अल्लाहको समकक्षी नबनाऊ । (सूरह बकराहः२२)

एक अर्को ठाउँमा भनिएको छ : अनि, कोही उनको समकक्ष पनि छैन । (सूरह इख्लास :४)

दोस्रो कुरा : सारधरण दिमागले पनि अल्लाह तआला कमजोर मानव जस्तो हुन सक्दैन भन्ने कुरा स्वीकारेको हुन्छ । उनको अस्तीत्वलाई मानवको अस्तीत्व जस्तो मान्नु र उनको विशेषतालाई मानवको जस्तो मान्नु हुँदैन ।

अहलुल् तातील : यिनीहरुले अल्लाहको विशेषतालाई नै इन्कार गरेका छन् । उनीहरुले भनेका छन्, यदि अल्लाहको विशेषतालाई मान्ने हो भने त्यो मानवसँग दाँजे सरह हुन्छ । उनीहरुले अल्लाहलाई विना विशेषता अल्लाहको अस्तित्वलाई मात्र मानेका छन् । त्यसैगरी जहमीहरुले पनि अल्लाहको नाम र विशेषतालाई इन्कार गरेका छन् । मुअतजेलाले अल्लाहको नामलाई मानेको छ तर विशेषतालाई इन्कार गरेको छ ।

अहलु ताविल : उनीहरुले भनेका छन् केही विशेषताहरु जस्तै कार्यपरक विशेषता वा सूचनापरक विशेषताले अल्लाहको वास्तविक विशेषतलाई जनाउँदैन । उनीहरुले त्यसको अन्य अर्थ लगाउने गर्छन् । यस बारे उनीहरुसँग कुनै ठोस प्रमाण पनि छैन ।

उनीहरुको जवाफ यसरी दिइएको छ : अल्लाह आफ्नो बारेमा सर्वज्ञाता छन् । ईशदूत आफ्नो पालनकर्ता बारे मानवमा सबैभन्दा ज्ञाता हुनुहुन्छ । तसर्थ कुनै पनि व्यक्तिले अल्लाह र अल्लाहको रसूलभन्दा बढी कसरी जान्न सक्छ ? तसर्थ उनीहरुको कुरा केवल पथभ्रष्टतामा आधारित छ ।

अल्लाहले कुरा गर्छ भन्ने कुरा सत्य हो । तसर्थ त्यसको अन्य अर्थ लगाउनु विना प्रमाण सही होइन । वास्तविक अर्थलाई अन्य अर्थ लगाउन सही होइन ।

अल्लाहको रसूलले त्यही कुरा समुदायलाई बताउनु भयो जुन उहाँमाथि अवतरण भएको थियो । अल्लाहका दूतले यस महत्वपूर्ण विषयमा अर्थात कुनै कुराको वास्तविक

अर्थ लगाउने वा अवास्तविक अर्थ लगाउने बारे लापरवाही त पक्कै पनि गर्नु भएन जुन मुद्दा अवास्तविक अर्थ लगाउनेहरुले उठाएका छन् ।

अहले तजहील : उनीहरुको विश्वास अनुसार अल्लाहले आफ्नो बारेमा जुन कुरा बताएका छन् वा ईश्दूतले अल्लाहको बारेमा जुन कुरा बताउनु भएको छ त्यसको वास्तविक अर्थ जान्न सकिदैन । त्यसको अर्थ अल्लाहले बाहेक कसैले जान्न सक्दैन । त्यहाँसम्म पुग्ने कसैसँग कुनै माध्यम पनि छैन ।

उनीहरुको जवाफ यसरी दिइएको छ : उनीहरुले अल्लाहलाई सर्वज्ञाता नै मानेनन् । न त आफ्नो विवेकले त्यसलाई प्रमाणित गर्न सके न ज्ञानको आधारमा नै ।

अल्लाहले कुरआन अरबी भाषामा अवतरण गरे । अनि आफ्नो उपासकलाई कुरआन पढ्न त्यसको अर्थ बुझ्न आदेश दिए । यसले अल्लाहको आदेश तथा अल्लाहले दिएको ज्ञानलाई अर्थका साथ बुझनु पर्छ भन्ने कुरा प्रमाणित गर्दछ । तर अल्लाहले आफ्नो बारेमा बताएको कुराहरुको अवस्था, सत्यतथ्य बारे अल्लाहलाई मात्र ज्ञान छ ।

उनीहरुको कुराले पहिलाका उलमाहरु अज्ञानी थिए भन्ने कुरा झल्काउँछ । उनीहरुको भनाइ अनुसार पहिलाका उलमाहरु अनपढ थिए र उनीहरुले कुरआनलाई आफ्नो चाहना अनुसार बुझ्दथे । जबकि यो कुरा गलत हो ।

# फरिश्तामाथि आस्था

यो दृढ विश्वास गर्नु कि अल्लाहले आफ्नो भक्तिको लागि यस्तो प्राणी सृष्टि गरेका छन् जसलाई अल्लाहले आफ्नो उपासनाको लागि विशिष्ट गरेका छन् । उनीहरुको वास आकाशमा छ साथै उनीहरुमा अल्लाहको आदेशलाई मान्ने र लागु गर्ने पूर्ण क्षमता पनि छ ।

फरिश्ताहरु बारे निम्न कुराहरु नमानी फरिश्तामाथि ईमान पूर्ण मानिदैन ।

## फरिश्ताहरु अति बुज्रुग, अल्लाहको निकट र अल्लाह समक्ष झुकेका छन्: फरिश्ताहरु अति बुज्रुग छन्, उनीहरु अल्लाहनिकट छन्, आफ्नो पालनकर्ता समक्ष झुकेका हुन्छन् :

उनीहरुमा अल्लाहको कुनै विशेषता हुँदैन । यहूदी र इसाईहरुको भनाइलाई उदघृत गर्दै अल्लाहले भनेका छन् : र, तिनीहरू भन्छन्- "करुणामय (अल्लाह) ले पुत्र ग्रहण गरेका छन् ।" (होइन) उनी पवित्र छन् । फरिश्ताहरू त अल्लाहका प्रतिष्ठित भक्त हुन् । तिनीहरू कुरामा उनीभन्दा अगाडि जाँदैनन् र उनीहरू उनकै आदेशको पालना गर्छन् । अल्लाह तिनीहरूका अघि तथा पछिका सम्पूर्ण मामिलाको ज्ञान र ाख्दछन् र ती फरिश्ताहरू कसैको सिफारिश गर्ने छैनन् ती व्यक्तिहरूबाहेक जसबाट अल्लाह प्रसन्न हुन्छन् । र, उनीहरू उनको भयबाट त्रसित रहन्छन् । (सूरह अम्बिया : २६–२८)

एक अर्को ठाउँमा भनिएको छ : तिनीहरू आफूमाथि रहेका रबसित डराउँछन् र तिनीहरूलाई जे आदेश दिइन्छ त्यही काम गर्नेगर्छन् । (सूरह नहल :५०)

हे आस्थावानहरू हो ! बचाऊ स्वयंलाई र आफ्ना परिवारलाई नरकको आगोबाट जसको ईन्धन मानव एवं ढुङ्गा हुनेछन् जसमाथि कठोर, प्रबल फ़रिश्ताहरू नियुक्त छन्; जो कहिल्यै अल्लाहको आदेशको अवहेलना गर्दैनन् र जे आदेश उनीहरूलाई दिइन्छ त्यसको पालना गर्छन् । (सूरह तहरिम : ६)

जो आदरणीय तथा कर्तव्यनिष्ठ रहेको छ । (सूरह अबस : १६)

स्मरण गर त्यस (महाप्रलयको) दिनलाई जब काफ़िरहरूलाई एकत्रित गरेर अल्लाहले फ़रिश्ताहरूलाई सोध्नेछन्- "के यिनीहरूले तिमीहरूको भक्ति गर्ने गथे ?" फ़रिश्ताहरूले भन्नेछन्- "तिमी पवित्र छौ ! हाम्रो संरक्षक-मित्र केवल तिमी हौ न कि यिनीहरू; बरु यिनीहरूले जिन्नको भक्ति गर्ने गर्थे र यिनीहरूमध्ये अधिकांश उनीहरूमाथि नै आस्था राख्दथे । (सूरह सबा :४०–४१)

उनीहरुले भने तिमी पवित्र छौ । हामीसँग तिमीले दिएको ज्ञान बाहेक कुनै ज्ञान छैन । निसन्देह तिमी सर्वज्ञ तथा तत्वदर्शी छौ । (सूरह बकराह :३२)

**फरिस्ताहरुलाई उत्कृष्ट नाम दिइएको छः** हामीलाई उनीहरुमध्ये जसको नाम बताइएको छ त्यसलाई हामीले मान्नु पर्छ जसको नाम बताइएको छैन उनीहरुमाथि पनि आस्था राख्नु पर्छ । जसको नाम बताइएको छ उनीहरुमध्ये केही निम्न छन्: जिब्रइल, मिकाइल, इस्राफील, मलकुल मौत, मालिक, रिजवान, मुन्किर नकीर । उपरोक्त फरिश्ताहरुको नाम कुरआन र सुन्नतमा उल्लेख छ ।

**फरिश्ताहरुको सृष्टि प्रकाशबाट भएको हो:** फरिश्ताहरुलाई प्रकाशबाट सृष्टि गरिएको हो । उनीहरुको शारीरिक बनावटमा पखेटा पनि छन् र उनीहरको बनावट ठूलो छ । उनीहरु विभिन्न किसिमका छन् ।

अल्लाहको भनाइ छ : सम्पूर्ण प्रशंसा आकाशहरू तथा पृथ्वीका सृष्टिकर्ता र दुई-दुई, तीन-तीन एवं चार-चार पखेटा भएका फ़रिश्ताहरूलाई सन्देशवाहक बनाउने अल्लाहका लागि हुन् । अल्लाह आफ्नो सृष्टिमा जे चाहन्छन् वृद्धि गर्छन् । निस्सन्देह अल्लाह हरेक कार्यको सामर्थ्य राख्दछन् । (सूरह फातिर : १)

हदीसमा भनिएको छ : फरिश्ताहरु प्रकाशबाट सृष्टि गरिएका हुन् । (मुस्लिम) एक अर्को हदीसमा भनिएको छ : ईश्दूतले फरिश्ता जिब्रइललाई देख्नुभयो उनको ६ सय पखेटाहरु थिए । हरेक पखेटाले क्षितिक्षलाई ढाकेको थियो ।

हदीसमा वर्णन भएको छ : ईश्दूतले भन्नुभयो : मलाई अर्शलाई उठाएका फरिश्ताहरुमध्ये एउटा फरिश्ताको बारेमा केही भन्न अनुमति दिइएको छ । उनको कान देखि काधसम्मको दुरी सात सय वर्ष जति छ । (अबूदाउद )

उनीहरु प्रत्यक्ष प्राणीहरु हुन्, अप्रत्यक्ष शक्ति होइनन् । उनीहरुको संख्या अत्यधिक छ । उनीहरुलाई अल्लाहले बाहेक कसैले गणना गर्न सक्दैन । एक अर्को हदीसमा छ : ईश्दूत मोहम्मद स. लाई सातौं आकाशमा रहेको बैतुल मामुरमा लगियो । उहाँले त्यहाँ हरेक दिन सत्तर हजार फरिश्ताहरुले नमाज पढेको देख्नुभयो । एक चोटी त्यहाँ गएका फरिश्ताहरुको दोस्रो पटक पालै आउदैन थियो । (बुखारी)

**फरिस्ताहरु अल्लाहको प्रशंसा गर्छन् :** अल्लाहले उनीहरुमा आफ्नो गुनगान गाउने, आफ्नो आदेश मान्ने र आफ्नो आदेश लागु गर्ने शक्ति दिएका छन् ।

अल्लाहको भनाइ : र, (फ़रिश्ताहरू भन्छन्)- हामीमध्ये प्रत्येककोनिम्ति निर्धारित स्थान रहेको छ । र, हामी पङक्तिबद्ध उभिएका छौं । र, (अल्लाहको) महिमागान गरिरहन्छौं । (सूरह साफ्फात : १६४,१६६)

फेरि पनि यिनीहरू घमण्ड गर्छन् भने जानुन् कि जो तिम्रा पालनकर्ताकहाँ छन् तिनीहरू रात दिन उनको महिमा गान गरिरहेका छन् र कहिल्यै थकित हुँदैनन् । (सूरह फुस्सेलत : ३८)

**फरिस्ताहरु परोक्षका प्राणी हुन् :** उनीहरुलाई यस संसारमा मानवले खोज्न वा भेट्न सक्दैनन् तर जसलाई अल्लाहले त्यो शक्ति प्रदान गरेका छन् उसले सक्छ । जस्तै ईश्दूतहरुले जीब्रइललाई उनको असली रुपमा देख्नुभयो । फरिश्ताहरु आरिखतमा भने प्रत्यक्ष देखिने छन् । । अल्लाहको भनाइ छ : जुन दिन तिनीहरूले फ़रिश्ताहरूलाई देख्नेछन् त्यो दिन अपराधीहरूका लागि शुभसूचनाको दिन हुने छैन र भन्नेछन्- “(स्वर्गबाट) वञ्चित भयौं ।” (सूरह फुरकान : २२)

(अर्थात्) सधैं रहने यस्ता बगैंचाहरू जसमा उनीहरू स्वयं प्रवेश गर्नेछन् र तिनका पूर्वज, पत्नी र सन्तानहरूमध्ये सत्कर्मीहरू पनि प्रवेश गर्नेछन् । र, फ़रिश्ताहरू प्रत्येक ढोकाबाट तिनीहरूसमक्ष आउनेछन् । (सूरह रअदः २३)

अल्लाहले उनीहरुलाई मानव रुप धारण गर्ने शक्ति पनि दिएका छन् । अल्लाहको भनाइ छ : अनि उनले उनी तिर बाट पर्दा गरि हालिन् (त्यस बेला) हामीले उनी

(मरयम) तिर आफ्नो फरिस्ता पठायौं, अनि ऊ उनी समक्ष ठीक मनिस बनि हाल्यो (सूरह मर्यम : १७)

त्यसतै अर्को ठाउँमा अल्लाहको भनाइ छ : इब्राहीमकहाँ हाम्रा फ़रिश्ताहरू शुभसूचना लिएर आए । उनीहरूले सलाम भने । इब्राहीमले पनि सलाम भने र केही क्षणमै भुटेको बाच्छो पेश गरे । परन्तु जब उनले उनीहरूका हात त्यसतर्फ बढेको देखेनन्, उनीहरूलाई अपरिचित ठानी उनले मनमा डर महसूस गरे । उनीहरूले भने- “नडराऊ, हामीहरू लूतका समुदायतर्फ पठाइएका छौं ।” (सूरह हूद :६९,७०)

त्यसतै अर्को ठाउँमा छ : अनि, जब हाम्रा फ़रिश्ताहरू लूतकहाँ पुगे तब उनी अति चिन्तित भए र तिनीहरूको सम्बन्धमा आफूलाई असमर्थ पाए । र, भने- “आजको दिन अति कठिन रहेको छ ।” र, उनका समुदायका मानिसहरू हतार गर्दै उनीतर्फ आए । उनीहरू पहिलेदेखि नै अश्लील कार्यमा लिप्त थिए । लूतले भने- “हे मेरा जातिबन्धुहरू हो ! यी हुन् मेरा (समुदायका) छोरीहरू जो तिमीहरूका लागि बढी पवित्र छन् । र, अल्लाहसित डराऊ । अनि मेरा पाहुनाको सम्बन्धमा मलाई अपमानित नगर । के तिमीहरूमध्ये कोही सज्जन छैन ? (सूरह हुद : ७७,७८)

उनीहरु मानव रुपमा अवतरण भएका थिए । जस्तै जीब्रइल एक सेतो कपडा लगाएर कालो कपालका साथ मान्छे जस्तो भएर आएका थिए । उनी कहिले दहिया कल्बी भन्ने एक जना सहाबीको रुपमा आउँथे ।

**फरिस्ताहरुलाई विभिन्न कामको वकिल बनाइएको छः** उनीहरु अल्लाहको तर्फबाट काममा खटिएका छन् । उनहीहरुमध्ये कोही अल्लाहको गुणगान गाउन मात्र खटिएका छन् । उनीहरुमध्ये केहीको काम यस प्रकार छ :

ईश्वाणी अवतरण गर्ने काम : यो काम फरिशता जीब्रइलको हो । अल्लाहको भनाइ छ : भनिदेऊ- “त्यसलाई त पवित्रात्मा (जिब्रईल) ले ठीक मेरा रबको तर्फबाट क्रमशः अवतरण गरेका छन् ताकि मोमिनहरूलाई सुदृढता प्रदान गरून् । र, यो मुस्लिमहरूका लागि मार्गदर्शन एवं शुभ-सूचना हो ।” (सूरह नहल : १०२)

र, निस्सन्देह यो (कुरआन) सम्पूर्ण जगत्का पालनकर्ताको तर्फबाट अवतरण गरिएको हो । यसलाई ईमानदार फ़रिश्ता (जिब्रईल) ले लिएर अवतरित भएका हुन् । तिम्रो हृदयमाथि ताकि तिमी मानिसहरूलाई सचेत गर्नेहरूमध्ये होऊ । (सूरह शुअरा : १९२–१९४)

पानी वर्षाउने काम : यो काम मिकाइलको हो । जस्तै हदीसमा वर्णन भएको छः यहुदीहरुले ईश्दूतसँग भनेका थिए, यदि तपाइँले फरिश्ता मिकाइललाई पानी वर्षाउन भन्नु भएको भए हुन्थ्यो ।

सूर फुक्ने काम : यो काम फरिश्ता इस्राफीलको हो । अल्लाहको भनाइ छ :

अनि, सूर फुकिनेछ तब आकाशहरू तथा पृथ्वीका सबै प्राणीहरू मरेर ढल्नेछन् ती बाहेक जसलाई अल्लाह चाहन्छन् । फेरि अर्को सूर फुकिनेछ अनि सबै स्वस्फूर्त रूपमा हेर्दै खडा हुनेछन् । (सूरह जुमर : ६८)

उपरोक्त तीन जना फरिश्ता जीब्रइल, मिकाइल र इस्राफील अन्य फरिश्ताहरुको सरदार हुन् । किनभने भने उनीहरुको जिम्मेवारी जीवनसँग सम्बन्धित छ । जिब्रइलको जिम्मेवारी मानव आत्मासँग छ, मिकाइलको जिम्मेवारी बोट विरुवाको जीवनसँग सम्बन्धित छ र इस्राफिलको जिम्मेवारी सदा जीवनसँग सम्बन्धि छ । उनीहरुमध्ये जीब्रइल उच्च कोटीमा छन् ।

मानवको संरक्षण गर्ने काम : अल्लाहको भनाइ छ : प्रत्येक व्यक्तिको अगाडि र पछाडि उनले नियुक्त गरेका निरीक्षकहरू खटाइएका छन् जो अल्लाहको आदेशले उसको रेखदेख गर्छन् र, अल्लाहले कुनै समुदायको अवस्था तबसम्म परिवर्तन गर्दैनन् जबसम्म उसले स्वयं आफ्ना व्यवहारलाई बदल्दैन । अनि, अल्लाहले कुनै समुदायमाथि कुनै प्रकोप ल्याउने निर्णय गर्दा त्यसलाई कसैले टार्न सक्दैन र न त्यस समुदायका लागि अल्लाहको दाँजोमा कुनै सहयोगी हुनेछ । (सूरह रअद : ११)

मानव कर्मको संरक्षण गर्ने काम : अल्लाहको भनाइ छ : र, याद राख दुईजना लेखनदास त्यसका दायाँ र बायाँ बसी हरेक कुरा लेखिरहेका छन् । (मानिसले) मुखबाट कुनै शब्द निकाल्न पनि पाएका हुँदैन तर त्यसनजिक एउटा निरीक्षक तैनात हुन्छ । (सूरह काफ :१७,१८)

मोमिनहरुलाई मदत र उनीहरुलाई ईमानमा राख्ने काम : अल्लाहको भनाइ छ : र, स्मरण गर जब तिम्रा पालनकर्ताले फ़रिश्ताहरूलाई सङ्केत गर्दै थिए- "म तिमीहरूको साथमा छु र मोमिनहरूलाई दृढता प्रदान गर । म अहिले काफ़िरहरूका हृदयमा धाक एवं त्रास उत्पन्न गर्नेछु अनि तिनीहरूको हत्या गर र तिनीहरूका जोर्नीहरूमा प्रहार गर ।" (सूरह अन्फाल १२)

भनिदेऊ- "तिमीहरूमाथि नियुक्त गरिएको मृत्युको फरिश्ता (दूत) ले नै तिमीहरूको प्राण लिन्छ अनि तिमीहरू आफ्ना पालनकर्तातर्फ फर्काइनेछौ । (सूरह सजदा : ११)

अनि जब तिमीहरूमध्ये कसैको मृत्यु आइपुग्छ तब हामीले पठाएका (फ़रिश्ता) ले उसको आत्मालाई कब्जा गर्छन् । र, उनीहरूले आफ्नो कार्यमा कुनै ढिलासुस्ती गर्दैनन् । (सूरह अन्आम :६१)

सोधपुछ गर्ने फरिश्ता मुन्किर र नकिरको काम : अनस बिन मालिक रजि. मार्फत वर्णन गरिएको छ, ईश्दूतले भन्नुभयो : जब मुर्दालाई कबरमा राखिन्छ र मलामीहरु फर्कछन् उसले उनीहरुको जुताको खट खट आवाज सुन्छ। अनि दुईवटा फरिश्ता आएर उसको अगाडि बस्छन् र सोध्छन् : यो व्यक्तिको बारेमा तिम्रो भनाइ के छ ? यदि ऊ मोमिन छ भने उसले उहाँ अल्लाहको रसूल मोहम्मद हुन् भनी जवाफ दिन्छ । अनि उसँग भनिने छ, ल हेर तिम्रो ठेकाना यो नर्क हुने थियो तर अल्लाहले त्यसलाई स्वर्गमा परिणत गरिदिएका छन्। उसले नर्क र स्वर्ग सबै देख्नेछ। यदि ऊ काफिर, मुनाफिक र वहुदेववादी छ भने उसलाई सोधिने छ, यो व्यक्तिको बारेमा तिम्रो भनाइ के छ ? उसले भन्ने छ मलाई थाहा छैन । मान्छेले जे भन्थे मैले पनि त्यही भन्थेँ । अनि ऊसँग भनिने छ न त तिमीले जान्यौ न त जान्ने कोसिस नै गऱ्यौ । उसलाई फलामको मार हानिने छ जसले गर्दा ऊ चिल्लाउने छ, जसको स्वर मानव र दानवले बाहेक सबैले सुन्ने छ ।

गर्भमा रहेको भ्रुणको मामिला बारे फरिश्ता : भ्रुणमा आत्मा हाल्न, उसको रोजी लेख्न, उसको समयावधी लेख्न, उसको काम र ऊ राम्रो हुन्छ वा नराम्रो त्यो लेख्ने जिम्मा उनको हुन्छ । एक हदीसमा वर्णन गरिएको छ जसलाई अब्दुल्लाह बिन मसऊदले वर्णन गरेका छन् । ईश्दूतले भन्नुभयो : तिम्रो जन्मको आरम्भ तिम्रो आमाको पेटमा गरिदा चालिस दिनसम्म वीर्यको अवस्थामा हुन्छ त्यसपछि रगतको टुक्रा बन्छ त्यसपछि मासुको टुक्रामा रहन्छ । त्यसपछि अल्लाहले एउटा

फरिश्ता पठाउँछन् । उसलाई अल्लाहले चारवटा कुरा लेख्ने आदेश दिन्छन् : ऊसँग भनिने छः उसको काम लेख, उसको रोजी लेख, उसको जीवन लेख र ऊ असल वा खराव हुने बारे लेख । त्यसपछि उसमा आत्मा हालिन्छ ।

नर्कको चौकिदारी गर्ने फरिश्ता : अल्लाहको भनाइ छ : र, हामीले नरकको कार्यकता फ़रिश्ताहरूलाई मात्र बनाएका छौं (सूरह मुदस्सिर : ३१)

र, तिनीहरूले चिच्याएर भन्नेछन्- “हे मालिक ! तिम्रा पालनकर्ताले हामीलाई समाप्त नै गरिदिऊन् ।” उनले जवाफ दिनेछन्- “तिमीहरू त सदा यसैमा रहनुपर्छ । (सूरह जुख्रुफ :७७)

हे आस्थावानहरू हो ! बचाऊ स्वयंलाई र आफ्ना परिवारलाई नरकको आगोबाट जसको ईन्धन मानव एवं ढुङ्गा हुनेछन् जसमाथि कठोर, प्रबल फ़रिश्ताहरू नियुक्त छन्; जो कहिल्यै अल्लाहको आदेशको अवहेलना गर्दैनन् र जे आदेश उनीहरूलाई दिइन्छ त्यसको पालना गर्छन् । (सूरह तहरिम : ६)

मोमिनहरुको लागि क्षमायाचना गर्ने फरिश्ताहरु : अल्लाहको भनाइ छ :

अर्श (सिंहासन) उठाएका र त्यस वरिपरिका फ़रिश्ताहरू आफ्ना पालनकर्ताको प्रशंसाका साथ महिमागान गर्छन् र उनीमाथि ईमान राख्छन् अनि आस्थावानहरूकालागि क्षमा याचना गर्छन्- “हे हाम्रा पालनकर्ता ! तिमीले आफ्ना दया र ज्ञानद्वारा प्रत्येक चिजलाई घेरेका छौ । अतः प्रायश्चित गर्ने तथा तिम्रो मार्गको अनुसरण गर्नेहरूलाई क्षमा गर र उनीहरूलाई नरकको यातनाबाट बचाऊ । हे हाम्रा पालनकर्ता ! उनीहरूलाई चिरस्थायी स्वर्गमा प्रवेश गराऊ र उनीहरूका पूर्वजहरू, स्त्रीहरू र सन्तानहरूमध्ये सत्कर्मीहरूलाई पनि । निस्सन्देह तिमी प्रभुत्वशाली एवं तत्वदर्शी छौ । र, उनीहरूलाई आफ्नो प्रकोपबाट सुरक्षित राख । र, वास्तवमा त्यस दिन दुष्टताबाट तिमीले जसलाई सुरक्षित राख्यौ, उसमाथि (ठूलो) दया गर्‍यौ । र, यही नै ठूलो सफलता हो ।”(सूरह गाफिरः ७,८,९)

वास्तवमा जुन व्यक्तिहरूले भने- “हाम्रा पालनकर्ता अल्लाह हुन्” अनि त्यसैमा कायम रहे उनीहरूकालागि फ़रिश्ताहरू यो भन्दै अवतरित हुनेछन्- “तिमीहरू

नडराऊ; दुःखी पनि नहोऊ बरु त्यस स्वर्गमा रमाऊ जसको वाचा तिमीहरूसित गरिन्थ्यो ।" (सूरह फुस्सेलत : ३०)

(अर्थात्) सधैं रहने यस्ता बगैंचाहरू जसमा उनीहरू स्वयं प्रवेश गर्नेछन् र तिनका पूर्वज, पत्नी र सन्तानहरूमध्ये सत्कर्मीहरू पनि प्रवेश गर्नेछन् । र, फ़रिश्ताहरू प्रत्येक ढोकाबाट तिनीहरूसमक्ष आउनेछन् । (र, भन्नेछन्) तिमीहरूले गरेको धैर्यको कारण तिमीहरूमाथि शान्ति होस् । अनि, कति उत्कृष्ट छ त्यो आख़िरतको घर ! (सूरह रअद :२३,२४)

# ग्रन्थमाथि आस्था

यस कुराको आस्था कि अल्लाहले आफ्नो रसुलहरुमाथि ग्रन्थ अवतरण गरे जुन सत्य छन् र त्यसमा मानवको लागि मार्गदर्शन छ। उनीहरुको लागि कृपा तथा अनुग्रह छ। उनीहरुको लागि उपदेश छ। त्यसमा हरेक कुरालाई प्रष्ट गरिएको छ।

अल्लाहको किताबमा आस्था राख्ने कुराले निम्न कुराहरुलाई समेटेको छ :

कुरआन अल्लाहको तर्फबाट अवतरण भएको हो : अल्लाहको भनाइ छ : (हे मुहम्मद !) उनले तिमीमाथि बिलकुल सत्यकासाथ यो ग्रन्थ अवतरण गरे जसले आफूभन्दा पहिलेका ग्रन्थहरूको पुष्टि गर्दछ र अल्लाहले तौरात तथा इन्जील पनि अवतरण गरे। (सूरह आले इमरान : ३)

कुरआन अल्लाहका शब्दहरु हुन्। कुनै फरिश्ताको वा रसुलको शब्द होइन।

**सम्पूर्ण ग्रन्थमा आस्था राख्नु :** जुन ग्रन्थहरु नामका साथ हामीलाई बताइएको छ त्यसमा नामका साथ ईमान राख्नु र जुन ग्रन्थको नाम बताइएको छैन त्यसमा पनि ईमान राख्नु पर्दछ। तीमध्ये चारवटा ग्रन्थ प्रमुख छन्।

**तौरात :** यो ईश्दूत मूसामाथि अवतरण गरिएको ग्रन्थ हो : अल्लाहको भनाइ छ : अल्लाहले भने- "हे मूसा ! मैले तिमीलाई आफ्नो सन्देश दिएर तथा तिमीसँग कुरा गरेर सम्पूर्ण मानिसहरू मध्येबाट छानेको छु अनि जुन मैले प्रदान गरेको छु त्यसलाई समात र मप्रति कृतज्ञ बन।" र, हामीले उनकालागि लेख्ने-पाटीहरूमा हरेक प्रकारका उपदेश तथा तपसील लेख्यौं (र भन्यौं)- "यी आदेशहरूलाई दृढतापूर्वक सम्हाल र आफ्नो जातिलाई त्यसको उत्तम आशयको पालना गर्ने आदेश देऊ। म चाँडै नै तिमीलाई अवज्ञाकारीहरूको स्थान देखाउनेछु।" (सूरह आराफ : १४४,१४५)

**इन्जिल :** यो ग्रन्थ ईश्दूत ईसामाथि अवतरण गरिएको ग्रन्थ हो। अल्लाहको भनाई छ : उनलाई हामीले इन्जील प्रदान गऱ्यौं जसमा मार्गदर्शन तथा दिव्यज्योति थियो। अनि, त्यसमा पनि तौरातमा जेजति थिए त्यसको पुष्टिकर्ता र ईशभय राख्नेहरूका लागि मार्गदर्शन एवं उपदेश थियो। (सूरह मायदा :४६)

कुरआन : यो ग्रन्थ ईश्दूत मोहम्मद स.माथि अवतरण गरिएको ग्रन्थ हो । अल्लाहको भनाइ छ : हे सन्देष्टा ! हामीले तिमीमाथि सत्यकासाथ ग्रन्थ अवतरण गऱ्यौं जसले पहिलेका ग्रन्थहरूको पुष्टि गर्दछ र जो तिनको संरक्षक पनि हो । (सूरह मायदा :४८)

अत्यन्तै बरकतयुक्त छन् उनी जसले आफ्ना भक्तमाथि फ़ुर्कान (कसौटी) अवतरण गरे ताकि उनी सम्पूर्ण मानवकालागि सचेतक होऊन् । (सूरह फुरकान :१)

जबुर : यो ग्रन्थ दाउदमाथि अवतरण गरिएको ग्रन्थ हो । अल्लाहको भनाइ छ : हामीले दाउदलाई जबुर प्रदान गऱ्यौं । (सूरह इस्रा : ५५ )

निस्सन्देह यी कुराहरू प्राचीन ग्रन्थहरूमा पनि छन् । इब्राहीम र मूसाका ग्रन्थहरूमा । (सूरह आला :१८,१९)

**कुरआनमा कुनै हेरफेर भएको छैन:** अल्लाहले इस्राईलको बारेमा खबर दिएका छन् उनीहरुले आफ्नो दूतहरुमाथि अवतरण भएको ग्रन्थको शब्दमा र अर्थमा हेरफेर गरेका छन् : अल्लाहको भनाइ छ : तिनीहरूले शब्दहरूलाई तिनको स्थानबाट हटाउँदछन् । (सूरह मायदा :१३)

तिनीहरू शब्दहरूलाई तिनका स्थान निश्चित हुँदाहुँदै पनि तिनको स्थानबाट हटाइदिन्छन् । सूरह मायदा :४१)

तिनीहरूमध्ये एउटा समूह यस्ता मानिसहरूको पनि छ जो ईशग्रन्थ पढ्दा आफ्ना जिब्राहरूलाई लटपटाएर पढ्छन् ताकि त्यसलाई तिमीहरूले ग्रन्थको अंश ठान जबकि त्यो ग्रन्थको अंश भने होइन र तिनीहरू यो अल्लाहको तर्फबाट हो भन्छन् जबकि त्यो अल्लाहको तर्फबाट होइन र (यसरी) तिनीहरू जानी जानी अल्लाहले भनेको भनेर झुठो कुरा बोल्छन् । (सूरह आले इमरान :७८)

तर कुरआनको सुरक्षाको जिम्मेवारी भने स्वयम् अल्लाहले लिएका छन् । कुरआनमा भनिएको छ : हामीले नै जिकर अर्थात कुरआन अवतरण गरेका हौं र हामीले नै यसको संरक्षण गर्छौं । (हिज्र :९)

एकअर्को ठाउँमा भनिएको छ : जुन व्यक्तिहरूले कुरआनको आगमनपश्चात् त्यसलाई इन्कार गरे (तिनीहरू पनि हामीबाट लुकेका छैनन्) । निस्सन्देह यो महान् ग्रन्थ हो । असत्य यस नजिक आउनै सक्दैन न सामुन्नेबाट न यसको पछिल्तिरबाट नै । यो त तत्वदर्शी एवं प्रशंसनीय अल्लाहको तर्फबाट अवतरण भएको हो । (फुस्सेलत : ४१–४२)

वास्तवमा अहले किताबाका ग्रन्थहरुमा उल्लेख भएका कथा तथा खबरहरु जसलाई इस्राईलियात भनिन्छ, त्यो तीन वटा कुराबाट खाली छैन ।

१, केही कुराहरु कुरआनको कुराहरुबाट मिल्दोजुल्दो छन् । हामीले त्यसलाई सत्य मान्छौ र त्यसको सत्यताको साक्षी पनि हाम्रो ग्रन्थ छ । जस्तै नूहको जमानामा आएको आँधी, इब्राहीम, यूसुफ, मूसाको वर्णन, फिराऔन डुबेको र ईसाका चमत्कारको वर्णन आदि ।

२, केही कुराहरु कुरआनको विपरीत छन् । हामीले त्यसलाई असत्य मान्छौं । किनभने ती कुराहरु उनीहरु स्वयमले गढेका हुन् आफ्नो हातले लेखेका हुन् । जस्तैः लुत अलैही सलामले रक्सी खाएको भन्ने बारे गलत कुरा, आफ्नो छोरीसंग दुराचार गरेको भन्ने झुटो कुराहरु आदि । त्यस्तै उनीहरुले इसालाई अल्लाहको छोरा मान्ने जस्ता कुराहरु गलत हुन् । अल्लाह यस्ता कुराहरुबाट पवित्र छन् र महान छन् ।

३, केही कुराहरु यस्ता छन् जुन कुरआनको कुराबाट मिल्दोजुल्दो पनि छैनन् र कुरआनको विपरीत पनि छैनन् । त्यस्ता कुराहरुलाई हामीले झुटो पनि मानेका छैनौं र साँचो पनि मान्दैनौं । अल्लाहका संदेष्टा मोहम्मद स.ले भन्नुभयो : यदि अहले किताबले कुनै कुरा गढे भने त्यसलाई सत्य नमान र असत्य पनि नमान । उनीहरुलाई भन । हामीले त अल्लाहमाथि उनको ग्रन्थमाथि, उनका रसूलमाथि आस्था राखेका छौं । यदि ती कुराहरु सत्य छन् भने झुटो नभन यदि ती कुराहरु झुटा छन् भने त्यसलाई सत्य नठान । (अहमद)

अल्लाहका सन्देष्टाले भन्नुभयो : इस्राईलको बारेमा कुरा गर त्यसमा कुनै आपत्ति छैन ।

**कुरआनको आदेशलाई शरिअत मान्नु** : अल्लाहले कुरआनलाई अघिल्ला सम्पूर्ण ग्रन्थमाथि प्रभूत्व दिएका छन् । त्यसकारण कुरआनको आदेश विपरीत

अन्य कुनै आदेश मान्नु जायज छैन । अल्लाहको भनाइ छ : हे सन्देष्टा ! हामीले तिमीमाथि सत्यकासाथ ग्रन्थ अवतरण गऱ्यौं जसले पहिलेका ग्रन्थहरूको पुष्टि गर्दछ र जो तिनको संरक्षक पनि हो । अतः तिमीहरूले तिनीहरूसँग अल्लाहद्वारा अवतरित कानून अनुसार फैसला गर । र, जुन सत्य तिमीसमक्ष आएको छ त्यसबाट विमुख भएर तिनीहरूको चाहनाहरूको पछि नलाग । हामीले तिमीहरू सबैकालागि एउटा धर्म-विधान एवं कार्यप्रणाली तय गरेका छौं । यदि अल्लाहले चाहेको भए तिमीहरू सबैलाई एउटै समुदाय बनाउन सक्थे तर अल्लाहले तिमीहरूलाई प्रदान गरेका चिजहरूमा तिमीहरूको परीक्षा लिन चाहे । अतः सत्कर्ममा एक अर्काभन्दा अगाडि बढ्ने प्रयास गर । अन्ततः तिमीहरू सबै अल्लाहतर्फ नै फर्कनेछौ अनि उनले तिमीहरूलाई बताउनेछन् जसमा तिमीहरूले मतभेद गर्ने गर्छौ । र, त्यसैले यिनीहरूबीच त्यस कानून अनुसार फैसला गर जुन अल्लाहले अवतरण गरेका छन् । र, यिनीहरूको चाहनाको पछाडि नजाऊ । तिमीलाई अल्लाहले अवतरण गरेका केही आदेशहरूबाट यिनीहरूले विमुख पार्लान् भनेर सचेत होऊ । र, यदि तिनीहरू विमुख हुन्छन् भने अल्लाहले नै तिनीहरूलाई तिनका केही पापहरूको सजायँ दिन चाहन्छन् भन्ने कुरा हृदयंगम गर । र, निस्सन्देह यी मानिसहरूमध्ये अधिकांश अवज्ञाकारी हुन् । के यिनीहरू अज्ञानताको फैसला चाहन्छन् ? र, विश्वासीहरूका निम्ति अल्लाहभन्दा उचित न्यायाधीश अरू को हुन सक्छ र ? (सूरह मायदा : ४८-५०)

**कुरआनको सम्पूर्ण कुराहरुमा आस्था राख्नु** : अल्लाहको भनाइ छ : यो त तिमीहरू हौ जो तिनीहरूप्रति प्रेम प्रकट गर्छौ अपितु तिनीहरूले तिमीहरूलाई रूचाउँदैनन जबकि तिमीहरू सबै ईश-ग्रन्थमाथि आस्था राख्दछौ । र, तिनीहरू तिमीहरूलाई भेट्दा भन्छन्- “हामी विश्वास गर्छौं ।” तर अलग हुँदा तिमीहरूप्रतिको क्रोधले औंला चपाउँछन् । भनिदेऊ–“तिमीहरू आफ्नो क्रोधमा आफैं मर ।” निस्सन्देह अल्लाह हृदयमा लुकेको भेदलाई पनि जान्दछन् । (आले इमरान :११९)

**कुरआनलाई लुकाउनु, त्यसमा हेरफेर गर्नु र त्यसमा विवाद गर्नु हराम छः** अल्लाहको भनाइ छ : र, स्मरण गर, अल्लाहले ग्रन्थवाहक (अह्ले किताब) हरूसित वचन लिए कि तिमीहरूले यसलाई मानिसहरूमाझ स्पष्टरूपमा बयान गर्नेछौ र लुकाउने छैनौ । तर तिनीहरूले त्यसलाई पिठयूँपछाडि फ्याँके अनि तुच्छ

लाभका लागि त्यसलाई बेचे । कति नराम्रो रहेछ तिनीहरूले गर्ने यो कारोबार ! (सूरह आले इमरानः १८७)     एक अर्को ठाउँमा भनिएको छ : यी ती मानिसहरू हुन् जसले सत्मार्गलाई छोडेर पथभ्रष्टता र क्षमालाई छोडेर यातना मोलेका छन् । यी मानिसहरूले आगोमा जल्ने कस्तो दुस्साहस गर्छन् त ! यसको कारण यो हो कि अल्लाहले यस ग्रन्थलाई सत्यका साथ अवतरण गरे तर यस  ग्रन्थको बारेमा मतभेद गर्नेहरू यसको विरोधमा (सत्यतादेखि) धेरै टाढा पुगिसके । (सूरह बकराह :१७४,१७६)

# ईशदूतमाथि आस्था

यस कुरामाथि आस्था राख्नु कि अल्लाहले मानवमध्ये केही व्यक्तिहरुलाई चुन्नुभयो र उनीहरुमाथि ईश्वाणी अवतरण गर्नुभयो साथै उनीहरुलाई शुभसूचक तथा सचेतक बनाएर पठाउनुभयो। उनीहरुले अल्लाहको संदेश सम्पूर्ण मानवसमक्ष अल्लाहको उपासना गर्न भनी पुऱ्याए। अल्लाहको भनाइ छ : अल्लाह नै फ़रिश्ताहरू तथा मानिसहरू मध्येबाट सन्देशवाहक छान्ने गर्छन्। निस्सन्देह अल्लाह सर्वश्रोता र सर्वद्रष्टा छन्। (सूरह हज : ७५)

एक अर्को ठाउँमा भनिएको छ : तिमीभन्दा पहिले केवल पुरुषहरूलाई हामीले रसूलको रूपमा पठायौं जसमाथि हामीले प्रकाशना (वह्य) गर्ने गर्थ्यौं। अनि तिमीहरूलाई थाहा छैन भने ग्रन्थवाहकहरूलाई सोध। (सूरह नहल :४३)

एक अर्को ठाउँमा भनिएको छ : हामीले प्रत्येक समुदायमा रसूल पठायौं। केवल अल्लाहको उपासना गर र 'तागूत' (हरेक किसिमका असत्य पूज्य) देखि टाढा रहने गर। (सूरह नहल : ३६)

## ईश्दूतमाथि आस्थामा निम्न कुराहरु सामिल छन् :

ईश्दूतहरुले दिएको संदेश अल्लाहको तर्फबाट आएको हो : अल्लाहको भनाइ छ : र, तिनीहरूसमक्ष कुनै आयत आउँदा तिनीहरू भन्छन्- "हामी कदापि ईमान ल्याउँदैनौं जबसम्म हामीलाई पनि त्यस्तै चिज प्रदान गरिंदैन जस्तो अल्लाहका रसूलहरूलाई प्रदान गरिएको थियो।" अल्लाहले कसलाई आफ्नो सन्देष्टा बनाउने भन्ने सम्बन्धमा उनी स्वयं राम्ररी जान्दछन्। निस्सन्देह अपराधीहरूले तिनका षड्यन्त्रले गर्दा अल्लाहकहाँ अपमान एवं कठोर यातना भोग्नु पर्ने छ। (सूरह अन्आम : १२४)

एक अर्को ठाउँमा भनिएको छ : र, यिनीहरूले भने- "यो कुरआन यी दुई ठूला नगरहरू मध्येका कुनै महान् व्यक्तिमाथि किन अवतरित गरिएन ?"के यिनीहरू तिम्रा पालनकर्ताको दयालाई बाँडफाँड गर्छन् ? हामीले सांसारिक जीवनमा यिनीहरूबीच यिनका जीविकालाई बाँडिदिएका छौं र एकलाई अर्कामाथि श्रेष्ठता प्रदान गरेकाछौं ताकि तिनीहरूले एक अर्काबाट सेवा प्राप्त गरून्। र, तिम्रा पालनकर्ताको दया यिनीहरूले जम्मा गरिरहेका (धन-सम्पत्ति) भन्दा उत्तम रहेको छ। (सूरह जुखुफ : ३१,३२)

ईश्दूतत्व अभ्यास वा संघर्ष गरेर पाइने कुरा होइन । जस्तै केही सूफीहरुको धारणा छ। त्यसैगरी पवित्र शक्तिको संगठनबाट पनि बन्ने होइन। जस्तै केही पथभ्रष्ट दार्शनिकहरुले भनेका छन्। त्यो त अल्लाहको कृपा मात्र हो जसलाई चाहन्छन् प्रदान गर्छन् ।

**अल्लाहका सम्पूर्ण सन्देष्टाहरुमाथि आस्था राख्नु पर्छ :** केही संदेष्टाहरु जसको नाम हामीलाई बताइएको छ कुरआनमा उल्लेख छ। अल्लाहको भनाइ छ : अनि, हामीले इब्राहीमलाई इस्हाक़ तथा याअ़्क़ूब प्रदान गर्‍यौं। सबैको पथप्रदर्शन गर्‍यौं र नूह़लाई पनि हामीले यसभन्दा अघि मार्गदर्शन गरेका थियौं तथा उनका सन्तानहरूमध्ये हामीले दाऊद, सुलैमान, ऐय्यूब, यूसुफ़, मूसा एवं हारूनलाई पनि। यसरी नै हामी सुकर्मीहरूलाई प्रतिदान प्रदान गर्छौं। ज़करिया, यह़्या, ईसा तथा इल्यासलाई पनि (सत्मार्ग देखायौं)। यी सबै सत्कर्मीहरूमध्ये थिए। इस्माईल, अल-यसअ़, यूनुस र लूत़लाई पनि (सत्मार्ग देखायौं)। सबैलाई हामीले संसारबासीहरूमाथि प्रधानता प्रदान गर्‍यौं। (सूरह अन्आम : ८४-८६)

उनीहरु सबैमाथि आस्था राख्नु जरुरी छ। किनभने उनीहरु सबैको आह्वान एउटै थियो । अल्लाहको भनाइ छः अल्लाहले तिमीहरूकालागि त्यही धर्म निर्धारित गरेका छन् जसको आदेश उनले नूह़लाई दिएका थिए। अनि, जसको प्रकाशना (हे मुह़म्मद!) हामीले तिमीतर्फ गरेका छौं र जसको आदेश हामीले इब्राहीम, मूसा तथा ईसालाई दिएका थियौं कि धर्मलाई स्थापित गर र यसमा मतभेद नगर। (सूरह शुरा :१३)

उनीहरुमध्ये एक जनालाई इन्कार गर्नु सबैलाई इन्कार गरे सरह हुनेछ। अल्लाहको भनाइ छ : नूहका समुदायले ईश्दूतहरुलाई झुटा ठाने। (सूरह शुअरा :१०५)

नूह पहिलो संदेष्टा हुन्। अल्लाहका संदेष्टाहरु बारे भेदभाव गर्नु जायज छैन। त्यसै गरी कसैमाथि आस्था राख्ने कसैमाथि नराख्ने यो पनि जायज छैन। अल्लाहको भनाइ छ : निस्सन्देह ती मानिसहरू जो अल्लाह एवं उनका रसूलहरूलाई इन्कार गर्दछन् र अल्लाह एवं उनका रसूलहरूबीच विभेद खडा गर्न चाहन्छन् र भन्दछन्- “हामी कुनै रसूलमाथि ईमान राख्दछौं र कसैलाई इन्कार गर्दछौं”, तिनीहरू दुवैको बीचबाट कुनै निकास निकाल्न चाहन्छन्; तिनीहरू वास्तवमा पक्का काफ़िर हुन् र काफ़िरहरूकालागि

हामीले अपमानजनक यातना तयार पारेका छौं । जो अल्लाह एवं उनका रसूलहरूमाथि ईमान ल्याउनेछन् र उनीहरूबीच विभेद खडा गर्दैनन् तिनीहरूलाई तिनको प्रतिदान अल्लाहले छिट्टै प्रदान गर्नेछन् । र, अल्लाह अति क्षमाशील, परम दयालु छन् । (सूरह निसा : १५०-१५२)

**अल्लाहका संदेष्टाहरुलाई सत्य मान्नु र उनीहरुले दिएको संदेशलाई स्वीकार्नु :** अल्लाहको भनाइ छ : हे मनुष्यहरू हो ! तिम्रा पालनकर्ताकोतर्फबाट सत्यका साथ ईशदूत तिमीहरूसमक्ष आइसकेका छन् । अतः तिमीहरू ईमान ल्याऊ । यो तिम्रैलागि उत्तम हुनेछ र तिमीहरू अनास्था प्रदर्शन गर्छौ भने (जानिराख) आकाशहरू एवं धर्तीमा जे जति छन् सबै अल्लाहका हुन् र अल्लाह सर्वज्ञ एवं तत्वदर्शी छन् । (सूरह निसा : १७०)

**अघिल्ला संदेष्टाहरु बारे सही कुरालाई मान्नु जरुरी छ :** जुन कुराहरु कुरआन र हदीसमा वर्णन भएका छन् त्यसलाई मान्नु अनिवार्य छ र त्यसलाई सत्य मान्नु पनि जरुरी छ ।

**संदेष्टाहरुको आज्ञापालना गर्नु :** अल्लाहको भनाइ छ : र, हामीले हरेक रसूल (ईशदूत) लाई अल्लाहको आदेशबमोजिम उनको आज्ञापालन गरियोस् भन्ने उद्देश्यले मात्र पठाएका छौं । (सूरह निसा :६४)

हरेक समुदायलाई उसको संदेष्टाको कुरा मान्नु अनिवार्य छ । अन्तिम संदेष्टा मोहम्मद स. हुनुहुन्छ । उहाँको संदेशले अघिल्ला सबै संदेशलाई रद्द गरेको छ । तसर्थ उहाँको संदेशबारे जानकारी पाएको हरेक व्यक्तिले त्यसको आज्ञापालना जरुरी छ । अल्लाहको भनाइ छ : जो उम्मी सन्देष्टा (मुहम्मद) को अनुसरण गर्छन्; जसलाई उनीहरू आफूसँग रहेको तौरात तथा इन्जीलमा उल्लेख भएको पाउँछन्; जसले तिनीहरूलाई सुकर्मको आदेश दिन्छन् र कुकर्मबाट रोक्छन् र पवित्र वस्तुहरूलाई तिनीहरूका लागि वैध तथा अपवित्र वस्तुहरूलाई अवैध गर्छन् अनि तिनीहरूमाथि लादिएको बोझलाई झार्छन्; त्यस बन्धनलाई खोल्छन् जसमा तिनीहरू जकडिएका थिए । अतः जुन मानिसहरूले उनीमाथि आस्था ल्याए र तिनको समर्थन तथा मद्दत

गरे र उनीमाथि अवतरण भएको प्रकाशको अनुसरण गरे, तिनीहरू नै सफलता प्राप्त गर्नेहरू हुन् ।" हे मुहम्मद ! भनिदेऊ- "हे मनुष्य हो ! म तिमीहरू सबैतर्फ त्यस अल्लाहद्वारा पठाइएको रसूल (दूत) हुँ जसकालागि आकाशहरू तथा धर्तीको शासन रहेको छ । उनीबाहेक कोही सत्य पूज्य छैन । उनी नै जीवन प्रदान गर्छन् र मृत्यु दिन्छन् । अतः अल्लाह तथा उनको त्यस उम्मी रसूल (दूत) माथि ईमान ल्याऊ जो अल्लाह तथा उनका वाणीहरूमाथि ईमान राख्छन् र उनकै अनुसरण गर जसले गर्दा तिमीहरूले मार्गदर्शन प्राप्त गर्न सक्नेछौ ।" (सूरह आराफ : १५७,१५८)

ईश्दूतहरुलाई आदर इज्जत तथा माया गर्नु: अल्लाहको भनाइ छः होइन, तिम्रा पालनकर्ताको कसम ! जबसम्म तिनीहरूले आपसी झैं-झगडामा तिमीलाई न्यायाधीश बनाउँदैनन् र तिमीले गरेको फैसलाप्रति आफ्नो मनमा द्विविधारहित स्थिति पाउँदैनन् तथा पूर्णरूपले समर्पण गर्दैनन् तबसम्म तिनीहरू आस्थावान हुन सक्दैनन् । (सूरह मायदा :५५,५६)

हे सन्देष्टा हो ! भनिदेऊ- "यदि तिम्रा पिता, सन्तान, दाजुभाइ, दम्पत्ती, नातेदार, तिमीहरूले आर्जन गरेका सम्पत्ति, त्यो व्यापार जसमा मन्दी हुनबाट डराउँछौ अनि तिमीहरूले मन पराएका घरहरू (यी सबै) अल्लाह, उनका रसूल र उनको मार्गमा युद्ध गर्नु (यी सबै) भन्दा बढी मन पर्छ भने अल्लाहले आफ्नो निर्णय पठाउन्जेल पर्ख ।" र, अल्लाहले अवज्ञाकारी मानिसहरूलाई सत्मार्ग देखाउँदैनन् । (सूरह तौबा : २४)

अल्लाह एवं उनका फरिश्ताहरू नबीमाथि 'दया तथा शान्ति (दरूद) पठाउँछन् । अतः हे आस्थावानहरू हो ! तिमीहरू पनि उनीमाथि 'दरूद' तथा सलाम पठाउने गर । (सूरह अहजाब : ५६)

संदेष्टा मोहम्मद स.को भनाइ छ : तिमीहरु ईमानवाला बन्न सक्दैनौ जबसम्म मलाई तिमीहरु आफ्नो बुबा तथा छोरा र सम्पूर्ण मानवभन्दा बढी प्रिय बनाउदैनौ । (मुत्तफकुन अलैह)

# आखिरत अर्थात परलोकमाथि आस्था

यस कुरामा आस्था कि अल्लाहले अन्तमा आफ्नो सम्पूर्ण प्राणीलाई उनीहरुको चिहानबाट जिवित गर्नेछ र उनीहरुको कर्मको हिसाब किताब लिनेछ र त्यसको आधारमा उनीहरुलाई स्वर्गीय वा नर्कीय घोषित गर्नेछ । अल्लाहको भनाइ छ : र, अत्याचारीहरू जुन कार्य गर्छन् त्यो अल्लाह जान्दैनन् भन्ने नठान । अल्लाह तिनीहरूलाई त्यस दिनसम्म मात्र मौका दिइरहेका छन् जुन दिन आँखाहरू एकोहोरो हेरिरहनेछन् । (सूरह इब्राहीम : ४२)

जुन दिन महाप्रलय आउनेछ त्यस दिन तिनीहरू छुट्टिनेछन् । अनि जसले ईमान ल्याएका र सत्कर्म गरेका हुनेछन् उनीहरूलाई स्वर्गको बगैंचामा आनन्द एवं उल्लासकासाथ राखिनेछ । तर जसले कुफ्ऱ गरेका हुनेछन् र हाम्रा आयतहरू तथा आख़िरतको साक्षात्कारलाई झुठो ठहर गरेका हुनेछन् तिनीहरू यातनामा हाजिर गराइनेछन् । (सूरह रुम : १४-१६)

## आखिरतमा आस्था राख्दा निम्न कुराहरु मान्नु जरुरी छ ।

मृत्युपछि घटने कुराहरुमाथि आस्था राख्नु : जस्तै फरिशताहरुलाई देख्नु, चिहानमा मानिससँग सोधपुछ हुनु, चिहानमा हुने दण्ड वा कृपा, त्यसैगरी बर्जखीय जीवनमा हुने कुराहरु आदिमा आस्था राख्नु । अल्लाहको भनाइ छ : यदि तिमीले त्यो स्थिति हेर्न सकेको भए (बेस हुने थियो) जब फ़रिश्ताहरू अविश्वासीहरूको मुख तथा ढाडमा हिर्काउँदै प्राण लुछ्दछन् (र भन्छन्-) "चाख आगोको यातना । (अन्फाल :५०)

अनि अल्लाहले उसलाई तिनीहरूले गरेका उपायहरूको निकृष्टताबाट सुरक्षित राखे र फ़िरऔ़नका मानिसहरूलाई निकृष्ट प्रकोपले घेऱ्यो । आगो- जहाँ तिनीहरूलाई बिहानी र बेलुकी पेश गरिन्छ । र, जुन दिन महाप्रलय हुन्छ (त्यस दिन भनिनेछ)- फ़िरऔ़नका मानिसहरूलाई कठोर यातनामा हाल !" (सूरह गाफिर : ४५,४६)

अनस रजि.मार्फत वर्णन गरिएको छ । ईश्दूतले भन्नुभयो : जब मृतकलाई चिहानमा राखिने छ र मलामीहरु फर्कने छन् उसले मलामीको जुताको आवाज सुन्ने छ । ऊ भएको

ठाउँमा दुईवटा फरिश्ताहरु आएर बस्ने छन् र सोध्ने छन्। यो व्यक्ति बारे तिमी के भन्छौ? यदि ऊ मोमिन छ भने उसले भन्ने छ : म गवाही दिन्छु उहाँ अल्लाहको संदेष्टा तथा उपासक हुनु हुन्छ। ऊसँग भनिने छ, हेर तिम्रो ठेगाना यो नर्क थियो। तर अल्लाहले त्यसको सट्टा स्वर्ग प्रदान गरिदिएका छन्। उसले चिहानमा नै स्वर्ग र नर्क सबै देख्नेछ। यदि कोही मुनाफिक वा काफिर छ भने ऊसँग सोधिने छ। यस व्यक्तिको बारेमा तिमी के भन्छौ ? उसले जवाफमा भन्ने छ, मलाई थाहा छैन। मानिसहरुले जे भन्थे मैले पनि त्यही भन्थेँ। ऊसँग भनिने छ, तिमीले बुझेनौ र जान्नेहरुसँग पनि लागेनौ। त्यसपछि उसलाई फलामको मार हानिने छ। त्यहाँ ऊ चिल्लाउने छ। उसको स्वर मानव र दानवबाहेक अन्य सबै प्राणीले सुन्ने छ।

इब्ने अब्बास मार्फत वर्णन गरिएको छ। ईश्दूत दुईजनाको चिहानबाट जाँदै हुनु हुन्थ्यो। उहाँले भन्नुभयो, उनीहरुलाई दण्ड दिइदै छ। उनीहरुलाई कुनै ठूलो पापका कारण दण्ड दिइदै छ। एक जनालाई उसले पिशाब नधोएको कारण दण्ड दिइदै छ। अर्कोलाई चुक्ली गर्ने गरेकोले दण्ड दिइदै छ। त्यसपछि उहाँले हरियो दाउरा लिएर त्यसको दुइटा टुक्रा गरी ती दुवैको चिहानमा गाडिदिनुभयो। साथीहरुले सोधे, हे ईश्दूत तपाइँले यस्तो किन गर्नु भएको हो ? उहाँले भन्नुभयो, जबसम्म यो दाउरा सुख्दैन उनीहरुको दण्डमा केही कमी भइराख्ने छ।

**महाप्रलय घट्ने निशानीहरु बारे ईमान हुनु :** अल्लाहको भनाइ छ : अल्लाह नै हुन् जसले ग्रन्थलाई तथा (निसाफको) 'मीज़ान'(तराजु) अवतरित गरे। र, तिमीलाई के थाहा कतै निर्णयको घडी नजिक आइपुगेको छ कि ? महाप्रलयमाथि आस्था नराख्ने हरू नै यसकोलागि हतार गर्छन् तर त्यसमाथि आस्था राख्नेहरू त्यसबाट डराउँछन् र त्यो सत्य हो भनेर जान्दछन्। सुन, जुन मानिसहरू महाप्रलयबारे तर्क-वितर्क गर्छन् तिनीहरू पथभ्रष्टतामा धेरै टाढासम्म पुगेका छन्। (सूरह शुरा : १७,१८)

महाप्रलयको ठूलो निशानीहरुमध्ये यो पनि हो जुन ईश्दूतले बताउनु भएको छ। उहाँको भनाइ छ : महाप्रलय तबसम्म हुने छैन जबसम्म तिमीहरुले दश वटा निशानी देख्दैनौ। उहाँले ती कुराहरु भन्नुभयो : धुवाँ, दज्जाल, धर्तीको जनावर, पश्चिमबाट सुर्यको उदय, ईसाको अवतरण, याजुज माजुज, तीन ठाँउमा जमिन धसिनु:

पूर्वमा, पश्चिममा र अरब टापुमा, अन्तिम निशानी यमनबाट आगो निस्कने छ जसले मानिसहरुलाई महश्रको मैदानमा लैजाने छ । (मुस्लिम)

महाप्रलय अचानक आउने छ र छिटो आउने छ । अल्लाहको भनाइ छ : तिनीहरूले महाप्रलय कहिले आउनेछ भनी तिमीसित सोध्छन् । भनिदेऊ- “त्यसको ज्ञान त मात्र मेरा पालनकर्तालाई छ; त्यसलाई त्यसको (निर्धारित) समयमा उनले नै प्रकट गर्नेछन् । आकाशहरू तथा धर्तीका लागि यो कठिन समय हुनेछ र त्यो तिमीहरूमाथि अकस्मात् नै आउनेछ ।” तिनीहरूले यसबारे यसरी सोध्छन् मानौं तिमी त्यसको खोजीमा लागेकाछौ । भनिदेऊ- “त्यसको ज्ञान मात्र अल्लाहलाई छ । तर, अधिकांश मानिसहरूलाई थाहा नै छैन ।”(सूरह आराफ : १८७)

अनि, महाप्रलय त पलभरमा वा त्योभन्दा पनि छिटो हुनेछ । निस्सन्देह अल्लाह प्रत्येक चिजको सामर्थ्य राख्दछन् । (सूरह नहल : ७७)

मानवलाई पुनर्जीवित गरिने कुरामा आस्था हुनु पर्छ : अल्लाहले उपासकलाई चिहानबाट पुनर्जीवित गर्ने छ । खाली खुट्टाका साथै पुरै शरिर नांगो हुने छ । खतना गरिएको हुने छैन । उनीहरुसँग केही हुने छैन । यी कुराहरु दोस्रो स्वर फुकेपछि घटित हुनेछन् । अल्लाहको भनाइ छ : र, सूर (नरसिङ्गा) फुकिने बित्तिकै तिनीहरू चिहानबाट अनायास निस्केर आफ्ना पालनकर्तातर्फ दगुर्न थाल्नेछन् । (सूरह : यासिन :५१)

ईश्दूतको भनाइ छ : मानिसहरुलाई महाप्रलयको दिन खाली खुट्टा, नांगो शरीर र खतना नगरिएको अवस्थामा जम्मा गरिनेछन् ।

महाप्रलयमा आस्था : महाप्रलयको हरेक अवस्थाहरुमा आस्था हुनु पर्छ। अल्लाहको भनाइ छ : त्यो दिन मानिसहरु अल्लाहको सामु उभिनेछन् । (सूरह मुतफ्फीफीन : ६)

मानिसहरु महाप्रलयको दिन अल्लाहको सामुन्ने लामो समयसम्म खडा रहने छन् । पुकार्नेवालाले उनीहरुलाई सुनाउँने छ । सुर्य नजिक गरिने छ । उनीहरु पसिनामा डुब्ने छन् । हौजे कौसरमा ल्याइने छन् । तराजु राखिने छ । पुल सिरात हुने छ । त्यसबाट हरेक व्यक्तिलाई हिँडनु पर्ने छ ।

**हिसाब किताबामा आस्था :** अल्लाहको भनाइ छ : उनीहरुलाई हामी तर्फ नै फर्कनु छ र उनीहरुको हिसाब हामीसँग छ (सूरह गाशिया : २५,२६)

**एक अर्को ठाउँमा भनिएको छ :** जसको परिणाम दाहिने हातमा दिइने छ उसको हिसाब एकदमै सरल हुनेछ । (सूरह इन्शिकाक : ७,८)

**एक अर्को ठाउँमा भनिएको छ :** जसले कण बराबर पनि शुभकर्म गर्नेछ उसले त्यसको बदला पाउने छ र जसले कण बराबर पनि पाप गर्ने छ उसले त्यसको बदला पाउने छ । (सूरह जिलजाल : ७,८)

**एक अर्को ठाउँमा भनिएको छ :** र, महाप्रलयको दिन हामी ठीक-ठीक जोख्ने तराजु राखिदिनेछौं । अनि कसैमाथि अलिकति पनि अन्याय हुने छैन । र, एउटा रायोको दाना बराबर (कर्म) भए पनि हामीले त्यसलाई ल्याउनेछौं । र, हिसाब लिनका लागि हामी पर्याप्त छौं । (सूरह अम्बिया : ४७)

**मोमिनहरुको हिसाब :** उनीहरुको हिसाब कि त सोझै दिइने छ कि त उनीहरुसँग सोधपुछ हुनेछ । जसको हिसाब सोझै दिइने छ त्यो अल्लाहको तर्फबाट पहिला नै राम्रो मान्छेमा गनिएको हुने छ । यस बारे हदीसमा वर्णन गरिएको छ : ईश्दूतले भन्नुभयो : अल्लाह मोमिनसँग नजिक हुने छ र ऊमाथि आफ्नो बाजु राखेर उसको पाप लुकाएर भन्ने छ, के तिमीले यो पाप गरेको थियौ ? यो पाप बारे थाहा छ । उसले भन्ने छ, हजुर हे मेरा पालनहार । उसले आफ्नो पापहरु स्वीकार्ने छ । उसले आफू अब नास हुने कुरा पनि ठान्ने छ । अल्लाहले भन्ने छन् मैले संसारमा पनि यो पाप गोप्य राखेको थिएँ आज पनि तिम्रो यो पाप माफ गरिदिने छु । त्यसपछि उसको सत्कर्मको पुरस्कार दिइने छ ।

अधिकांश मोमिनहरुसँग सोधपुछ गरी हिसाब लिइने छ । ठूला पापहरुमा फसेका मोमिनहरु यसमा पर्ने छन् । अल्लाहले चाहे भने उनीहरुको पाप बराबर आगोको सजाय दिने छन् । अनि त्यसपछि उनीहरुको ठेगाना स्वर्ग हुनेछ । यस बारे एउटा हदीस छ : ईश्दूतले भन्नुभयो : जसको महाप्रलयको दिन हिसाब हुनेछ ऊ नाश हुने छ । मैले सोधें, हे ईश्दूत अल्लाहले यसो भनेका छैनन् र ? जसलाई

उसको दायाँ हातमा परिणाम दिइने छ उसको हिसाब सजिलो हुने छ। ईश्दूतले भन्नुभयो : त्यो त जसको हिसाब पेश गरिनेछ उसको बारेमा हो तर जो सँग हिसाब लिइने छ उसलाई महाप्रलयको दिन दण्ड दिइने छ। (मुत्तफकुन अलैह)

**काफिरहरुको हिसाब :** उनीहरुको हिसाब किताब सत्कर्म र कुर्मको आधारमा हुने छैन। किनभने उनीहरुसँग कुनै सत्कर्म नै हुने छैन। अल्लाहको भनाइ छ : र, हामी तिनीहरूले गरेका प्रत्येक कार्यतर्फ बढ्नेछौं अनि ती कार्यहरूलाई धुलाका कणहरूझैं छरपस्ट बनाइदिनेछौं। (सूरह फुरकान : २३)

**उनीहरुलाई त आफ्नो कर्म थाहा हुने छ र त्यसलाई स्वीकार्ने पनि छन्। हदीसमा छ :** काफिर र मुनाफिकहरुको विरुद्धमा फरिश्ता, मोमिनहरु, मानव तथा दानव सबैले गवाही दिनेछन्। उनीहरुले भन्नेछन् , यिनै हुन् जसले अल्लाहलाई झुटो ठानेका थिए। सुन, यस्तै अत्यचारीहरुमाथि अल्लाहको निन्दा छ।

**प्रतिफलमा आस्थाः** स्वर्ग सत्य हो र नरक पनि सत्य हो भनी विश्वास गर्नु पर्दछ । स्वर्गलाई अल्लाहले ती व्यक्तिहरुको लागि तयार गरेका छन् जुन व्यक्तिहरु अल्लाहका असल भक्तजन बने। स्वर्गमा महसुस गरिने र देखिने सबै खालका अनुग्रह हुने छ। त्यसलाई संसारमा कुनै आँखाले पनि देखेको हुने छैन, न कुनै कानले सुनेको हुने छ, न मनमा कुनै भय हुने छ त्यहाँ। नर्क भनेको अल्लाहका इन्कारीहरुको लागि तयार पारिएको दण्ड दिने ठाउँ हो। त्यहाँ पनि महसुस गरिने र देखिने दण्डहरु हुने छन्। अल्लाहको भनाइः अनि हामीले आफ्ना भक्तहरूमध्ये मन पराएर छानेका व्यक्तिहरूलाई यस ग्रन्थको उत्तराधिकारी बनायौं। उनीहरूमध्ये केही स्वयंमाथि अत्याचार गर्नेहरू छन्, केही मध्यमार्गी छन् र अन्य केही अल्लाहको अनुज्ञाबाट पुण्य कर्ममा अघि बढ्नेहरू छन्। यो अल्लाहको ठूलो कृपा हो। (यस्ता मानिसहरूका लागि) सदा रहने बगैंचाहरू छन् जसमा उनीहरू प्रवेश गर्नेछन्। त्यहाँ उनीहरूलाई सुनका बालाहरू र मोती पहिराइनेछ र त्यहाँ उनीहरूका वस्त्रहरू रेशमका हुनेछन्। र, उनीहरूले भन्नेछन्- “सम्पूर्ण प्रशंसा उनै अल्लाहकालागि हुन् जसले हाम्रो शोक निवारण गरे। निस्सन्देह हाम्रा पालनकर्ता अति क्षमाशील एवं गुणग्राही छन्.। जसले आफ्नो अनुकम्पाबाट सदा रहने स्थानमा प्रवेश गराए जहाँ हामीलाई न कुनै दुःख हुनेछ न थकाइ नै लाग्नेछ।” र, जसले कुफ़्र गरेका

छन् तिनीहरूकालागि नरकको आगो छ, जहाँ न मृत्यु आउनेछ जसले तिनीहरू मरून् न तिनीहरूको यातनालाई हलुका नै गरिनेछ । हरेक कृतघ्न व्यक्तिलाई हामी यस्तै बदला दिने गर्छौं । तिनीहरू नरकमा चिच्याउनेछन्- “हे हाम्रा पालनकर्ता ! हामीलाई बाहिर निकाल । अब पहिले गरेका (दुष्कर्महरू) विपरीत हामी पुण्य कर्म गर्नेछौं ।” (अल्लाहले भन्नेछन्) “के हामीले तिमीहरूलाई यति आयु दिएका थिएनौं जसमा उपदेश लिन चाहने ले उपदेश लिन सक्थ्यो ? र, तिमीहरूकहाँ त सचेतक पनि पुगेका थिए । अतः (यातनाको) स्वाद चाख ! अत्याचारीहरूको कोही सहयोगी छैन ।” (सूरह फातिर : ३२,३७)

# भाग्यमा आस्था

यस कुरामा आस्था कि अल्लाहले आफ्नो सर्वसदा ज्ञानको आधारमा सम्पूर्ण प्राणीको भाग्य लेखिदिएका छन् । त्यसलाई उनले सुरक्षित पाटीमा लेखिदिएका छन् । आफ्नो चाहना अनुसार त्यसलाई जारी गर्छन र आफ्नो शक्ति अनुसार राख्छन् । अल्लाहको भनाइ छ : हामीले प्रत्येक वस्तु एउटा निर्धारित रूपमा सृष्टि गरेका छौं । (सूरह कमर: ४९) उनले प्रत्येक चिज सृष्टि गरे र त्यसलाई राम्रोसँग निर्धारित गरे । (सूरह फुरकान : २)

## भाग्यमाथिको आस्थामा निम्न कुराहरु शामिल छन् :

**अल्लाहको ज्ञानमाथि आस्था हुनु पर्दछ :** अल्लाहको ज्ञान सदाबाट छ सदा रहने छ र हरेक कुरालाई समेटेको छ । जस्तै आफ्नो कार्य, प्राणीको भाग्य, रोजीरोटी, उपासकको सत्कर्म र कुकर्महरु आदि । स्वयंको बारेमा अल्लाहको भनाइ छ : उनलाई हरेक कुराको ज्ञान छ । (सूरह बकराह :२९)

**एक अर्को भनाइ छ :** यी सबै उनै शक्तिशाली तथा सर्वज्ञले निर्धारित गरेका विधीहरू हुन् । (सूरह अन्आम :९६)

कसले आज्ञापालना गर्ने छ र कसले अवज्ञा गर्ने छ लगायत सबै कुराको उनलाई ज्ञान छ ।

**अल्लाहले सुरक्षित पाटीमा भाग्य लेखिदिएको कुरामा विश्वास गर्नु :** अल्लाहको भनाइ छ : पृथ्वी वा स्वयं तिमीहरूमाथि जे सङ्कट आउँछ त्यो हामीले अस्तित्वमा ल्याउनुअघि नै एउटा विशेष पुस्तकमा अङ्कित छ। यो अल्लाहकोलागि एकदमै सहज छ। (सूरह हदिद : २२)

एक अर्को ठाउँमा भनिएको छ भनिदेऊ- “परोक्षका ज्ञाता मेरा पालकर्ताको कसम! त्यो तिमीहरूमाथि अवश्य नै आउनेछ । आकाशहरू तथा धर्तीमा रहेका रत्तिभर भएको वस्तु पनि उनीबाट लुक्न सक्दैन, न त त्योभन्दा सानो न ठूलो नै । बरु यी सबै एउटा स्पष्ट खातामा छन् । (सूरह सबा : ३)

**अब्दुल्लाह बिन अमरमार्फत वर्णन गरिएको छ : ईश्दूतले भन्नुभयो :** अल्लाहले सम्पूर्ण प्राणीको भाग्य धर्ती र आकाशको सृष्टि गर्नुभन्दा पचास हजार वर्ष पहिला नै लेखिदिएका थिए । उहाँले भन्नुभयो : उनको अर्श पानीमा थियो । (मुस्लिम )

उबादह बिन सामित रजि.ले भन्नुभयो : मैले ईश्दूतले भनेको सुनेँ : अल्लाहले सबैभन्दा पहिला कलम सृष्टि गरेर भने : लेख । कलमले भन्यो मैले के लेखुँ ? अल्लाहले भने : महाप्रलयसम्मका हरेक वस्तुको भाग्य लेख । (तिर्मिजी)अल्लाहको लागु भएका चाहनाहरुमाथि विश्वास गर्नु पर्दछ : जे अल्लाह चाह्यो त्यो भयो । जे अल्लाहले चाहदैन त्यो हुँदैन । अल्लाहले जसलाई दिन्छ त्यो कसैले रोक्न सक्दैन र अल्लाहले जसलाई रोक्छ कसैले दिन सक्दैन । अल्लाहको फैसला कसैले टाल्न सक्दैन र आफ्नो शासनमा नचाहेको कुनै कुरा त्यो हुँदैन । जसलाई चाहन्छन् मार्गदर्शन दिन्छन् जसलाई चाहन्छन् पथभ्रष्ट गरिदिन्छन् । उनको तत्वदर्शितालाई कसैले जान्न पनि सक्दैन । अल्लाहको भनाइ छ : र, यदि अल्लाहले चाहेको भए तिनीहरूले रसूलहरू पश्चात् स्पष्ट निशानीहरू पुगेपछि आपसमा झगडा गर्ने थिएनन् । परन्तु, तिनीहरूबीच मतभेद भयो अनि तिनीहरूमध्ये केही आस्थावान भए भने केहीले कुफ़्र (अनास्था) प्रदर्शन गरे । अल्लाहले चाहेको भए तिनीहरू आपसमा झगडा गर्ने थिएनन् । तर, अल्लाह जे चाहन्छन् त्यो गर्दछन् । (सूरह बकराह : २५३)

एकअर्को ठाउँमा भनिएको छ : तिमीहरूमध्ये सीधामार्गमा हिंड्न चाहनेहरूका लागि । र, तिमीले चाहेर केही हुने छैन जबसम्म सम्पूर्ण संसारका पालनकर्ता अल्लाहको चाहना नहोस् । (सूरह तक्विर : २८,२९)

सम्पूर्ण जगतका सृष्टिका श्रष्टा अल्लाह हुन भनी विश्वास गर्नु : अल्लाह नै श्रष्टा हुन् । अल्लाह बाहेक हरेक वस्तु सृष्टि हुन् । हरेक वस्तुको विभिन्न किसिम त्यसको विशेषता र त्यसको हरकत सबै अल्लाहको सृष्टि हो र अल्लाह त्यसका श्रष्टा हुन् । अल्लाहको भनाइ छ : अल्लाह सम्पूर्ण चिजहरूका सृष्टिकर्ता हुन् र उनी हरेक वस्तुका संरक्षक हुन् । (सूरह जुमर : ६२)

एक अर्को ठाउँमा भनिएको छ : जबकि तिमीहरूलाई तथा तिमीहरूले बनाउने वस्तुहरूलाई अल्लाहले नै सृष्टि गरेका हुन् ? (सूरह साफ्फात : ९६)

**अल्लाहको चाहना र दयाबीच अन्तर्सम्बन्ध हुनु जरुरी छैन भन्ने कुरामा ईमान :** तसर्थ उसले त्यो कुरा चाहन्छ जुन उसले मन पराउँदैन र त्यो कुरालाई मन पराउँछ जुन उसले चाहँदैन । यो पनि उसको महा तत्वदर्शिता र एक ठूलो उद्देश्यको कारण हो । अल्लाहको भनाइ छ :

र, यदि हामीले चाहेको भए प्रत्येक व्यक्तिलाई उसको सत्मार्ग प्रदान गर्ने थियौं। तर, हामीतर्फबाट हामीले नरकलाई जिन्न र मानवद्वारा भर्नेछौं भन्ने वचनसिद्ध भइसकेको छ। (सूरह सज्दा : १३)

एक अर्को ठाउँमा भनिएको छ : यदि तिमीहरू कृतघ्नता दर्शाउँछौ भने अल्लाह तिमीहरूबाट निस्पृह छन् र उनी आफ्ना भक्तहरूका लागि कृतघ्नता मन पराउँदैनन् र यदि तिमीहरू कृतज्ञ हुन्छौ भने अल्लाहले त्यसलाई तिमीहरूका लागि मन पराउनेछन्। (जुमर :७)

**अल्लाहको कानुन र अल्लाहले लेखेको भाग्यबीच कुनै अन्तर छैन भनी आस्था राख्नु** : अल्लाहको भनाइ छ : निश्चय नै तिमीहरूका प्रयास विभिन्न प्रकारका छन्। त, जसले खर्च गऱ्यो र ईशभय राख्यो र सदुपदेशलाई सत्य मान्यो। उसका लागि हामी सहजता उत्पन्न गर्नेछौं। तर जसले कञ्जुस्याईं र लापर्वाही गऱ्यो र सदुपदेशलाई मिथ्या ठहर गऱ्यो। उसलाई हामी विकटतातर्फ डोऱ्याउनेछौं। (सूरह लैल: ४–१०)

अल्लाहको कानुन खुला ग्रन्थ हो भने भाग्य परोक्षमा राखिएको कुरा हो। तसर्थ अल्लाहले आफ्नो उपासकहरुको भाग्य लेखिदिएका छन् र त्यसलाई अल्लाहले उनीहरुबाट गोप्य राखेका छन्। अल्लाहले राम्रो कर्म गर्न र नराम्रो कर्म नगर्न आदेश दिएको छ तसर्थ कुनै पनि उपासकको लागि पहिला नै भाग्य लेखिएको छ भनी पाप गरे पनि हुन्छ र आज्ञापालना नगरे पनि हुन्छ भन्ने तर्क रहँदैन। अल्लाहको भनाइ छ : बहुदेववादीहरूले भन्नेछन्- “यदि अल्लाहले चाहेको भए न हामीले साझेदार ठहऱ्याउने थियौं न हाम्रा पुर्खाले नै र न हामीले कुनै चिजलाई अवैध ठहऱ्याउने थियौं।” यसभन्दा पूर्वका मानिसहरूले पनि यसरी नै झुठो ठहर गरेका थिए। अन्ततः तिनीहरूले हाम्रो यातनाको स्वाद चाखे। भनिदेऊ- “के तिमीहरूसँग कुनै ज्ञान छ ? छ भने हामीसमक्ष प्रस्तुत गर। तिमीहरू त केवल भ्रमको अनुसरण गर्छौ र अड्कल मात्र गर्छौ। भनिदेऊ- “सत्यसम्म पुग्ने निर्णायक तर्क त अल्लाहकहाँ छ। उनले चाहेमा वास्तवमा नै तिमीहरू सबैलाई सत्मार्गमा डोऱ्याउने थिए।” (सूरह अन्आम १४८,१४९)

भाग्यमाथि आस्थाको विषयमा दुईवटा समूह पथभ्रष्ट भएका छन्।

१, कदरीया नफात : उनीहरुले उपासकहरुको कर्महरुमा मात्र विश्वास गरेका छन् र भाग्यलाई इन्कार गरेका छन् ।

२, जबरीया : उनीहरुले हरेक कुराको जिम्मेदार अल्लाहलाई नै ठहराएका छन् भने मानवमा कुनै कुराको चाहना तथा शक्ति हुँदैन भन्ने कुरामा आस्था राखेका छन् ।

# ईशग्रन्थ कुरआन

कुरआन अल्लाहको कुरा अर्थात संदेश हो । अल्लाहको भनाइ छ : र, यदि बहुदेववादीहरूमध्ये कसैले तिम्रो शरण माग्छ भने त्यसलाई शरण देऊ यहाँसम्म कि ऊ अल्लाहको वाणी सुनोस् । फेरि उसलाई उसको सुरक्षित गन्तब्यमा पुऱ्याइदेऊ किनभने तिनीहरू अज्ञानी व्यक्तिहरू हुन् । (सूरह तौबाह : ६)

कुरआन वास्तवमा अल्लाहको कुरा हो । त्यसमा रहेको शब्द पनि अल्लाहको हो र अर्थ पनि । कुरआन अल्लाहका प्राणीहरुको कुराहरु जस्तो हुन सक्दैन । यो त अल्लाहको तर्फबाट अवतरण भएको हो । अल्लाहले कुरआनलाई जिब्रइलमाथि ईशवाणी गरे अनि ईश्दूत मोहम्मद स.माथि अवतरण गरे अनि मोहम्मद स.ले मानवलाई पढेर सुनाए । अल्लाहको भनाइ छ : र, यस कुरआनलाई हामीले थोरै-थोरै गरी अवतरण गरेका छौं ताकि मानिसहरूलाई यो समयको अन्तरालमा (पढेर) सुनाऊ । र, हामीले यसलाई क्रमिक रूपमा अवतरण गरेका छौं । (सूरह इस्रा : १०६)

मानिसहरुले कुरआन पढेपछि त्यसलाई पुस्तकको रुपमा लेख्न थाले साथै त्यसलाई कण्ठ पनि गरे । अल्लाहको भनाइ छ : भनिदेऊ- “त्यसलाई त पवित्रात्मा (जिब्रईल) ले ठीक मेरा रबको तर्फबाट क्रमश: अवतरण गरेका छन् ताकि मोमिनहरूलाई सुदृढता प्रदान गरून् । र यो मुस्लिमहरूकालागि मार्गदर्शन एवं शुभ-सूचना हो ।” हामीलाई राम्ररी ज्ञात छ कि तिनीहरू (तिम्रो बारेमा) भन्छन्- “यस व्यक्तिलाई एउटा मान्छेले सिकाउने गर्छ ।” तर तिनीहरूको सङ्केत जुन व्यक्तितर्फ रहेको छ उसको भाषा त गैर-अरबी (अजमी) हो जबकि यो बिशुद्ध अ़रबीमा छ । (सूरह नहल : १०२, १०३)

## यस विषयमा दुईवटा गिरोह पथभ्रष्ट भएका छन् ।

**जहमीया एंव मुअतजेला** : उनीहरुले अल्लाहको विशेषतालाई इन्कार गरेका छन् । साथै अल्लाहको कुरा गर्ने विशेषतालाई पनि नकारेका छन् । उनीहरुको सोचाइ अनुसार बोल्नु अल्लाहको विशेषता होइन । यो अल्लाहको विशेषता नभई अल्लाहको सृष्टि हो जस्तै अल्लाहको उपासक, अल्लाहको घर अल्लाहको उँटनी आदि ।

सिफातिया, अशायराह र मातुरिदियाह : उनीहरुले अल्लाहको कुरा गर्ने विशेषतालाई त स्वीकारेका छन् तर त्यसको शब्द तथा स्वरलाई अल्लाहको सृष्टि भने का छन् । अर्थात उनीहरुले अल्लाहको कुरालाई अर्थमा विशेषता मानेका छन् तर शब्द र स्वरलाई विशेषता मानेका छनैन् । ईशदूत मूसाले रुखमूनि सुनेको अल्लाहको स्वरलाई अल्लाहको सृष्टि भनेका छन्, अल्लाहको कुरा मानेका छैनन् ।

अल्लाहलाई प्रत्यक्ष देख्नु : अल्लाह र आखिरतमा आस्था राख्दा प्रलोकको दुई ठाउँमा अल्लाहलाई प्रत्यक्ष देख्ने कुरामा पनि आस्था राख्नु पर्दछ । एक हिसाब किताब लिने ठाउँमा र अर्को स्वर्गमा प्रवेश गरेपछि । अल्लाहको भनाइ छ : त्यस दिन केही मुहारहरू उज्ज्वल हुनेछन् । आफ्ना रबतर्फ हेरिरहेका हुनेछन् । (सूरह कियामह : २२, २३)

एकअर्को ठाउँमा भनिएको छ : उच्च आसनमा बसेर उनीहरू अवलोकन गरिरहनेछन् । (सूरह मुतफ्फीफीन् : २३)

ईश्दूतले अल्लाहको मुहारलाई देख्ने कुराको व्याख्या गर्नुभएको छ । पूर्णिमाको जूनलाई देखे झै अल्लाहलाई देखिने छ । ईशदूतको भनाइ छ : तिमीहरुले आफ्नो पालनकर्तालाई त्यसरी नै देख्ने छौ जसरी यो चन्द्रमालाई दैख्दैछौ । अल्लाहलाई देख्ने कुरामा तिमीहरुमाथि अत्याचार गरिने छैन । (बुखारी)

## यस विषयमा दुई गिरोह पथभ्रष्ट भएका छन् ।

जहमीया र मुअतजेलाहः उनीहरुले अल्लाहलाई प्रत्यक्ष देखिने कुरालाई नकारे का छन् । उनीहरुले अल्लाहको त्यो भनाइ जसमा अल्लाहले ईश्दूत मूसाको बारेमा तिमीले मलाई देख्न सक्दैनौ भनेका छन् त्यसको आधारमा तर्क गरेका छन् । अर्को आयतमा भनिएको छ आँखाले उसलाई भेटाउन सक्दैन । (सूरह अन्आम : १०३)

उनीहरुको मतको खण्डन गर्दै भनिएको छ : अल्लाहको भनाइ तिमीले मलाई देख्न सक्दैनौं भन्ने कुराको अर्थ संसारिक दुनियाँमा देख्न सक्दैनौ भनेको हो । त्यो कहिले पनि देख्न सक्दैनौ भनेको होइन । त्यसैगरी आँखाले उसलाई भेटाउन सक्दैन भनेको देख्न सक्दैन भनेको होइन । देख्न त सकिन्छ तर भेटाउन सकिदैन । जस्तै सुर्य चन्द्रमालाई देख्न सकिन्छ तर त्यसको तहसम्म पुग्न सकिदैन ।

खुराफिउन : उनीहरु अल्लाहलाई देख्ने कुरामा हदभन्दा अगाडि बढेका छन् । उनीहरुको अनुसार अल्लाहका निकट भक्तजनहरुले यसै संसारमा पनि अल्लाहलाई देख्न सक्छन् । उनीहरुले यसलाई प्रमाणित गर्न केही गलत हदीसको सहारा लिएका छन् । ईश्दूतले भन्नुभयो : सुन तिमीहरुले अल्लाहलाई देख्दैनौ जबसम्म तिमीहरु मर्दैनौ । (अहमद)

# ईमानको वास्तविकता

ईमान भनेको मौखिक घोषणा गर्नुका साथै व्यवहारमा उतार्नु हो । जसलाई दुई शब्दमा ईमान भनाइ र गराइको नाम हो भन्न सकिन्छ । भित्री मनले स्वीकारेर मुखले घोषणा गरी भित्री मन र मुख तथा अन्य अंगहरुले व्यवहारमा उतार्नु अर्थात अमल गर्नु ईमान अन्तर्गत पर्दछ ।

भित्री मनको घोषणा : आस्था राख्नु, सत्य मान्नु र त्यसलाई स्वीकार्नु ।

मौखिक घोषणा : मुखले कलिमा भन्नु र कलिमाको गवाही दिनु आदि ।

मनको कर्म : त्यो अमल जुन नियत तथा इरादामा आधारित हुन्छन् । जस्तै मायाँ, भय, आशा र भरोसा आदि ।

मुखको कर्म : मुखले गरिने जिकिर, दुआ, कुरआनको पाठ गर्नु आदि ।

अंगहरुको अमल : उपासना गर्दा शारीरिक अंगहरुको सक्रियता हुनु । अल्लाहको भनाइ छ : वास्तविक मोमिनहरू ती हुन् जसका हृदय अल्लाहलाई सम्झिने बित्तिकै काँप्न थाल्छन् र उनका आयतहरू पढेर सुनाउँदा उनीहरूको ईमान झन् बढ्न थाल्छ र उनीहरू आफ्ना पालनकर्तामाथि भरोसा राख्छन् । जो नमाज़ कायम गर्छन् र हामीले उनीहरूलाई जे-जति प्रदान गरेका छौं त्यसमध्येबाट खर्च गर्छन् । उनीहरू नै सच्चा मोमिनहरू हुन् । उनीहरूका लागि उनका पालनकर्ताकहाँ उच्च दर्जाहरू रहेका छन् अनि क्षमादान तथा उत्तम खाद्यान्न-सामग्री पनि । (सूरह अन्फाल : २–४)

एक अर्को ठाउँमा भनिएको छ : वास्तवमा आस्थावान त ती व्यक्तिहरू हुन् जसले अल्लाह तथा उनका रसूलमाथि ईमान ल्याए । अनि उनीहरूले कुनै शङ्का गरेनन् र आफ्नो जीउज्यान तथा धन-सम्पत्तिबाट अल्लाहको मार्गमा जिहाद गरे । उनीहरू नै सच्चा हुन् । (सूरह हुजरात : १५)

ईश्दूतले भन्नुभएको छ : ईमानको सत्तरी वा साठी जति शाखाहरु छन् त्यसमा सर्वोत्तम अल्लाह बाहेक कोही पूजनीय छैन भनी गवाही दिनु हो भने सबैभन्दा कमतर ईमान भनेको बाटोबाट कुनै हानिकारक वस्तु हटाउनु हो । (मुस्लिम)

ईमान शब्द मात्र प्रयोग गर्दा यसको अर्थ इस्लाम भन्ने हुन्छ। इस्लाम र ईमान शब्द एक साथ प्रयोग गर्दा ईमान को अर्थ भित्री आस्था भन्ने हुन्छ भने इस्लाम भनेको वाह्य अमल भन्ने बुझिन्छ । हरेक मोमिन मुस्लिम हुन सक्छ तर हरेक मुस्लिम मोमिन हुन सक्दैन । अल्लाहको भनाइ छ : यी गाउँलेहरू भन्छन् “हामीले ईमान ल्यायौं ।” (हे मुहम्मद !) भनिदेऊ- “तिमीहरूले ईमान ल्याएका छैनौ बरु यो भन कि हामी आज्ञाकारी भयौं । ईमान अहिले तिमीहरूको हृदयमा पसेकै छैन । र, तिमीहरू अल्लाह तथा उनका रसूलको आज्ञापालन गर्छौ भने अल्लाह तिमीहरूको कर्मलाई कम आँक्ने छैनन् । निस्सन्देह अल्लाह अति क्षमाशील तथा परम दयालु छन् ।”(सूरह हुजुरात : १४)

ईमान घटबढ हुन्छ : अल्लाह बारे ज्ञान भए, अल्लाहका निशानीहरु बारे सोचविचार गरे वा अल्लाहका आयतहरुमा विचार गरे ईमान बढ्छ। त्यसैगरी शुभकार्य गरे, गलत कुराहरु त्याग गरे पनि ईमान बढ्छ। अल्लाह बारे ज्ञान नभए, अल्लाहको निशानीहरुमा सोच विचार नगरे, अल्लाहको आदेशको ख्याल नगरे, अल्लाहको आज्ञापलना नगरे साथै नराम्रो काम गरे ईमान घट्छ। अल्लाहको भनाइ छ : उनका आयतहरू पढेर सुनाउँदा उनीहरूको ईमान झन् बढ्न थाल्छ। (सूरह अन्फाल :२)

एक अर्को ठाउँमा भनिएको छ : अनि जुन व्यक्तिहरू आस्थावान छन् तिनीहरूका आस्थालाई वास्तवमा अभिवृद्धि गरेको छ र तिनीहरू प्रसन्न छन्। (सूरह तौबाह : १२४)

एक अर्को ठाउँमा भनिएको छ : उनै हुन् जसले आस्थावानहरूको हृदयमा शान्ति अवतरित गरे ताकि उनीहरूले आफ्नो ईमानमा अझ ईमान थपून् (सूरह फतह :४)

ईमान को विभिन्न दर्जाहरु हुन्छन् : हदीसमा भनिएको छ, इश्दूतले भन्नुभयो : ईमान का सत्तरी वा साठी शाखाहरु छन् तिनीहरुमा सर्वोत्तम ईमान ला इलाह इल्ला अल्लाह भन्नु हो भने कमतर ईमान बाटोबाट कुनै हानिकारक वस्तु हटाउनु हो । (मुस्लिम)

मोमिनको पनि विभिन्न दर्जा हुन्छ : ईमान वालाहरुको दर्जा एकअर्का भन्दा घटे वा बढेको हुन्छ । अल्लाहको भनाइ छ : अनि हामीले आफ्ना भक्तहरूमध्ये मन पराएर छानेका व्यक्तिहरूलाई यस ग्रन्थको उत्तराधिकारी बनायौं । उनीहरूमध्ये केही स्वयंमाथि अत्याचार गर्नेहरू छन्, केही मध्यमार्गी छन् र अन्य केही अल्लाहको अनुज्ञाबाट पुण्य कर्ममा अघि बढ्नेहरू छन् । यो अल्लाहको ठूलो कृपा हो । (सूरह फातिर : ३२)

इश्दूतको भनाइ अनुसार सबैभन्दा राम्रो मोमिन त्यो हो जसको चरित्र राम्रो छ । (अबू दाऊद)

जसले कलिमाको अर्थमा विश्वास गर्‍यो र त्यसको औचित्यलाई ध्यानमा राख्यो भने ऊ ईमान मा रह्यो । जसले वाजिब कर्महरु गर्‍यो र पापहरुलाई छाड्यो ऊ वाजिब ईमानमा रह्यो । जसले वाजिब कर्म गर्‍यो, राम्रो कर्म गर्‍यो र नराम्रो कामहरु छाड्यो भने उसले पूर्ण ईमान ल्याएको मानिन्छ । पाप तथा सत्कर्मको आधारमा ईमान समाप्त त हुँदैन तर घट्बढ भने हुन्छ । ठूलो पाप गर्नेवाला मोमिनको ईमान  कमजोर हुन्छ । ऊ आफ्नो ईमान जति छ त्यति नै स्तरको मोमिन बन्छ । ठूलो पापका कारण ऊ फासिक बन्छ तर इस्लामबाट निस्काशन भने हुँदैन र आखिरतमा सदा नर्कमा पनि जल्नु पर्दैन । उसलाई अल्लाहले माफ गर्न चाहयो भने माफ गरिदिन्छ र स्वर्गमा प्रवेश दिन्छ यदि अल्लाहले उसलाई दण्ड दिन चाहयो भने उसले गरेको पाप बराबर दण्ड दिन्छ र सिफारिस गर्ने हरुको सिफारिस वा अल्लाहको दयाका कारण त्यहँबाट निस्कन्छ । अल्लाहको भनाइ छ : अल्लाहले आफूसित कसैलाई साझेदार बनाउने पाप (शिर्क) लाई कदापि क्षमा गर्ने छैनन् तर यसबाहेकका अन्य पाप जसको लागि चाहनेछन् क्षमा गर्नेछन् । जसले अल्लाहसित (कसैलाई) साझेदार बनायो उसले वास्तवमा एउटा ठूलो पाप गर्‍यो । (सूरह निसा :४८)

ईश्दूतले भन्नुभयो : स्वर्गवासी स्वर्गमा र नर्कवासी नर्कमा जाने छन् अनि अल्लाहले भन्ने छ : ती व्यक्तिहरुलाई नर्कबाट निकाल जसको मनमा तोरीको दाना बराबर पनि ईमान थियो । तसर्थ उनीहरुलाई त्यसबाट निकालिने छ । उनीहरु अंगारो जस्तो कालो भइसकेका हुने छन् । उनीहरुलाई नहरमा हालिने छ । (बुखारी)

उहाँले भन्नुभयो : त्यो व्यक्ति नर्कबाट निस्कने छ जसले ईमानको गवाही दियो वा जसको मनमा जौंको दाना बराबर भलाइ थियो । त्यो व्यक्ति नर्कबाट निस्कने छ

जसको मनमा गहुँको दाना बराबर भलाइ थियो। त्यो व्यक्ति पनि नर्कबाट निस्कने छ जसको मनमा कर्ण बरारब भलाइ थियो। (बुखारी)

## यस विषयमा दुई गिरोह पथभ्रष्ट भएका छन्।

**वयीदिया :** उनीहरु भन्छन् महा पाप गर्नेहरु बारे जुन धम्की छ त्यो लागु हुन्छ। उनीहरुले महापापीको लागि सिफारिसलाई इन्कार गरेका छन्। उनीहरुमा पनि दुई जमाअतको अलग-अलग भनाइ छ :

**खवारिज :** महापापी ईमान बाट खारेज हुन्छ र काफिर हुन पुग्छ। ऊ संसारमा पनि काफिर रहन्छ र आखिरतमा पनि नर्कमा जानेछ।

**मुअतजेला :** महापापी ईमान बाट खारेज हुन्छ तर काफिर भने हुँदैन। ऊ संसार मा न त मोमिन नै रहन्छ न काफिर तर आखिरतमा भने नर्कमा हुनेछ।

**वयीदियाको खण्डन यसरी गरिएको छ :** अल्लाहले ईमान साबित गरेका छन् र महापाप गर्नेहरुमा पनि ईमान को विशेषता बाँकी रहने कुरा उल्लेख गरेका छन् । अल्लाहको भनाइ छ : यदि आस्थावानहरूका दुईवटा समूह आपसमा लडाइ गर्छन् भने तिमीहरूले उनीहरूबीच सम्झौता गराऊ। अनि एउटा समूहले अर्को टोलीमाथि अत्याचार गर्छ भने तिमीहरू सबै अत्याचारी टोलीविरूद्ध लडाइ गर यहाँसम्म कि उनीहरू अल्लाहको आदेशतर्फ फर्कून्। र उनीहरू फर्कन्छन् भने न्यायसंगत सम्झौता गराऊ। निस्सन्देह अल्लाह न्यायीहरूलाई मन पराउँछन्। आस्थावानहरू एक अर्काका दाजुभाइहरू हुन्। तसर्थ आफ्ना दुई दाजुभाइ बीचको सम्बन्धलाई सुदृढ पार। र, अल्लाहसँग डराऊ ताकि तिमीहरूमाथि दया गरियोस्। (सूरह हुजुरात : ९–१०)

अल्लाहले शिर्क बाहेक सबै पाप माफ गरिदिने छन् यदि अल्लाहले चाहे भने। साथै जसको मनमा तोरीको दाना बराबर पनि ईमान रहन्छ अल्लाहले नर्कबाट मुक्त गरिदिने छन्।

**मुर्जियाहरु भन्छन् :** मानवको कर्म ईमान मा सामिल छैन। त्यो त ईमान पछिको कुरा हो। यस्तो विचार राख्ने अन्य केही जमाअतको भनाइ पनि अलग अलग छ :

जहमीया : ईमान  भनेको आत्माले स्वीकार गरेको सत्यता हो । तसर्थ पापले यसमा कुनै असर गर्दैन । जसरी कुफ्रमा रहेको अवस्थामा आज्ञापालनाको कुनै अर्थ तथा लाभ हुँदैन ।

करामीया : ईमान  भनेको केवल मौखिक कथन हो ।

मुर्जियाको धर्मगुरु भन्छन् : ईमान  भनेको आत्माले सत्य मान्नु र मौखिक रुपमा घोषणा गर्नु हो । तसर्थ कर्म ईमान मा सामिल छैन । कर्म त केवल ईमानको परिणाम हो ।

उनीहरुको खण्डन यसरी गरिएको छ : अल्लाहले कर्मलाई पनि ईमान को संज्ञा दिएका छन् । अल्लाहले ती व्यक्तिको बारेमा भनेका छन् जसले काबालाई किब्ला बनाउनुभन्दा पहिला बैतुल मक्दिसतर्फ फर्केर नमाज पढेका थिए । अल्लाहको भनाइ छ : अल्लाहले तिमीहरुको ईमानलाई नष्ट गर्ने छैनन् । (सूरह बकराह :१४३)

ईश्दुतले महापाप गर्नेहरुको ईमान लाई नकार्नु भएको छ । उहाँको भनाइ छः बलात्कारीले ईमानको हालतमा बलत्कार गर्दैन । चोरले ईमानको हालतमा चोरी गर्दैन । रक्सी खानेले ईमानको हालतमा रक्सी खादैन । लुटमार गर्नेले ईमानको हालतमा लुटमार गर्दैन । जबकि मानिसरुले उसलाई प्रत्यक्ष देखिरहेका हुन्छन् । (बुखारी)

वयीदिया र मुर्जियाको दृष्टिमा ईमान  एउटा अलगै कुरा हो । कि त ईमान पूर्ण हुन्छ कि हुँदैन । मुर्जियाको दृष्टिमा आत्माले स्वीकारेर मौखिक घोषणालाई मात्र ईमान मानिएको छ र ईमानसंग सत्कर्मको कुनै सम्बन्ध राखिएको छैन ।

वयिदीयाको दृष्टिमा ठूलो पापले पनि ईमान  रहँदैन । उसको यो भनाइ पनि गलत हो ।

# इमामत तथा जमाअत

मुस्लिम समुदाय एउटा जमाअत हो । उनीहरुको काम तबसम्म सही मार्गमा हुन सक्दैन, उनीहरुको मामिला तबसमम्म सुधार हुन सक्दैन, उनीहरुको सन्देश तबसम्म सही मान्न सकिंदैन जबसम्म निम्न कुराहरु हुँदैनन् ।

बैअत गर्नु : ईश्दूतले भन्नुभयो जो व्यक्ति बैअत नगरी मर्‍यो भने ऊ अज्ञान कालको अवस्थामा मर्‍यो ।

जायज कुरामा अगुवाको आज्ञा मान्नु : जस्तै हज र जुमा तथा ईदको नमाज उनीहरुको आदेश अनुसार पढ्नु पर्छ चाहे उनीहरु पुण्यकारी हुन् वा अवज्ञाकारी । उनीहरुको निम्ति शुभ चिन्तक बन्नु पर्छ । यदि आपसी विवाद भयो भने कुरआन र सुन्नततर्फ रुजु गर्नं पर्छ। अल्लाहको भनाइ छ : हे आस्थावानहरू हो ! आज्ञापालन गर अल्लाहको र आज्ञापालन गर ईशदूतको अनि तिमीहरूमध्ये दायित्वप्राप्त गरेकाहरूको । तिमीहरू अल्लाह एवं आख़िरतमाथि ईमान राख्छौ भने तिमीहरूबीच कुनै विषयमा विवाद हुँदा अल्लाह एवं रसूलतर्फ प्रेषित गर । यही सही तरीका हो र यसैको परिणाम राम्रो हुनेछ । (सूरह निसा :५९)

ईश्दूतको भनाइ छ : जायज कुरामा मुस्लिमले आफ्नो अगुवाको कुरा मान्नु पर्छ चाहे उसलाई राम्रो लागोस् चाहे नराम्रो । यदि अगुवाले नजायज कामको लागि भन्यो भने त्यसको आज्ञा मान्नु हुँदैन । एक अर्को ठाउँमा भनिएको छ । जसले आज्ञा मानेन र त्यही अवस्थामा कियामतको दिन अल्लाहको सामुने हाजिर भयो भने उसको लागि कुनै हुज्जत हुने छैन । (मुस्लिम)

जमाअतबाट अलग्गिनु जायज छैन : अगुवाहरुले अत्याचार गरे पनि जमाअतबाट अलग हुनु जायज छैन । यदि उनीहरुले कुफ्रीया कामको लागि जबरजस्ती गरे भने त्यसलाई मान्नु जायज छैन ।

एक हदीसमा उल्लेख छ : ईश्दूतले हामीलाई बोलाउनुभयो । हामीले त्यसमा बैअत गर्‍यौं । यस कुरामा पनि हामीले बैअत लियौं कि हाम्रो चाहना होस्

वा नहोस्, हाम्रो घाटा होस् वा फाइदा हाम्रो हक खोसिए पनि हामीले आज्ञा पालना गर्नु जरुरी छ । आफ्नो अगुवाहरुसँग तबसम्म झगडा नगर जबसम्म उसले तिमीहरुलई कुफरीया काम गर्ने आदेश दिंदैन । त्यसमा तिमीहरुको लागि अल्लाहकहाँ एउटा हुज्जत हुनेछ । एक अर्को हदीसमा भनिएको छ : तिमीहरुले मपछि केही यस्ता कामहरु देख्ने छौ जुन तिमीहरुलाई नराम्रो लाग्ने छ। साथीहरुले सोधे त्यो अवस्थामा हामीले के गर्ने त ? ईश्दूतले भन्नुभयो : तिमीहरुले अर्काको हक अदा गर र आफ्नो हक अल्लाहसँग माग । (बुखारी)

केही शर्तमा मात्र जमाअतबाट अलगिनु जायज छ ।

अगुवाहरु खुला रुपमा कुफ्रमा लागे भने ।

उनीहरुले कुफ्रीया काम गरे भने ।

खुला रुपमा कुफ्र गरे भने ।

उनीहरुले कुफ्र गरेका ठोस प्रमाण भटियो भने ।

गलत जमाअतबाट अलग भएर बस्ने क्षमता भयो भने । अल्लाहको भनाइ छ : तिमीले आफ्ना हातहरूलाई रोकेर राख; नमाज़ कायम गर; ज़कात देऊ भनेर आदेश दिइएका मानिसहरूलाई देखेनौ ? अनि जब तिनीहरूमाथि जिहाद अनिवार्य गरियो तब केही व्यक्तिहरू जसरी अल्लाहसित डराउनु पर्ने हो त्यसरी नै मानिसहरूसित डराउन थाले बरु त्योभन्दा पनि बढी । (सूरह निसा : ७७)

# सहाबा

सहाबा ती व्यक्तिहरुलाई भनिन्छ जसले ईमानको हालतमा ईश्दूतसँग भेटे र ईमानको हालतमा मरे ।

ईश्दूतहरुपछि मानवमा सबैभन्दा उत्तम व्यक्तिहरु भनेको सहाबाहरु हुन् । कलियुग पनि उनीहरुको कै युग हो । ईश्दूतको भनाइ छ : मानवीय युगमा उत्तम युग मेरो युग हो र मानव समुदायमा उत्तम समुदाय मेरो समुदाय हो ।

सहाबा सबै असल थिए । किनभने उनीहरुलाई अल्लाहले ईश्दूतको सँगत प्रदान गरे, उनीहरुलाइ शुद्ध गरे, उनीहरुबाट खुसी भए, उनीहरुलाई माफ गरे, उनीहरुमा असल गुण भरिदिए । अल्लाहको भनाइ छ : मुह़म्मद अल्लाहका रसूल हुन् र उनीसँग भएका (सहाबी) हरू काफ़िरहरूविरुद्ध कठोर छन् तर आपसमा भने अति स्नेही छन् । तिमीले उनीहरूलाई सधैं रूकूअ्, सज्दा र अल्लाहको वरदान तथा प्रसन्नताको खोजीमा व्यस्त पाउनेछौ । सज्दाको प्रभाव उनीहरूको मुहारमा धप्प बलेको छ जसबाट उनीहरू अलग्गै चिनिन्छन् । यो हो उनीहरूको गुण तौरातमा । र, इञ्जील मा उनीहरूको उदाहरण यसरी दिइएको छ मानौ एउटा खेती छ जसले पहिले आफ्नो अंकुर निकाल्यो । फेरि त्यसलाई दृढ तुल्यायो । फेरि त्यो मोटो भयो । फेरि आफ्नो डाँठमाथि सीधा खडा भयो जसले कृषकहरूलाई प्रसन्न तुल्यायो; (आस्थावान- हरूको यो उदाहरण यस कारणले दिइयो कि) यसले काफ़िरहरूलाई क्रोधित तुल्याओस् । अल्लाहले उनीहरूमध्ये आस्थावान तथा सत्कर्मीहरूसित क्षमादानको वाचा गरेका छन् । सूरह फतह : २९)

मुहाजिरहरु अन्सारभन्दा उत्तम छन् : अल्लाहले कुरआनमा मुहाजिरको जिकिर अन्सारको भन्दा पहिला गरेका छन् । अल्लाहको भनाइ छ : ('फ़ै' को धन) ती निर्धन शरणार्थीहरूको लागि हो जसलाई उनीहरूका घरबार र सम्पत्तिबाट बेदखल गरी निकालिएको छ । उनीहरू अल्लाहको वरदान एवं उनको प्रसन्नता प्राप्त गर्ने चेष्टा गर्छन् । र उनीहरू अल्लाह एवं उनका रसूललाई मद्दत गर्छन् । यिनीहरू नै सच्चा व्यक्तिहरू हुन् । र (तिनीहरूका लागि) जसले यस घर (मदीना) मा र ईमान मा उनीहरूभन्दा पहिले आफ्नो ठाउँ बनाइसकेका थिए र आफूतर्फ पलायन (हिजरत) गरी आउनेहरूलाई माया गर्छन् र जेजति उनीहरूलाई प्रदान गरियो त्यसप्रति आफ्नो

हृदयमा संकोच महसूस गर्दैनन् । बरु स्वयंमाथि उनीहरूलाई प्राथमिकता दिन्छन् चाहे स्वयंलाई त्यसको आवश्यकता किन नहोस् । वास्तविकता के छ भने जुन व्यक्तिहरू आफ्नो हृदयको कृपणताबाट मुक्त गरिएका छन् उनीहरू नै सफल छन् । (सूरह हश्र : ८,९)

एकअर्को ठाउँमा भनिएको छ : मुहाजीर (आप्रवासी) तथा अन्सार (सहयोगी) हरूमध्ये पहिले अग्रसरता देखाउनेहरू र जसले त्यसपछि निष्ठासाथ उनीहरूको अनुसरण गरे अल्लाह ती सबैसित राजी भए र तिनीहरू (पनि) अल्लाहसित प्रसन्न भए । र, अल्लाहले उनीहरूका लागि यस्ता बगैंचाहरू तयार पारेका छन् जसको तलतिरबाट नदीहरू बगिरहेका हुनेछन् र उनीहरू त्यसमा सदासर्वदा रहनेछन् । यही ठूलो सफलता हो (सूरह तौबा : १००)

एक अर्को ठाउँमा भनिएको छ : अल्लाहले दया-दृष्टि गरे सन्देष्टामाथि र ती मुहाजिर तथा अन्सारहरूमाथि जसले त्यस सङ्कटको घडीमा नबीलाई सहयोग गरेका थिए । जबकि उनीहरूमध्ये एउटा समूहको हृदयमा केही कुटिलता आएको थियो । अनि अल्लाहले उनीहरूलाई पनि माफ गरे । निश्चय नै उनी उनीहरूप्रति करुणाशील एवं परम दयालु छन् । (सूरह तौबा : ११७)

सुलह हुदैबीया भन्दा पहिला खर्च गर्नेहरु सुलह हुदैबियापछि खर्च गर्नेहरुभन्दा उत्तम छन् । अल्लाहको भनाइ छ : तिमीहरू मक्काको विजयअघि खर्च र युद्ध गर्नेहरूसँग बराबर हुन सक्दैनौ । तिनीहरू त मक्काको विजय पछि खर्च तथा युद्ध गर्नेहरूभन्दा अति उच्च दर्जामा छन् तर भलाइको वाचा त सबैसित रहेको छ । र जेजति तिमीहरू गरिरहेका छौ ती सबैबाट अल्लाह अवगत छन् । (सूरह हदीद : १०)

बदरका यौद्धाहरु : ईश्दूतले उमर रजि.सँग हातिब बिन अबी बल्तआको बारेमा भन्नुभयो : उनी बदरको युद्धमा शरिक भएका थिए । शायद तिमीलाई त थाहा छैन । अल्लाहलाई बदरका यौद्धाहरु बारे पहिला नै थाहा थियो । अल्लाहले उनीहरुको बारेमा भनिदिए : तिमीहरुले जे चाहे गर म तिमीहरुलाई माफ गरिदिनेछु ।

बैअते रिजवान : अल्लाहको भनाइ छ, निश्चय नै अल्लाह आस्थावानहरूसित त्यस समय अति प्रसन्न भए जब उनीहरू वृक्षमुनि तिम्रो हातमा 'बैअ़त' (शपथग्रहण) गर्दै थिए । र, अल्लाह त्यसबाट अवगत थिए जो उनीहरूको मनमा थियो । र, उनले

उनीहरूमाथि शान्ति अवतरण गरे अनि उनीहरूलाई निकट भविष्यमा प्राप्त हुने विजय प्रदान गरे । (सूरह फतह : १८)

ईश्दूतले भन्नुभयो : यदि अल्लाहले चाहेभने रुखमुनि बसेर बैअत गर्ने सहाबीहरुमध्ये कोही पनि नर्कमा जाने छैने । (मुस्लिम)

चार खलिफाहरु : ईश्दूतपछि सबैभन्दा उत्तम मानव अबू बकर रजि. दोस्रो श्रेणीमा उमर बिन खत्ताब रजि. हुनुहुन्छ । अलि रजि.ले कुफाको मिम्बरमा चढेर भन्नुभयो : यस उम्मतमा सबैभन्दा उत्तम व्यक्ति ईश्दूतपछि अबू बकर रजि. र दोस्रो मा उमर रजि. हुनुहुन्छ ।

उनीहरुपछि उस्मान रजि.हुनुहुन्छ । अब्दुल्लाह बिन उमर रजि. भन्छन् : ईश्दूत जीवित हुँदा हामीमा सबैभन्दा उत्तम को होला भनी हामीहरुले छानेका थियौं । त्यसमा हामीले अबू बकर रजि., उमर रजि. र उस्मान रजि.लाई छान्यौं । त्यो कुरा ईश्दूतकहाँ पुग्यो । उहाँले त्यस कुरालाई नकार्नु भएन । सुफियान सौरी भन्छन् जसले अली रजि. लाई अबू बकर र उमरमाथि प्राथमिकता दियो उसले मुहाजिर तथा अन्सारमाथि आक्षेप लगायो ।

स्वर्गमा प्रवेशका लागि शुभसूचना दिइएका व्यक्तिहरु : उनीहरुमा चार खलिफा लगायत अब्दुर्रहमान बिन औफ, सअद बिन अबी बक्कास, सइद बिन जैद, जुबैर बिन औवाम, अबू उबैदह बिन जर्राह र तलहा बिन उबैदुल्लाह रजि. छन् । उनीहरुलाई ईश्दूतले नै स्वर्गको शुभसूचना दिनुभएको थियो । उनीहरु बाहेक बिलाल, साबित बिन कैस, अब्दुल्लाह बिन सलाम रजि.लाई पनि स्वर्गको शुभसूचना दिइएको छ ।

अहले बैत अर्थात ईश्दूतको परिवार : पाँच खानदानको लागि सदका (दान) खान हराम गरिएको छ । तीमध्ये अलीको परिवार, जाफरको परिवार, अकिलको परिवार, अब्बासको परिवार, बनु हारिस बिन अब्दुल मुत्तलीबको परिवार हुन् । ईश्दूतको भनाइ छः अल्लाहले इस्माइलको सन्तानमा किनानहलाई चुने, किनानमा कुरैशलाई र कुरशैमा बनु हाशिमलाई अनि बनु हाशिममा मलाई चुने । (मुस्लिम)

अहले बैतमा उहाँकी पवित्र श्रीमतीहरु सामिल छन् । अल्लाहको भनाइ छ :

अल्लाहले तिमीहरूका सम्पूर्ण अपवित्रता समाप्त पारी पूर्ण पवित्र तुल्याउन चाहन्छन् । (सूरह अहजाब : ३३)

अल्लाहले उनीहरुलाई ईश्दूतको निम्ति रोजिदिए । उनीहरुलाई ईश्दूतको लागि संसारमा पनि र आखिरतमा पनि श्रीमती घोषित गरिदिए। उनीहरुलाई सारा मोमिनहरुको आमा घोषित गरिदिए । मर्यादाको क्रममा उनीहरुमा प्रथम खदिजा हुनुहुन्छ । त्यसपछि क्रमशः आइशा, सौदा, हफ्सा बिन्त उमर, उम्मे सलमा, उम्मे हबिबा, सफिया, जैनब बिन्त जहश, जोवैरीया, मैमुना, जैनब बिन्त खुजैमा रजि. मर्यादित हुनु हुन्छ ।

सहाबाको मर्यादाको आधारमा उनीहरुप्रति आदर तथा स्नेहको भावना राख्नु, उनीहरुको लागि दुआ गर्नु साथै उनीहरुको प्रशंसा गर्नु जरुरी छ। अल्लाहको भनाइ छः आस्थावान पुरुष तथा महिलाहरू एक अर्काका संरक्षक-मित्र हुन्। (सूरह तौबा : ७१)

एक अर्को ठाउँमा भनिएको छ : र, ती व्यक्तिहरूका लागि पनि ('फै' को धनमा अंश छ) जो उनीहरूभन्दा पछि आए जसले प्रार्थना गर्छन्-"हे हाम्रा पालनकर्ता ! हामी र हाम्रा ती दाजुभाईलाई माफ गरिदेऊ; जो ईमानमा हामीभन्दा बढी अग्रसर रहे । (सूरह हशर : १०)

हदीसमा भनिएको छ : अन्सारहरुसँग स्नेहको भावना राख्नु ईमान हो भने उनीहरुसँग रिसको भावना राख्नु मुनाफिकको प्रतीक हो । (बुखारी)

सहाबाप्रति नम्र हुनु साथै उनीहरुप्रति सदभाव राख्नु : सहाबाको बारेमा अपमानजनक कुरा गर्नु पनि हुँदैन र उनीहरुको बारेमा नराम्रो सोच राख्नु पनि हुँदैन। साथै उनीहरुलाई गाली गर्ने वा उनीहरुको निन्दा गर्ने जस्ता कुराहरु पनि गर्नु हुँदैन। अल्लाहको भनाइ छः ईमानवालाहरूप्रति हाम्रा हृदयमा कुनै किसिमको द्वेष उत्पन्न नगर। हे हाम्रा पालनकर्ता! निस्सन्देह तिमी अत्यन्त कोमल हृदयी एवं परम दयालु छौ।" (सूरह हशर :१०)

ईशदूतले भन्नुभयो :मेरा साथीहरुलाई अपशब्द नभन। त्यो जातको कसम जसको हातमा मेरो ज्यान छ कसैले उहुद पहाड बराबर अल्लाहको मार्गमा खर्च गरे पनि उनीहरुले खर्च गरेको एक माना गहुँ बराबर हुन सक्दैन। न आधा माना नै हुन सक्छ। (बुखारी )

# औलिया

मोमिनहरु सबै औलिया हुन् । अल्लाहको भनाइ छ : अल्लाह मोमिनहरुको वली अर्थात मित्र हुन् । (सूरह बकराह : २५७)

अल्लाहले मानवलाई ईशभयको आधारमा सम्मान गरेका छन् । अल्लाहको भनाइ छ : तिमीहरुमा उत्तम त्यो हो जो अल्लाहसँग बढी डराउँछ । (सूरह हुजुरात :१३)

जसले अल्लाहको भय राख्छ ऊ अल्लाहको औलियामध्ये हुन्छ ।

वली : ईशभय राख्ने हरेक व्यक्ति वली हो । अल्लाहको भनाइ छ : जानिराख ! अल्लाहका मित्रहरू न डराउँछन् न शोकग्रस्त नै हुन्छन् जसले ईमान ल्याए र ईशपरायणताको नीति अपनाइराखे । (सूरह यूनुस : ६२,६३)

वलीहरुको स्तर उनीहरुको ईमान तथा ईशभयको आधारमा फरक हुन्छ । अल्लाहको भनाइ छ : तिमीहरुमा उत्तम त्यो हो जो अल्लाहसँग बढी डराउँछ । निस्संदेह अल्लाह सर्वज्ञ एवं खबर राख्नेवाला छन् । (सूरह हुजुरात : १३)

चमत्कार : मानवको सामान्य शक्तिभन्दा उच्च काम जुन अल्लाहले आफ्नो औलियामध्ये कसैबाट सम्पन्न गरिदिन्छन् । यस्तो चमत्कारहरु दुई किसिमका हुन्छन् ।

१, ज्ञान, अविष्कार, तत्वदर्शिता, र ईश्वरबाट प्रदान गरिने विचार ।

२, शक्ति तथा प्रभाव

प्राचीन कालका समुदायमा औलियाहरुले चमत्कारहरु प्राप्त गरेका थिए । यस समुदायमा ईशदूतका साथीहरु र उनीहरुपछि आएका पीँढीका केही अग्रजहरुले पनि चमत्कार प्राप्त गरेका थिए । महाप्रलयसम्म पनि यस्ता चमत्कारीहरु हुने छन् ।

# इस्लामी नीतिनियमको मूल आधार

मूल आधार : इस्लामी नीति नियमको मूल आधार जसबाटा इस्लामी आस्था, इस्लामी शरीअत अर्थात नियम र मामिलाहरु लिइएको छ ती तीन वटा छन् । ईशग्रन्थ कुरआन, ईशदूतको उपदेश अर्थात हदीस र कुनै मामिलामा इस्लामीक विदहरुको इज्मा अर्थात सहमती । यसमा कसैले पनि फरक मत राख्न पाउँदैन ।

कुरआन र ईशदूतको उपदेश अर्थात हदीसलाई बुझ्ने र व्याख्या गर्ने तरिका: जसरी ईशदूतका साथी मुहाजिर तथा अन्सारले उनीहरु पछिका इस्लामी विदहरुले जसरी कुरआन र ईशदूतको उपदेश हदीसलाई बुझे र त्यसको व्याख्या गरे त्यसरी नै बुझ्नु र त्यसको व्याख्या गर्नु पर्छ । जसरी पथभ्रष्ट मुस्लिम विदहरुले वा सूफीहरुले कुरआन र हदीसलाई बुझे र त्यसको व्याख्या गरे त्यसबाट बच्नु पनि जरुरी छ ।

स्वच्छ बौद्धिकता : यस्तो बुद्धि तथा विवेक जो शंका तथा मनगढन्ते कुराहरुबाट स्वच्छ रहन्छ साथै गलत तर्कको आधारमा कुरआन र सुन्नतको विरोध गर्दैन । कुरआन र सुन्नत मानव विवेकभन्दा प्रथम स्तरमा रहन्छ ।

बिदअत : धर्ममा कुनै नयाँ कुरा रच्नु वा त्यसलाई प्रचलनमा ल्याउनु बिदअत हो । ईश्दूतले भन्नुभयो : जसले हाम्रो धर्ममा कुनै नयाँ कुरा रच्छ त्यो रद्द हुनेछ । जसले हाम्रो यस्तो अमल गर्ने छ जुन हाम्रो धर्ममा छैन त्यो पनि रद्द हुनेछ । (बुखारी)

# अकीदालाई पूर्णता दिने केही कुराहरु

भलाइको आदेश दिनु र गलतबाट रोक्नु : अल्लाहको भनाइ छ : तिमीहरूमध्येबाट एउटा यस्तो समूह अवश्य हुनुपर्छ जसले भलाईतर्फ बोलाओस्, सुकर्मको आदेश देओस् र दुष्कर्मबाट रोकोस् । र, यस्तै मानिसहरू सफल हुनेछन् । (सूरह आले इमरान :१०४)

ईश्दूतको भनाइ छ : तिमीहरुमध्ये जसले गलत देख्छ, उसले त्यसलाई आफ्नो हातले रोकोस्, त्यसो गर्न सकेन भने आफ्नो बोलीले रोकोस्, त्यसो पनि गर्न नसके आफ्नो मनमा त्यसलाई नराम्रो ठानोस् । यो सबैभन्दा निम्न स्तरको ईमान हो ।

एकताबद्ध हुने चाहना गर्नु र विवाद तथा विमतको विरोध गर्नु : अल्लाहको भनाइ छ : र, सबै मिली अल्लाहको डोरीलाई बलियोसँग समात अनि विभाजित नहोऊ । र, अल्लाहले तिमीहरूमाथि गरेको अनुकम्पालाई स्मरण गर जब तिमीहरू परस्पर शत्रु थियौ । अनि उनले तिमीहरूको मन मिलाए तसर्थ तिमीहरू उनको कृपाले भाइ-भाइ भयौ । र, तिमीहरू अग्निकुण्डको तटमा थियौ; अनि उनले तिमीहरूलाई त्यसबाट बचाए । अल्लाह यसरी तिम्रालागि आफ्ना निशानीहरू स्पष्टरूपमा वर्णन गर्छन् ताकि तिमीहरूलाई सत्मार्ग प्राप्त होस् । तिमीहरूमध्येबाट एउटा यस्तो समूह अवश्य हुनुपर्छ जसले भलाईतर्फ बोलाओस्, सुकर्मको आदेश देओस् र दुष्कर्मबाट रोकोस् । र, यस्तै मानिसहरू सफल हुनेछन् । र, तिमीहरू ती व्यक्तिहरूझैं नहोऊ जो स्पष्ट निर्देशनहरूको आगमन- पश्चात् विभाजित भए र मतभेदमा अल्झिरहे । यस्ता व्यक्तिहरूका लागि कठोर यातना छ । (सूरह आले इमरान : १०३–१०५)

एक अर्को ठाउँमा भनिएको छ । अल्लाहको धर्मलाई कायम राख त्यसमा विवाद नगर (सूरह शुरा :१३)

ईशदूतले भन्नुभयो : मोमिनहरु एक आपसमा एउटा भवन जस्तै हुन् जसको एउटा ईटाले अर्को ईटालाई बलियो पारेको हुन्छ । (बुखारी)

एक अर्को हदीसमा भनिएको छ : मोमिनहरु आपसी माया, स्नेह दया तथा सदभावमा एउटा शरीर जस्तै हुन् । यदि शरीरको कुनै अंगमा कुनै दुख भयो भने सारा शरीरले जागेर तथा तातेर त्यसको साथ दिन्छ । (मुस्लिम)

असल आचरण र सत्कर्म : यसमा धैर्यता, दया, बहादुरी, तत्वदर्शी, क्षमा गर्नु, झुकेको हुनु, जिद्दीपन छाड्नु, मातापितासँग सदव्यवहार गर्नु, नातेदारसँग राम्रो व्यवहार गर्नु, छरछिमेकीको भलो गर्नु , अनाथ तथा टुहुरामाथि दया गर्नु साथै भिखारी तथा गरिबको ख्याल राख्नु आदि कुराहरु पर्दछन् ।

ईश्दूतको भनाई छ : महाप्रलयको दिन तराजुमा कुनै पनि सत्कर्म राम्रो आचरणभन्दा बढी वजनी हुने छैन । (अबू दाउद) ईश्दूतको भनाइ छ : जसले संसारको दुखमा मोमिन व्यक्तिको उद्धार गर्छ आखिरतमा अल्लाहले उसको दु:ख हटाउने छन्, जसले कष्टमा परेको मान्छेको साथ दिन्छ, अल्लाहले संसार र आखिरतमा उसको कष्ट हटाउने छन्। जसले कसैको दोष लुकाउँछ लोक र प्रलोकमा अल्लाहले उसका पापहरु लुकाइदिने छन् । अल्लाह त्यो व्यक्तिको सहयोगमा हुन्छन् जो अरु मानिसको सहयोगमा हुन्छ । जो ज्ञानको खोजीमा हिँडछ अल्लाहले उसको लागि स्वर्गको बाटो सरल गरिदिन्छन्, जो मान्छेहरु अल्लाहको घर मस्जिदमा बसेर कुरआन पाठ गर्छन् अनि त्यसलाई बुझ्न आपसमा छलफल गर्छन् उनीहरुमाथि शान्ति आउँछ साथै दयाले ढाक्छ । फरिश्ताहरुले उनीहरुलाई घेर्छन् । अल्लाहले आफ्नो ठाउँमा रहेकाहरुसँग उनीहरुको चर्चा गर्छन् । जसको पुण्य छैन उसको वंशले कुनै लाभ दिने छैन ।

# धर्म र मार्ग

अल्लाहको धर्म एउटै छ र त्यो इस्लाम हो । अल्लाहको भनाइ छ : अल्लाहको धर्म इस्लाम हो । (सूरह इमरान : १९)

पहिलादेखि अन्तिम सम्मका सबै मानवका लागि अल्लाहको तर्फबाट प्रदान गरिएको धर्म इस्लाम हो । अल्लाहको भनाइ छ : हामीले तौरात अवतरित गरेका थियौं जसमा मार्गदर्शन एवं ज्योति थियो । सम्पूर्ण सन्देष्टाहरू जो आज्ञाकारी थिए । (सूरह मायदा : ४४)

सामान्य रुपमा इस्लामको अर्थ भनेको अल्लाहलाई एक मानेर उनको अगाडि आत्मर्पण गर्नु, उनको आज्ञापालना गर्नु र कसैलाई अल्लाहको शरीक (साझी) नबनाउनु हो । विशिष्ट रुपमा इस्लाम भनेको त्यो धर्म हो जसलाई अल्लाहले आफ्नो ईश्दूत मोहम्मद स.द्वारा पठाए । यसमा सही आस्था, सही नीति नियम, सत्कर्म, असल आचरण शामिल छन् । यस अघिका सबै धर्मलाई अल्लाहले यस धर्मबाट क्यान्सिल गरिदिए । तसर्थ अब यो धर्म बाहेक अन्य धर्म उनको निम्ति स्वीकार्य छैन । अल्लाहको भनाइ छ : र, जसले इस्लामबाहेक अन्य कुनै धर्म ग्रहण गर्न खोज्छ उसको धर्म कदापि स्वीकार्य हुने छैन र ऊ आख़िरत (परलोक) मा घाटा बेहोर्नेहरूमध्ये हुनेछ । (सूरह आले इमरान : ८५)

अल्लाहले पहिलाका असल मानवलाई पनि मुस्लिमको नामले नामाकरण गरेका छन् । अल्लाहको भनाइ छ : तिम्रा पूर्वज इब्राहीमको धर्मलाई मन पराएका छन् । उनले यसभन्दा अघि तिमीहरूको नाम मुस्लिम (आज्ञाकारी) राखेका थिए । (सूरह हज :७८)

तर मानवले एकआपसमा विवाद गरे । ईशदूतको भनाइ छ : पहिला इसाईहरुमा ७२ गिरोह बने साथै यस समुदयामा ७३ गिरोह बन्ने छन् वा ७२ गिरोह बन्ने छन् । उनीहरुमध्ये एउटा गिरोह स्वर्गमा जाने छ । त्यो गिरोह भनेको अल जमाअत हो । (अबू दाऊद)

यो गिरोह नै सफल हुने छ । यो गिरोह भनेको अहले सुन्नह वल जमाअत हो । अहले सुन्नह वल जमाअत भनेको त्यो गिरोह हो जसले कुरआन र हदीसलाई अपनाउँछ

र बिदअतमा लाग्दैन । ईश्दूतले भन्नुभयो : मेरो समुदायमा एउटा यस्तो गिरोह रहने छ जो अल्लाहको नीतिनियममा चल्नेछ । उनीहरुलाई हेप्नेहरु र उनीहरुलाई नोक्सान पुऱ्याउनेहरुले उनीहरुको केही विगार्न सक्ने छैनन् । यहाँसम्म कि महाप्रलय आउने छ र उनीहरु त्यसै अवस्थामा रहने छन् । (बुखारी)

अल्लाह तआलाले हामी सबैलाई सही अकीदाको समझ देऊन् र सही अकीदा अनुसार कर्म गर्ने क्षमता देऊन् । आमीन..........

الجمعية العلمية السعودية للدراسات الإسلامية
Saudi Association for Islamic Studies

**Vision**

Achieve international leadership in consolidating and disseminating Islamic studies.

**Mission**

Contribute to serving the religion of Islam through qualified cadres, through a moderate and contemporary approach.

+966 11 8236708 ca-sais@pnu.edu.sa sais_pnu

مركز أصول
Osoul Center
www.osoulcenter.com

حاصل على جائزة التميز في العمل الخيري
9001 حاصل على شهادة الاعتماد من الأيزو

عرض تعريفي عن مركز أصول
ومجالاته ووحداته.. مشاهدة ممتعة لك

osoulcenter
+966504442532
www.osoulcenter.com